# पोखरा दर्पण त्रैमासिक बुलेटिन

वर्ष १५, । अंक २८ । २०७८ असार

- संरक्षक
  **मानबहादुर जिसी,** प्रमुख
  **मञ्जुदेवी गुरुङ,** उपप्रमुख
  **महेश बराल,** प्रमुख प्रशासकीय अधिकृत

- सम्पादक मण्डल
  संयोजक
  **माधवप्रसाद बराल**

- सदस्य
  **लक्ष्मण तिमिल्सिना**
  **नवराज सापकोटा**
  **एकराज गिरी**
  **सोमनाथ लम्साल**
  **मन क्षेत्री**
- फोटोग्राफी
  **भेषराज सुवेदी 'जीवन'**

- प्रकाशक
  **पोखरा महानगरपालिका**
  **नगरकार्यपालिकाको कार्यालय**
  न्यूरोड, पोखरा



**सम्पर्क नं.**
**+९७७ ६१ ५२५३४०, ५२११०४, ५२११०५**
**फ्याक्स नं. +९७७ ६१ ५२०६००**
Email: info@pokharamun.gov.np
website : www.pkharamun.gov.np
www.facebook.com/pokharamun


## सम्पादकीय

# जनप्रतिनिधिका ४ वर्ष

२०७४ सालको वैशाख ३१ गते भएको स्थानीय तह चुनावबाट निर्वाचित जनप्रतिनिधिहरुले पोखरा महानगरपालिकामा जेठ १४ गते पदवहाली गर्नुभएको थियो । त्यस हिसाबले पोखरा महानगरपालिकामा जनप्रतिनिधि निर्वाचित भएको जेठ १४ गते ४८ महिना पूरा भएको छ । २०५९ सालदेखि २०७४ सम्म देशभरका स्थानीय निकाय (अहिले तह) जनप्रतिनिधिविहीन भएको हुँदा जनअपेक्षा धेरै थिए । त्यसमाथि पहिला निकायहरु थिए र नयाँ संविधानको व्यवस्था अनुसार तह बनाइयो । पहिला नाम मात्रै स्थानीय सरकार जस्तो थियो, पछिल्लो संविधानले अधिकार पनि दियो । कर्तव्य र दायित्व पनि सुम्पियो । जनताका थुप्रै काम स्थानीय तहबाट गर्न सम्भव बनाइयो । गाउँगाउँमा सिंहदरबारको अनुभूति हुने गरी स्थानीय तहमा अधिकार आयो । दलहरुले गाउँगाउँमा सिंहदरबारको नारा दिएपछि जनताका अपेक्षा पनि ह्वात्तै बढे ।

यी ४८ महिनामा जनप्रतिनिधिबाट के के काम भए भन्ने पहिलो मूल्यांकन आदरणीय नगरबासीले गर्नुभएको छ । जति सत्प्रयास भएका छन्, ती सबै सामु छर्लंग नै छन् । बाटोघाटो, पानी पँधेराजस्ता आधारभूत आवश्यकता पूरा गर्ने मामलामा यो अवधिमा निकै फड्को नै मारिएको छ । स्वास्थ्यमा पनि नगरबासीले अनुभूति गर्ने तहकै सुधार भएको छ । अधिकांश जसो वडामा सहरी स्वास्थ्य केन्द्र स्थापना गरेर हामीले नगरबासीलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराएका छौं । अझै धेरै स्थानीय सरकारको अनुभूति नगरबासीले कोभिड १९ को महामारीका बेला गर्नुभएको हाम्रो विश्वास छ ।

सहरको मुख्य सडकहरुमा अस्फाल्ट पिच गरिएको छ । अब पोखराका मुख्य सडकमा खाल्डाखुल्डी पर्ने छैनन् । अस्फाल्ट पिच सडकले सवारी साधन आवतजावतमा निकै सजिलो बनाएको मात्रै छैन, पोखरालाई स्मार्ट सिटी बनाउने दिशामा अघि बढाएको सन्देश दिएको छ । न्यायिक समितिबाट न्याय सम्पादन गरी नगरबासीका भै झमेला अन्त्य गरिएको छ । र देशभरका स्थानीय तहमध्ये उत्कृष्ट न्यायिक समिति भएको तह पोखरा भएको छ । महिला उद्यमशीलताका उत्तिकै उदाहरणीय कार्य भएका छन् । पोखरालाई स्मार्ट सिटी बनाउन अझै धेरै गर्नुछ । यसमा महानगरपालिका जनउत्तरदायी भएर लागेकै छ ।

# सार्वजनिक हितमा जारी सूचना

- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुर्षणको न्यूनीकरणमा सबै सचेत बनौं ।
- आफ्नो घर भान्छाको फोहोर सड्ने र नसड्ने (प्रांगारिक, अप्रांगारिक) गरि विभाजन गरौं । सड्ने फोहोरलाई मल बनाऔं । नसड्ने फोहोरलाई वर्गीकरण गरी महानगरपालिकाको फोहोर बोक्ने गाडीमा पठाऔं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्री वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरी निर्माण लगायत कुनैपनि सामग्री नराखौं ।
- छतको पानीलाई सार्वजनिक बाटोमा नखसालौं । स्वयं घर धनीले उचित व्यवस्थापन गरौं ।
- १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- पोलिथिन झोला ( ४० माइक्रोनभन्दा कम ) र गिलास प्रयोग नगरौं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहोरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भू–नोटमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं ।

## पोखरा महानगरपालिका कार्यालय


पोखरा, फोन– ०६१–५२११०५




**नेपालको संविधान २०७२ अनुसार संघीय शासन लागू भएपछि स्थानीय, प्रदेश र संघ सरकार निर्माण भएका छन् । स्थानीय तहको निर्वाचन भएर पोखरा महानगरपालिकामा जनप्रतिनिधिले जिम्मेवारी सम्हालेको ४ वर्ष बितेको छ । करिब २० वर्षपछि निर्वाचन भएर जनप्रतिनिधिले जिम्मेवारी सम्हालेपछि जनतामा उत्साह जगायो । सुशासन, विकास र पूर्वाधारलाई प्राथमिकता दिएर पोखरा महानगरपालिकाले काम गरिरहेको छ । पोखराको भौगोलिक विशेषतालाई ध्यानमा राखेर महानगरले विकास निर्माणका कार्यलाई अगाडि बढाएको छ । पोखरालाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने गरी त्यस अनुरुप पूर्वाधार निर्माणमा जोड दिएको छ । विगत ४ वर्षमा महानगरपालिकाले गरेको महत्वपूर्ण कामलाई बुँदागत रुपमा यहाँ प्रस्तुत गरिएको छ ।**

१) चार वर्षको अवधिमा वडा तथा महानगरपालिका स्तरका २६८ सडक ढलान योजना, ८२१ सडक कालोपत्रे एवं मर्मतका योजना, २९१ सडक ग्राभेल तथा स्तर उन्नतिका योजना र ४१ वटा नयाँ ट्र्याकका योजना सम्पन्न भएका छन् । जस अनुसार अहिलेसम्म २३१ किमी सडक ग्राभेल, १३७ किमी सडक कालोपत्रे, ८३ किमी साना तथा मझौला सडक ढलान, ३७ किमी सडक मर्मत एवं स्तर उन्नति कार्य सम्पन्न भएको छ । मुख्य सहरी सडकहरुको स्तरोन्नति गर्ने क्रममा पोखरा महानगरपालिका, सडक विभाग र प्रदेश सरकारको सहकार्यमा रु.४० करोड लागतमा २२ किमी सडक अस्फाल्ट कंक्रिट गर्ने काम धमाधम भइरहेको छ । विजयपुर बेगनास सडक खण्डमा १४ किमी सडक अस्फाल्ट हुने गरी निर्माण भइरहेको छ । मेयर नमुना सडक निर्माण अन्तर्गत पोखरा वडा नं. १७ को बिरौटादेखि तीनकुनेसम्म (आरटिओ) सडक, वडा नम्बर १० को राममार्ग सडक निर्माण भएको छ ।


विजयपुर-बेगनास सडक अन्तर्गत पोखरा-२८, नरसपुर भीर सडक खण्ड



मुस्ताङचोक राष्ट्रबैंक चोक

२) योजना तर्जुमा गर्दा बजेटले कार्यक्रम माग्ने भन्दा कार्यक्रमले बजेटको माग गर्ने परिपाटी बसाउन प्रस्तावित योजनाको लागत स्टिमेट गरी सो आधारमा योजना तथा बजेट प्रस्ताव गर्ने पद्धतिको थालनी गरियो । यसलाई सहयोग पुग्ने गरी तीन वर्षीय महानगर विकास कार्य योजना तयार गरिएको छ । हरेक वडाहरुमा इन्जिनियर एवं जुनियर इन्जिनियरहरु व्यवस्थापन गरी योजना, घरनक्सा, राजश्व तथा वडा स्तरीय योजनाको भुक्तानी वडाबाट हुने गरी लेखा सञ्चालन गरिएको छ । साविकमा कायम भएको मापदण्डलाई विज्ञ सम्मिलित समितिहरु बनाएर समितिको सिफारिस बमोजिम समयानुकुल मापदण्ड कायम गरिएको छ ।

३) नदी तथा खोलाक्षेत्रको जमीन कटान, पहिरो नियन्त्रण लगायतको २७ योजना संचालन (सुइखेत खोला नदी कटान, सेती खोला, काली खोला लगायत नदी नियन्त्रण) का योजना सम्पन्न भएका छन ।

४) वडा नं. २, ७, ११, १२, १९, २२, २८, २९, ३०, ३२ मा नयाँ भवन निर्माण कार्य सम्पन्न भएको छ भने केही निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ । वडा नं. ३, ४, ५ ,९, १०, १३, १५, १६, २४ र ३३ को भवन मर्मत गरिएको छ भने वडा नं. ८, २०, १८, २७, १४ र ३१ मा नयाँ कार्यालय बन्ने गरी प्रक्रिया अगाडि बढाइएको छ । यी भवन निर्माण सकिएपछि नागरिकहरुले वडा स्तरबाटै सहज रुपमा सेवा पाउने छन् भन्ने विश्वास छ ।



फुटट्र्याक

५) ६५ वटा आमा समूहका भवन निर्माण एंव मर्मत सहयोग, २४ स्थानमा दाह संस्कार स्थल तथा घाट निर्माण गरिएको छ भने १०४ वटा सामुदायिक भवन निर्माण तथा मर्मतका लागि सहयोग गरिएको छ । संघ सरकारको सहयोगमा पोखरा १० मा विद्युतीय शवदाह गृह निर्माणको काम अगाडि बढेको छ ।

६) विगत लामो समयदेखि समस्याको रुपमा रहेको पालिखेचोक क्षेत्रलाई फराकिलो पारी सौन्दर्यकरण गरिएको छ । पृथ्वीचोक, अमरसिंहचोक, जिरो किमी, बिरौटाचोक, हरिचोक र मुस्ताङचोकका आइल्यान्डलाई घटाई ट्राफिक व्यवस्थापनलाई चुस्त र सुन्दर बनाइएको छ ।

७) सराङकोटमा जग्गा व्यवस्थापन गरी राष्ट्रिय विभूति तथा सहिद पार्क निर्माण गरिएको छ । १७ ठाउँमा खुला क्षेत्र संरक्षण तथा पार्क निर्माणको अवधारणासँगै खुला व्यायामशाला पार्क, ड्यामसाइडमा माछापुच्छ्रे प्रतिबिम्ब पार्क, वडा नं. ३० मा विकल्प पार्क, जनता पार्क, वडा नं. २९ मा लेखनाथ भ्यु पार्क, भण्डारढिक व्यायामशाला पार्क, वडा नं. ५ मा चिल्ड्रेन बाटिका, लगायत ९१ ठाउँमा सानाठूला पार्क तथा खेल मैदान निर्माण कार्य सम्पन्न भएको छ । एक वडा एक खेल मैदान अन्तर्गत २९ स्थानमा ब्याडमिन्टन र भलिबल कोर्ट निर्माण गर्नुका साथै पोखरा २० मौजामा हाइअल्टिच्युड खेल मैदान, वडा नं. १३ मा सेभेन ए साइड फुटबल मैदान निर्माणको काम अगाडि बढेको छ ।

८) फेवातालको दीर्घकालीन संरक्षणका लागि जलाधार क्षेत्रबाट बगेर आउने मुख्य ५ वटा खोलामा प्रदेश सरकारसँगको सहकार्यमा सिल्टेसन ड्याम निर्माण गरिएको (२८ करोड लागतमा) छ । गाइघाट, बंगालामुखी र खपौंदीमा खहरे खोलाले बगाएर ल्याएको माटोजन्य पदार्थ निकालेर तालको आकार बढाइएको छ ।

९) फेवातालसँगै वेगनासताल, रुपाताल, खास्टेताल, न्युरेनी, मैदी, दीपाङ, गुँदे तालको सिमांकन गर्नुका साथै तालहरुको विशेषता अनुसार सौन्दर्यकरण र दीर्घकालीन संरक्षणको योजना तयार पारिएको छ । साथै फेवाताल संरक्षणको योजनासहित अध्ययन प्रतिवेदन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाइएको छ । सोही आधारमा फेवाताल संरक्षणको थप काम अघि बढेको छ । लामो समयदेखि बिना सीमांकन रोक्का राखिएका जग्गाहरु फुकुवा गर्न पहल सुरु भएको छ ।

१०) भौतिक पूर्वाधारमा थप गुणस्तरीयता कायम गर्न सडक विज्ञको रुपमा छुट्टै इन्जिनियर व्यवस्था गर्नुका साथै निर्माण सामग्रीको गुणस्तर कायम गर्नका लागि नयाँ बजारमा निर्माण सामग्री गुणस्तर मापन प्रयोगशाला स्थापना र सञ्चालन गरिएको छ ।

११) योजना तथा नीति निर्माणका कामहरुलाई पारदर्शी ढंगबाट सञ्चालन गर्नका लागि सहरी योजना आयोग गठन गरिएको छ । पोखरालाई खेलकुदको सहर बनाउने अभिप्रायका साथ महानगर खेलकुद विकास समिति गठन, पोखरा क्षेत्रको प्राज्ञिक उन्नयनका लागि पोखरा प्रज्ञा प्रतिष्ठान स्थापना र युवाहरुलाई स्व-उद्यमशिल बनाउनका लागि महानगर युवा परिषद् गठन गरी काम अघि बढेको छ ।

१२) साँघुरो भवनबाट काम चलाउनुपर्ने, ठाउँठाउँमा कार्यालय चहार्दा नागरिकलाई परेको सास्ती निराकरण गर्न तथा एकीकृत सेवा दिनका लागि महानगरपालिकाका महाशाखाहरु एकै ठाउँमा राख्ने गरी पोखरा ८ को पुरानो दमकलको जग्गामा नयाँ भवन निर्माणको प्रक्रिया सुरु भएको छ । यसका लागि २२ करोड लागतमा बोलपत्र समेत आह्वान भइसकेको छ । साथै पोखरा १२ माटेपानीमा महानगरको प्रशासकीय भवन निर्माण गर्न जग्गा प्राप्ती प्रक्रिया सकिएर निर्माणका लागि डिपिआर अघि बढेको छ ।

१३) 'हामी बनाउँछौं, हाम्रो महानगर' कार्यक्रम सञ्चालन



**वडा नम्बर ३० कार्यालय**



**वडा नम्बर २२ कार्यालय**

गरी भित्री तथा साना सडक र खानेपानी आयोजना निर्माणको काम अगाडि बढाइएको छ । स्थानीय उपभोक्तासँगको ५० प्रतिशत साझेदारीमा सञ्चालित कार्यक्रमबाट स्थानीय स्तरमा रोजगारी सिर्जना हुनुका साथै धुले सडक विस्थापनमा सहयोग पुगेको छ ।

१४) महानगरपालिकाको कार्यालयबाट सबै वडाहरुको केन्द्रसम्म जोड्ने २७ वटा पहुँच मार्ग (कनेक्टिङ) निर्माण धमाधम भैरहेको छ । प्राथमिकताका आधारमा पहिलो चरणको काम पूरा भैसकेको छ भने दोश्रो चरणको कार्य चलिरहेको छ । यसले विकटमा रहेका वडाहरु निकट आउने विश्वास छ । खासगरी सडक चक्ल्याउने, नाली र कल्भर्ट निर्माण, ग्राभेलिङ तथा कालोपत्रे गर्ने काम यो आयोजनाबाट भइरहेको छ ।

**विवरण**

| क्र.सं. | सडकको नाम |
|---|---|
| १ | शिवालय बतासे मनिपाल सडक |
| २ | पामेदेखि २४ नं. वडा कार्यालय जोड्ने सडक |
| ३ | छोरेपाटनदेखि वडा नं. २१ जोड्ने सडक |
| ४ | खराने राखीडाँडा सडक वडा २६ |
| ५ | झाझरमारे देउमाणी ओख्ले सडक २८ |
| ६ | स्यांङखुदी कँडेल गाउँसडक २८ |
| ७ | लेखनाथ शिरोमणि मार्ग |
| ८ | रतिखहरेघाट निर्मलपोखरी मार्ग |
| ९ | घार्मीखोला जुम्लेटी ढिकीडाँडा तितेपानी मार्ग वडा १९ |
| १० | आपकुना चिलिमेडाँडा गुन्टेचौर सेरा मार्ग वडा २४ |
| ११ | कुलायन मौजा सडक वडा २० |
| १२ | खपौदी देखि १८ नं. वडा सम्मको मार्ग |
| १३ | अमलाबेसी तल्लाथर घार्मी सडक वडा १९ |
| १४ | ठूलाखेत चैनपुर हर्पन पञ्चासे सडक २३ |
| १५ | विजयपुर सुर्केमैदान सडक २८ |
| १६ | देउराली कमेरेगुण्डा, १८ वडा मार्ग |
| १७ | मनिपाल मौजा बिसौना सडक २० |
| १८ | ३३ नं. वडादेखि ठूल्ढुंगा सडक |
| १९ | कात्रे बाम्दी घाटछिना सडक |
| २० | चितेपानी रैकर माछापुच्छ्रे सडक |
| २१ | खत्री पहिरो खोलाबेसी बेत्यानी सौर्य सडक |
| २२ | महेन्द्रगुफा अर्मलाकोट मौजा सडक |
| २३ | तिलाहार काउलेपानी तारेभिर सडक |
| २४ | शिवालय थाप्ले तिलाहार बासपानी चिलाउनेखर्क सडक |
| २५ | आरुपाटा कालिका सडक २८ |
| २६ | काहुँखोला पहिरोपानी चिसापानी मौजा डाँडागाउँ सडक १३ |
| २७ | बागलुङ बसपार्क कास्कीकोट सडक |



**पृथ्वी राजगमार्गदेखि विजयपुर व्यारेकको सीमासम्म फराकिलो बनाइएको सडक यो सडक पनि अस्फाल्ट पिच हुँदै छ।**

१५) ४३ वर्षदेखि बाटो चक्लाबन्दी गर्न नसकिएको पृथ्वी राजमार्गदेखि विजयपुर ब्यारेक सिमाना सम्मको सडकलाई फराकिलो बनाई १० मिटर कायम गरिएको छ । मोहरिया, लामस्वाँरा, स्याङखुदी आनन्दज्योति लप्सीडाँडा सडक निर्माणको पहिलो चरणको काम सम्पन्न भएको छ । पोखरा महानगरले रणनीतिक सडकका रुपमा अगाडि बढाएका सडकहरुमा वहुवर्षीय ठेक्का प्रक्रिया सकेर निर्माण चलिरहेको छ । चालु आर्थिक वर्षमा विजयपुर कालिका हुँदै बेगनास सडकलाई ३२ करोड लागतमा अस्फाल्ट गर्ने कार्य अगाडि बढाइएको छ भने बैदाम, पामे, घाँटछिनाहुँदै दमदमे, सिदाने र मणिपाल, मौजा सडक वहुवर्षीय ठेक्का सम्झौता गरेर काम थालिएको छ ।

१६) सिर्जनाचोकमा निर्माणहुँदै गरेको आकाशेपुल निर्माणको अन्तिम चरणमा पुगेको छ। यहि महिनाभित्र सकिएर पुल प्रयोगमा आउने छ । यसले बढ्दै गरेको सडक दुर्घटनाबाट जोगाउन सहयोग पुग्नेछ ।

१७) ठेक्कामा लागेका १५ वटा मोटरेबल पुलहरु मध्ये घोरकुना मोटरेबल, भोटिखोला मोटरेबल पुल, स्यानी खोला पुल, बगादी खोला र स्याङखुदी खोलाको पुल सम्पन्न भएका छन भने बाँकी पुलहरुको भूमिगत संरचना तयार भएको छ । थप ४ वटा ठूला पुलको निर्माण कार्य अगाडि बढाउनका लागि डिपिआर तयार गरिएको छ ।

१८) जनप्रतिनिधि निर्वाचित भएदेखि हालसम्म कुल ३२ वटा साना खोल्साहरुमा कल्भर्ट निर्माण सम्पन्न भएका छन्

भने यस आवमा ७ वटा कल्भर्ट सम्पन्न हुने चरणमा रहेका छन् । यी आयोजनाहरु वडा स्तर र महानगर स्तरीय बजेटबाट कार्यान्वयनमा आएका हुन् ।

१९) उज्यालो पोखरा अभियान अन्तर्गत नेपाल विद्युत प्राधिकरणको सहकार्यमा १३ करोड लागतमा ८० किलोमिटर सडक बत्ती व्यवस्थापन कार्य अगाडि बढेको छ । पोखरा महानगरपापलिकाले विद्युत शुल्क तिर्ने र व्यवस्थापन विद्युत प्राधिकरणले गर्ने गरी सम्झौता भई काम अगाडी बढेको छ । यो कामले सडकबाट सौर्य बत्ति विस्थापित हुने विश्वास छ ।

२०) वडा नं. ३, ४, ७, ८, ९, १०, १२ र ३३ मा नयाँ सहरी स्वास्थ्य केन्द्र स्थापना गरी कर्मचारी व्यवस्थापन र संचालन गरिएको छ । हाल आयुर्वेद अस्पताल सहित ४६ वटा स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र मार्फत सेवा प्रवाह गरिरहेको छ । अर्मला, लामाचौर, राखी, बेगनासमा नयाँ स्वास्थ्य चौकी भवन निर्माण गरिएको छ भने हेम्जा र कास्कीकोटमा नयाँ भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।


२१) बढ्दो कोभिड संक्रमण र महामारीबाट नागरिकको सुरक्षाका लागि महानगरले आफ्नो छुट्टै कोभिड उपचार युनिट स्थापना गरेको छ । १५ शैय्याको शिशुवा अस्पतालमा शैय्या थपेर ५० शैय्या बनाईएको छ भने ५० शैय्याको छुट्टै कोभिड अस्पताल निर्माण सम्पन्न गरेर सन्चालनमा ल्याईएको छ । यसले नागरिकहरुलाई सरकारप्रति विश्वास बढ्नेछ भने सहज उपचार पाउने छन् । यस बाहेक कोरोना रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाइन र आइसोलेसन संचालन, पिसिआर स्वाव संकलन लगायतका काम नियमित गर्दै आएको छ ।

२२) महानगरको सहयोग तथा व्यवस्थापनमा ५ वटा एम्बुलेन्स संचालन गरिएको छ भने थप एक शव वाहन र एक एम्बुलेन्स खरिद कार्य अन्तिम चरणमा पुगेको छ । स्वास्थ्य संस्थाहरु मार्फत जेष्ठ नागरिक स्वास्थ्य शिविर संचालन निरन्तर गर्नुका साथै सरुवा रोग नियन्त्रणमा अग्रपंक्तिमा रही कार्य गरिरहेको छ । २८ वटा वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना एवं व्यवस्थापन गरी वडास्तरमा नागरिकहरुलाई निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ भने ६ वडामा मुख स्वास्थ्य कार्यक्रम सन्चालन गरिएको छ ।

२३) समुदायस्तरमै महिलाहरुको विशेष स्वास्थ्य समस्या जस्तैः पाठेघर मुखको क्यान्सर, स्तन क्यान्सरको स्क्रिनिंग तथा उपचारको रेफर गर्ने गरिएको छ । निशुल्क औषधी तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्तिको सुनिश्चितता गरिएको छ । गर्भवती एवं सुत्केरी महिला तथा शिशुहरुको पोषण प्रबर्द्धन एवं खोप सेवाको नियमितता गरिएको छ । वडा स्तरमै बर्थिङ सेन्टर सन्चालन गरिएको छ । स्वास्थ्य संस्थामा प्रसूति हुने आमा तथा जन्मिने बच्चाको स्वास्थ्य रक्षाको लागि न्यानो कपडा एवं यातायात खर्चको व्यवस्था गरिएको छ ।

२४) महानगरभित्र सन्चालित ९० वटा सामुदायिक विद्यालय मर्मत गर्नुका साथै चीनको गोन्जाओ शहरको सहयोगमा वडा नं. २२ मा रहेको शुक्रराज बलभद्र माविमा अत्याधुनिक छात्रावास भवन निर्माण गरिएको छ ।

२५) संघ सरकारसँगको साझेदारीमा कुल ४० वटा विद्यालयहरुमा शौचालय निर्माण, १९ वटा विद्यालयहरुमा कम्प्युटर ल्याब निर्माण गरिएको छ भने १३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला,





अस्फाल्ट प्रविधिबाट पिच गरिएको न्युरोड सडक

शीतलादेवी सामुदायिक विद्यालय, श्रीकृष्ण मावि र जनप्रकाश माविमा नमूना आइसिटी ल्याब निर्माण कार्य सम्पन्न भएको छ । कालो पाटी विस्थापन कार्यक्रम अभियानकै रुपमा संचालन गरी धुलो मुक्त कक्षाकोठा अभियान सम्पन्न भएको छ ।

२६) संघ सरकारसँगको साझेदारीमा सबै सामुदायिक विद्यालयमा सुरक्षित सेनेटरी प्याड व्यवस्थापन गरिएको छ । ईसिडी सन्चालन गरिएका विद्यालयमा शिक्षिका तथा सहयोगी कार्यकर्ताहरुलाई नेपाल सरकारले दिएको तलवमा महानगरले अतिरिक्त रकम थप गरिदिएको छ । २१३ शिक्षिका र सहयोगीहरु यसबाट लाभान्वित भएका छन् ।

२७) गण्डकी बहुप्राविधिक शिक्षालय स्थापना गरी डिप्लोमा इन सिभिल इन्जिनियरिङ र डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङको पढाई सुरु गरिएको छ । आगामी शैक्षिक सत्रदेखि थप ४ वटा विषयमा (एचए,फार्मेसी, जियोम्याटिक इन्जिनियरिङ र वन विज्ञान) पढाई थाल्ने गरी सिटिईभिटीसँग विषय थपको माग गरिएको छ । गण्डकी बहुप्राविधिक शिक्षालय मार्फत ११ वटा विषयमा निशुल्क तीन महिने तालिम सञ्चालन गरिएको र २२० जनालाई निशुल्क तालिम लिई स्वरोजगार बन्न सहयोग गरिएको छ । बहुप्राविधिक शिक्षालयको ल्याव, शैक्षिक तथा प्रशासकीय भवन निर्माणको लागि जग्गा खोजी गरी भवन निर्माण कार्य अगाडी बढाइएको छ । पोखरा २९ खल्याँडमा ल्याव भवनको निर्माण नै सुरु भैसकेको छ ।

२८) महानगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी १ देखि ५ कक्षासम्म यसै शैक्षिक सत्रदेखि लागू गरेको छ । ६ देखि ८ कक्षासम्म आगामी शैक्षिक सत्रमा पाठ्यक्रम तयार गरी कार्यान्वयनमा लगिने छ । १० वर्षे महानगर शैक्षिक योजना तयार गरी कार्यान्वयनको चरणमा छ ।

२९) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ तथा प्रदेश कानुनले निर्देश गरे बमोजिम २५ वटा ऐन, १६ वटा नियमावली, २८ वटा कार्यविधि, २१ निर्देशिका गरी ९० वटा ऐन कानुन निर्माण गरी कार्यान्वयनमा लगिएको छ ।

३०) महानगरपालिकाको संगठन संरचना व्यवस्थित गर्न संगठनात्मक मानव संशाधन पदपूर्ति तालिका तयार गरी कर्मचारी व्यवस्थापन सोही अनुसार गर्न सुरुवात गरिएको छ । साथै कर्मचारीहरुको क्षमता विकासका लागि छोटो अवधिका तालिम सन्चालन गरिएको छ ।

३१) न्याय सम्पादनको जिम्मेवारी स्थानीय तहलाई दिईएकोमा न्यायिक समिति गठन भई जिम्मेवारी अनुसार नियमित कार्य सम्पादन भइरहेको छ । वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कर्ता सूचीकृत गरिएको छ । जसले स्थानीय स्तरमा हुने सामान्य बेमेलका घटनाहरु समाधान भैरहेका छन् । साथै पोखराको न्यायिक इजलास र न्याय सम्पादनबारे अध्ययनका लागि देशभरबाट न्यायिक समिति र जनप्रतिनिधिहरु अध्ययनका लागि आउने क्रम बढेको छ ।

३२) महिलाहरुको क्षमता अभिवृद्धि गरेर आर्थिक रुपमा सवल र सक्षम बनाउन उद्यमशिलताको विकास गराउने उद्देश्यले उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरिएको छ । यो कार्यक्रमबाट ३ सय ३५



वडा नम्बर १८ को कनेक्टिङ सडक

जना महिला लाभान्वित भएका छन् । यो कार्यक्रमका लागि ८ करोड ३१ लाख लगानी भइसकेको छ । हिंसामा परेका महिलाहरुको सहायताको लागि निशुल्क कानुनी परामर्श सेवा प्रदान गर्नुका साथै महिला हिंसा न्यूनीकरणको लागि पुरुष ऐक्यवद्धता कार्यक्रम अभियानको रुपमा सञ्चालन गरी पुरुष समसचेतता कार्यक्रम सञ्चालन गरिएको छ ।

३३) स्मार्टसिटी पूर्वाधार अन्तर्गत सबै वडा कार्यालयमा केन्द्रिकृत इन्टरनेट इन्ट्रानेट प्रणाली जडान गरी महानगर र वडाका सेवालाई प्रविधि मैत्री बनाउँदै लगिएको छ । मुख्य चोकहरुमा सिसिटिभी क्यामरा जडान गरिएको छ । व्यक्तिगत घटना दर्ता, घरनक्सा पेश एवं कर प्रणालीलाई सूचना प्रविधिको उपयोग गरी विद्युतीय पद्धतिमा लगिएको छ । पूराना कागजातहरुलाई (घरनक्सा तथा पन्जीकरण) डिजिटल अभिलेखीकरण गरिएको छ । भण्डारढिकमा रहेको दीपशिखा पुस्तकालयमा आरएफआइडी प्रणाली जडान गरिएको छ ।

३४) जनप्रतिनिधिले जिम्मेवारी सम्हालेपछिको पहिलो निर्णय अनुसार पोखरा महानगरपालिका भित्रका ज्येष्ठ नागरिकलाई नेपाल सरकारले दिएको सामाजिक सुरक्षा भत्तामा १० प्रतिशत थपेर वितरण गर्दै आएको छ । अपांगता भएकाहरुलाई नियमित परिचयपत्र वितरण गर्दै आएको छ ।

३५) लेखनाथ साना सहरी, बेगनास, भरतपोखरी, माझठाना, सराङकोट, कास्कीकोट, अर्मला, पुरुन्चौर, काहूँ, निर्मलपोखरी लगायत ठाउँमा एक घर एक धारा अवधारणा अन्तर्गत ८७ खानेपानी आयोजना छनोट गरी कार्यान्वयनमा लगिएको छ ।

३६) प्रदेश सरकारसँगको समन्वयमा महिला सुरक्षित आवासगृह सञ्चालन गरिएको छ । महानगरभित्रका ८९ जना सडक बालबालिकाको पहिचान गरी उनीहरुको पुनर्स्थापना गरिएको छ ।

३७) महानगरभित्र रहेका सहकारीहरुलाई व्यवस्थित गर्नका लागि छुट्टै सहकारी समिति गठन गरिएको छ । प्रत्येक सहकारीलाई उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन प्रेरित गरिएको छ ।

३८) कृषकहरुलाई सहज उपकरण प्रदान गर्न कष्टम हायरिङ सेन्टर स्थापना गरिएको छ । कृषक परिचय पत्र वितरण थालिएको छ । शहरी क्षेत्रमा कौशी खेतीतर्फ आकर्षण बढाइएको छ । अर्गानिक उत्पादनमा किसानलाई जोडिएको छ । उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई बढवा दिईएको छ । किसान र उपभोक्तालाई जोड्न ५ स्थानमा किसान बजार निर्माण र सञ्चालन गरिएको छ । पोखराको ब्रान्डको रुपमा रहेको जेठोबुढो धान, हेमजाको आलूको न्युनतम मुल्य निर्धारण गरि सहकारी मार्फत ब्राण्डिङ गर्ने काम सुरु भएको छ । मेयर प्रविधि मैत्री परियोजना सञ्चालन गरी किसानलाई आर्थिक सहयोग गरिएको छ भने पशु पन्छीको निशुल्क उपचारको व्यवस्था गरिएको छ ।

३९) हाल सञ्चालनमा रहेको ल्यान्डफिल साईटलाई विस्थापित गरी नयाँ ल्याण्डफिल साईटको खोजी गर्न समिति गठन गरिएको छ । सेन्ट्रल ट्रिटमेन्ट सुविधाबाट नेपालमै पहिलो पटक अस्पताल जन्य फोहोर मैलाको व्यवस्थापन निजी क्षेत्रसँगको सहकार्यमा अगाडि बढाइएको छ ।

४०) सडकमा छोडिएका चौपायाका कारण दैनिक दुर्घटना बढीरहेको अवस्थामा छाडा चौपायालाई नियन्त्रण गर्नका लागि पोखरा १४ मा चौपाया व्यवस्थापन

केन्द्र सञ्चालन गरिएको छ ।

४१) सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत २ वटा आयोजना (पाताले छाँगो र सेती खोंच) सम्झौताको चरणमा रहेको छ । अन्य आयोजनाहरु सञ्चालनका लागि थप अध्ययन भैरहेको छ । यसबाट पोखरामा पर्यटकीय गन्तब्य थप हुनेछ भने आम्दानी समेत बढ्ने विश्वास लिईएको छ ।

४२) विश्वका विभिन्न देशका सहरहरुसँग भगिनी सम्बन्ध विस्तार गर्ने कार्य निरन्तर चलिरहेको छ । पोखराले अहिलेसम्म जापानको कोमागाने, चिनको लिन्जी, कुन्मिङ, गुञ्जाओ, छिन्चु, छुसाओ, नानिङ, युबिन, हाइकाउ, बेलायतको लण्डन बार्नेट तथा दक्षिण कोरियाको ग्यांबुक गु सहरसँग पनि भगिनी सम्बन्ध कायम गरिसकेको छ । साथै नेपालको धरान र भरतपुरसँग पनि सिस्टर सिटी सम्बन्ध कायम भएको छ । भगिनी सम्बन्ध कायम भएका अन्तराष्ट्रिय सहरहरुबाट आवश्यक सहयोग नियमित प्राप्त भैरहेको छ ।

४३) शान्तिनगरचोकदेखि बुलौंदीसम्म रंगिन क्लष्टर अन्तर्गत सडक पेटी निर्माण गरिएको छ । पालिखेचोकदेखि महेन्द्रपुल, चिप्लेढुंगासम्म, केआइसिंहपुलेदेखि नदीपुरसम्म अपांगमैत्री फुटपाथ निर्माण गरिएको छ । ४ वर्षको समयमा साना तथा ठूला फुटपाथ निर्माणका ४१ योजना सञ्चालन भएका छन् ।

४४) चार वर्षको अवधिमा वडास्तर तथा महानगर स्तर गरी ५८ वटा शौंचालय निर्माणका योजना सम्पन्न भएका छन् । हल्लनचोकमा व्यवस्थित शौंचालय निर्माणको काम अगाडि बढेको छ ।

४५) यस अवधिमा ७७ वटा साना ठूला गरी मठ, मन्दिरका योजना सम्पन्न भएका छन् भने सराङकोटको शिव मन्दिर, पुम्दीभुम्दीकोटको विशाल शिव मन्दिर निर्माणमा महानगरको साझेदारी रहेको छ । साना तथा ठूला गरी ६० वटा चौतारा निर्माण र ३४ वटा चौतारा मर्मत गरिएको छ ।



चौतारा



शान्तिनगर बुलौंदी सडक

४६) पोखरालाई कार्यक्षेत्र बनाई कार्यरत पत्रकारहरुको सामाजिक सुरक्षाको लागि पत्रकार महासंघ कास्कीसँगको सहकार्यमा पत्रकार कल्याणकोष स्थापना गरी कार्यान्वयनमा ल्याइएको छ । आगामी दिनमा मजदुर तथा श्रमिकहरुको सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने नीति लिइएको छ ।

४७) गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र सञ्चालनको लागि वडा नम्बर १५, प्रदेश ट्राफिक प्रहरी कार्यालय स्थापनाको लागि वडा नम्बर ३०, वडा प्रहरी कार्यालय बैदामको भवन निर्माणको लागि वडा नम्बर ६ मा जग्गा व्यवस्थापन गरी संघ सरकारलाई सिफारिस गरेको छ । वडा नम्बर १ मा रहेको साइनो अस्पतालको जग्गामा मुटु उपचार केन्द्र बनाउने गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई, वडा नम्बर ३२ मा गण्डकी विश्वविद्यालय स्थापना र सञ्चालनको लागि गण्डकी विश्वविद्यालयलाई, वडा नम्बर २६ मा गण्डकी आयुर्वेद औषद्यालय स्थापनाको लागि, वडा नम्बर ३० मा मालपोत कार्यालय लेखनाथ र नापी कार्यालय लेखनाथको लागि, वडा नम्बर ३३ मा विद्युत प्राधिकरणको सब स्टेसन निर्माणको लागि, वडा नम्बर ३३ मा विद्याश्रम निर्माणको लागि, वडा नम्बर ३३ मै औद्योगिक क्षेत्र निर्माणको लागि जग्गा व्यवस्थापन गरी संघ सरकारलाई सिफारिस गरिएको छ ।

४८) स्थानीय तहबीचको अनुभव आदान प्रदान तथा सम्बन्ध विस्तारको लागि वार्षिक रुपमा राष्ट्रिय मेयर सम्मेलन आयोजना गर्ने कार्य थालनी भएको छ ।




**नीति तथा कार्यक्रम**
**२०७८/०७९**

# पोखरा महानगरपालिकको नवौं नगर सभामा आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै महानगर प्रमुख मानबहादुर जिसी

**नगर सभासदज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारी एवं पत्रकार मित्र,**
**उपस्थित सम्पूर्ण महानुभावहरु।**

- पोखरा महानगरपालिकाको नगर प्रमुखको रुपमा यस महानगरको नवौं नगर सभामा पाँचौं वर्षको वार्षिक नीति तथा कार्यक्रम पेश गर्न यहाँहरुको बीचमा उभिदा आफूलाई गौरव महसुस गरिरहेको छु ।
- राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्दछु । सहिदको सपना र मार्ग दर्शन अनुरुपको विकासलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा यस घडीमा गर्न चाहन्छु ।
- विश्व अहिले कोरोना भाइरसको दोस्रो लहरबाट आक्रान्त छ । विगत एक वर्षमा कोरोनाको पहिलो र दोस्रो लहरले विश्वमा ३५ लाख भन्दा बढी मानिसको मृत्यु भइसकेको छ । नेपालमा पनि ८ हजार भन्दा बढीको ज्यान गइसकेको छ भने २०७८/०३/०७ गते सम्म पोखरामा ६ सय ७२ ले ज्यान गुमाइ सक्नुभएको छ भने त्यसमा पोखरा महानगरवासी ३ सय ३५ जनाको निधन भएको छ भने बाँकी अन्य जिल्लाका नागरिकको पोखरामा उपचारका क्रममा ज्यान गएको छ । कोरोना भाइरसको कारणले ज्यान गुमाउने दाजुभाइ दिदी बहिनीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमित भई उपचाररत नगरवासी, सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनी लगायत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

- कोरोना भाइरसबाट पोखरा महानगरलाई सुरक्षित राख्न महानगरको क्षमताले भ्याएसम्म प्रयास गरिरहेको छ ।
- महानगरवासीले पनि नगरलाई सुरक्षित राख्न आफ्नो तर्फबाट भूमिका निर्वाह गर्न आह्वान गर्दछु । साथै कोरोना रोकथाम, उपचार र नियन्त्रणमा महानगरलाई साथ दिनुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दछु । अग्रपंक्तीमा रहेर स्वास्थ्य सेवा प्रवाह गर्ने सम्पूर्ण स्वास्थ्यकर्मीप्रति सम्मान व्यक्त गर्दछु ।
- संघीयता कार्यान्वयनपछि तथा स्थानीय तहहरुको स्थापना भएपछिको पहिलो जनप्रतिनिधिहरुको टिमको तर्फबाट हामी हाम्रो कार्यकालको अन्तिम नीति तथा कार्यक्रम तथा वार्षिक बजेट तर्जुमाको क्रममा रहेकोले, यस अवसरमा हामीले जनतासँग गरेका बाचाहरु के कति पूरा गर्न सक्यौं तथा कति प्रतिवद्धताहरु अधुरा रहने अवस्था भयो भन्ने समेत विषयमा समिक्षात्मक विवरणको साथ उपस्थित भएको छु ।
- विगतका अनुभवहरुबाट सिक्दै महानगरपालिकाले दीर्घकालीन दृष्टि निर्माण गरी सो मा आधारित रहेर यस वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ संक्रमणको कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायको आवश्यकता र प्राथामिकतालाई नै बदलिदिएको छ । यस परिस्थितिबाट विश्वले छुटकरा पाउन थप समय लाग्न सक्ने हुनाले यसका असरहरुलाई न्यूनीकरण गरेर जनजीवनलाई नियमित तुल्याउन नयाँ रणनीति अवलम्बन गर्नुपर्ने देखिएकाले हाम्रा विकासका लक्ष्य तथा प्राथामिकताहरुलाई समेत पुर्नपरिभाषित गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।
- यस महामारी पश्चात भएको लकडाउनले समग्र राष्ट्रिय अर्थतन्त्रमा नै प्रतिकुल प्रभाव पारेको हामी सबैलाइ थाहा नै छ ।
- महानगरका सबै आर्थिक गविविधिहरु ठप्प भएका छन् जसले गर्दा महानगरपालिकाको आन्तरिक राजश्व संकलन, विकासका कार्यक्रमहरु र नियमित सेवा प्रवाहमा प्रतिकुल असर परेको छ । महानगरपालिका भित्र रोजगारी, आय आर्जन र जीविको पार्जनका अवसरहरु निकै नै नराम्रोसँग प्रभावित भइरहेको यो अवस्थामा विकास निर्माणका प्राथामिकता र योजना मुताविकका क्रियाकलापहरु सञ्चालनमा समेत निकै प्रतिकुलता सिर्जना भएको छ ।
- यसर्थ विषम परिस्थितिको सामाना गर्दै यस महामारीका सम्भावित असरहरुलाई न्यूनीकरण गर्न र महानगरवासीहरुको जीवन रक्षा गर्दै विकास गतिविधिहरुलाई निरन्तरता दिने गरी योजना बनाउनु आजको आवश्यकता हो ।

**सभासद मित्रहरु**

पोखरा महानगरपालिकाको दीर्घकालीन सोच **'समुन्नत पर्यटकीय पोखरा'** लाई व्यवहारमा रुपान्तरण गर्न ७ वटा मार्ग निर्देशित सिद्धान्तहरु तय गरिएको छ ।

१. नागरिकको मौलिक हकको संरक्षण, सामाजिक सुरक्षा एवं आत्म सम्मानको सुनिश्चित गर्ने ।

२. नागरिकहरुलाई संगठित गर्दै सहभागितामूलक तवरले स्थानीय स्तरमा पूँजी निर्माण गरी ज्ञान, सिप र प्रविधिमा आधारित हरित अर्थतन्त्रको विकास गर्ने ।

३. विकास साझेदारहरुसँग सहकार्य गर्दै वातावरणीय सन्तुलन, जैविक विविधता, प्राकृतिक स्रोतहरु, सामाजिक तथा सांस्कृतिक स्रोतहरुको संरक्षणसहितको दिगो, समावेशी र उत्थानशील भौतिक पूर्वाधारहरु निर्माण गर्ने ।

६. पारदर्शिता, जवाफदेहिता, सदाचारसहितको सार्वजनिक प्रशासन, सुसूचित नागरिकसहितको सहभागितामूलक पद्धति प्रवर्द्धन गर्दै सामाजिक न्याय तथा सुशासन सुनिश्चित गरिने छ ।

७. दिगो विकासको लक्ष्य स्थानीयकरण गरी सामाजिक न्यायसहितको समाजवाद उन्मुख समाज निर्माणको आधार तयार गर्ने ।

**अब म, आगमी आर्थिक वर्ष २०७८/०७९ को लागि यस महानगरपालिकाले तर्जुमा गर्न प्रस्ताव गरेको वार्षिक नीति तथा कार्यक्रम वाचन गर्ने अनुमति चाहन्छु।**

**कोभिड नियन्त्रण सम्बन्धी नीतिहरु**

१. कोभिड १९ नियन्त्रणको लागि नेपाल सरकारले जारी गरेको नीति तथा प्रतिकार्यको खाकामा स्थानीय तहले सम्पादन गर्नु पर्ने भनी गरेको व्यवस्थाको पूर्ण पालना गर्दै त्यस भन्दा अघि बढेर स्थानीयवासी दाजुभाइ दिदीबहिनीको जीवन रक्षाको लागि महानगरपालिकाले हर संभव कार्य गर्नेछ । यस क्रममा, विगतबाट संचालित आइसोलेसन तथा हालै स्थापित अस्पताल वार्डको सुसंचालन, जनशक्ति व्यवस्थापन, पिसिआर परीक्षण, कन्ट्राक्ट ट्रेसिङ लगायतका कार्यहरुलाई निरन्तरता दिइने छ । अग्र पंक्तिमा खटिने स्वास्थ्यकर्मीहरुको जोखिम भत्तालाई निरन्तरता दिइने छ ।

२. कोभिड १९ बाट निधन भएका व्यक्तिहरुको शव व्यवस्थापनको कार्यलाई गुनासो रहित तवरमा व्यवस्थापन गरिनेछ । कोभिडबाट निधन भएका व्यक्तिहरुको शव व्यवस्थापनको लागि उपयोग गरिएको स्थानलाई पार्कको रुपमा विकास गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

३. कोभिड १९ को कारणले विभिन्न व्यवसायमा प्रभाव पर्न गएका व्यवसायीहरुलाई समय सिमा दिई विभिन्न प्रकारका कर छुट तथा राहतको व्यवस्था गरिनेछ भने वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरिएका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

४. कोभिड नियन्त्रणको लागि गत आर्थिक वर्षमा विनियोजित बजेटको आधारमा तथा दोस्रो लहरबाट हामीलाई प्राप्त सिकाइको आधारमा, एवं तेस्रो लहर समेत आउन सक्ने आँकलनका साथ आवश्यक रकम कोभिड नियन्त्रण सम्बन्धी कोषमा विनियोजन गरिनेछ ।

**पूर्वाधार क्षेत्रसँग सम्बन्धित नीतिहरु**

५. विकटलाई निकट ल्याउने अठोटका साथ सुरु गरिएको कनेक्टिङ सडक कार्यक्रमलाई निरन्तरता दिइने छ । चालु आर्थिक वर्षको लागि विनियोजित भएको र कोभिडको कारणले भएको निशेधाज्ञा समेतले प्रभाव पारी सम्पन्न हुन नसकेका आयोजनाहरु आगामी आर्थिक वर्षमा प्राथमिकताका दिई सम्पन्न गरिनेछ । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलदेखि बेगनासताल र विमानस्थलदेखि लेकसाइडसम्म फास्ट ट्र्याक निर्माणको सम्भाव्यता अध्ययन गरिने छ ।

६. मुख्य सहरी सडकमा गरिएको अस्फाल्ट पिचको कारणले आम जनतामा सकारात्मक सन्देश प्रवाह भएको हुँदा यस कार्यलाई सहरको अन्य क्षेत्रमा पनि विस्तार गरिनेछ । यस कार्यको लागि सडक निर्माणमा संलग्न राज्यका अन्य निकायहरुसँग सहकार्य गरिनेछ ।

७. अस्फाल्ट पिच गरेको सडक कुनै पनि प्रयोजनको लागि कम्तिमा २ वर्ष खन्न नपाउने नीति निर्धारण गरिनेछ र पिच गर्नु पूर्व स्थानीयवासीहरुलाई आफ्नो आवश्यकताका कार्यहरु सम्पन्न गर्न प्रेरित गरिनेछ ।

८. उज्यालो पोखरा अभियान संचालनको लागि नेपाल विद्युत प्राधिकरणसँग गरिएको सहकार्यलाई निरन्तरता दिइने छ । आगामी आर्थिक वर्षमा उक्त कार्य सम्पन्न गरिनेछ ।

९. विश्व बैंकको सहयोगमा संचालित तालचोक बेगनास सडकको निर्माण कार्य आरम्भ गरिनेछ भने उक्त आयोजना मार्फत् संचालन हुने अन्य योजनाहरुको छनोट गरिनेछ ।

१०. निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सन २०२१ भित्र सम्पन्न गर्न आवश्यक सम्पूर्ण सहयोग महानगरपालिकाले उपलब्ध गराउनेछ ।

११. पोखरा क्षेत्रको समग्र ढलको व्यवस्थापनका लागि जापान सरकारको आर्थिक सहयोग तथा संघीय खानेपानी विभागको प्राविधिक सहयोगमा संचालित गुरुयोजना निर्माण कार्यलाई तिव्रताका साथ अगाडि बढाइनेछ । ढल प्रशोधन गर्ने प्रयोजनको लागि जग्गाको खोजी गरी जग्गा प्राप्ति तर्फको कामलाई अगाडि बढाइने छ ।

१२. बेलायत सरकारको सहयोग निकाय युके एडको सहयोगमा सञ्चालित सुदृढ परियोजनालाई महानगरपालिकाको क्षमता विकास, तालिम, तथा अध्ययन अनुसन्धान गर्ने कार्यमा परिचालित गरिने छ । कार्बन तटस्थ नीति निर्धारण तथा हरित सहर एवं अर्थतन्त्र निर्माण गर्ने सम्बन्धी कार्यमा उक्त संस्थाको विशेषज्ञता उपयोग तथा

नमूना क्रियाकलापहरु संचालन गरिनेछ ।

१३. पूर्वाधार संरचनाहरुको प्राथमिकीकरण गर्दा आगामी आर्थिक वर्षमा सम्पन्न हुने योजनाहरुलाई प्राथमिकतामा राखिने छ । वडा समितिको सिफारिस साथ प्राप्त सडक आयोजनालाई प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षमा जनताले विकासको प्रतिफल महसुस गर्न पाउने गरी, नयाँ योजनाको घोषणा गर्ने होइन, क्रमागत योजनाहरु सम्पन्न गरी उपभोक्तालाई सुम्पने नीति लिइएको छ ।

१४. ५० लाख भन्दा बढी लागत भएका योजनाहरुको मर्मत सम्भार गरी दिगोपना ल्याउने उद्देश्यले २ प्रतिशत का दरले मर्मत सम्भार कोष कट्टा गरिने छ ।

१५. उपभोक्ताको श्रम, सिप र प्रविधिमा आधारित २५ लाख सम्मका योजनाहरु उपभोक्ता समिति मार्फत् सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

१६. सडक निर्माण तर्फको बजेट विनियोजनलाई भौगोलिक हिसाबले सन्तुलित बनाइने छ । पोखरा उपत्यकासँग जोडिएका ग्रामीण बस्ती र वडाहरुलाई सहरी क्षेत्रसँग जोड्ने, विपत्मा उद्दार गर्दा वा स्वास्थ्य आपतकाल परी एम्बुलेन्स मगाउँदा बीचैमा अलपत्र पर्नु नपर्ने अवस्थाको सुनिश्चितता गर्दै सडक तर्फका पूर्वाधारहरुको प्राथमिकता निर्धारण गरिएको छ ।

१७. सहरी क्षेत्रमा सडक बोर्ड मार्फत् मर्मत संभार गर्ने तथा बस्ती स्तरका छोटा बाटोहरु ५०-५० प्रतिशत उपभोक्ता तथा महानगरपालिकाले योगदान गर्ने गरी कार्यान्वयन गर्ने नीति निर्धारण गरिएको छ ।

१८. भवन निर्माणको हकमा वडा कार्यालय तथा महानगरको प्रशासकीय भवन निर्माणलाई पहिलो प्राथमिकतामा राखेर स्वास्थ्य तर्फका भवनहरु, कृषि एवं पशु सेवा तर्फका सेवा केन्द्रहरु, विद्यालयका भवनहरु र सामुदायिक भवनहरु निर्माण गर्ने गरी प्राथमिकताको क्रम निर्धारण गरिएको छ ।

१९. निर्मित भवनहरुको मर्मत संभारलाई प्राथमिकतामा राखिएको छ । आगामी आर्थिक वर्षमा नमूनाको रुपमा विद्यालय भवनहरुमा एउटै रंग लगाउने नीति कार्यान्वयन गरिनेछ ।

२०. जापान सरकारको आर्थिक सहयोगमा पोखरा उपत्यकामा संचालित खानेपानी योजनालाई अविलम्ब सम्पन्न गर्न महानगरपालिकाबाट सहयोग र समन्वय गरिनेछ । उक्त खानेपानी आयोजनाले खनेका र मर्मत संभार नभएका सडकहरु तत्काल मर्मत संभार गर्न पहल गरिनेछ ।

२१. ग्रामीण परिवेशमा संचालनमा रहेका साना ठूला खानेपानी आयोजनाहरु निर्माणलाई तिव्रता दिइनेछ । खानेपानीको स्रोत तथा मूल दर्ता गर्ने कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२२. स्रोत अभाव तथा मागमा कमीको कारणले सिँचाई क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न सकिएको छैन । आगामी आर्थिक वर्षमा वडा कार्यालयहरुबाट यस क्षेत्रमा विनियोजन भएको रकमको अलावा, साना सिंचाइका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२३. पोखरा सभागृहको जीर्णोद्धारको कार्य थालनी गरिनेछ । यस कार्यमा गण्डकी प्रदेश सरकारसँग साझेदारी गरिनेछ । पोखराको सिटी बस टर्मिनल निर्माण तथा लामेआहालमा प्रस्तावित बसपार्कको निर्माणको लागि पोखरा उपत्यका नगर विकास समिति एवं गण्डकी प्रदेश सरकारका सम्बन्धित कार्यालयहरुसँग सहकार्य गरिनेछ । पोखरा १४ बिपी मार्ग नजिकै स्थानीय बसपार्क निर्माण कार्य अगाडि बढाइने छ ।

२४. निर्माण सामग्री गुणस्तर मापन प्रयोगशालाको क्षमता स्तर उन्नति गरी आयोजना कार्यान्वयन र अनुगमनको छुट्टाछुट्टै एकाइ बनाइनेछ । निर्माण सामग्री गुणस्तर तथा नियन्त्रण प्रयोगशाला गण्डकी बहुप्राविधिक शिक्षालयको मातहत रहने गरी संचालन गरिनेछ ।

२५. सुदृढ परियोजना मार्फत जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ भने नगर यातायात गुरुयोजनालाई अन्तिम रुप दिई, पोखरा भित्रका महत्वपूर्ण सडकको सडक अधिकार क्षेत्र निर्धारण गरिनेछ । कोरिया सरकारको सहयोगमा तयार भएको ग्रीन ट्रान्स्पोर्टेसन मेनेजमेन्ट मास्टर प्लानलाई कार्यान्वयनमा ल्याइने छ भने पोखराको बाहिरी चक्रपथ निर्माणको पूर्व सम्भाव्यता अध्ययन समेतका आधार

विस्तृत सम्भाव्यता अध्ययन थालिने छ । महानगर स्तरीय सार्वजनिक यातायात प्रधिकरण निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

२६. निर्माणाधीन पुल निर्माण आयोजना सम्पन्न गरी आवश्यकता एंव प्राथमिकता समेतका आधारमा थप मोटरेबेल पुल निर्माण सुरु गरिनेछ ।

२७. नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरीत कार्य गर्ने कार्यलाई निरूत्साहित गरी कानुनी दायरामा ल्याइनेछ । मुख्य सहरी सडकमा नक्सा पास गरी भवन बनाउँदा अन्डर ग्राउन्ड पार्किङ अनिवार्य गर्नुका साथै कोरोनाको समयले अस्तव्यस्त भएको पर्यटन क्षेत्रलाई उकास्नका लागि व्यावसायिक तथा व्यापारिक भवन निर्माणमा नक्सा पास दस्तुर छुट गर्ने नीति लिइनेछ । साथै घर नक्सा पास गर्दा अनिवार्य रुपमा गुगल प्लस कोड अंकित गरिने छ ।

२८. महानगरपालिकाको मुख्य बजार क्षेत्रमा दिनानुदिन बढेको ट्राफिक व्यवस्थापनको जटिलतालाई न्यूनीकरण गर्न सडकका चोकहरुको आधुनिक डिजाइन गरी यसलाई सरलीकरण गर्ने पूर्वाधारहरु निर्माण गरिनेछ ।

**सुशासन तथा सेवा प्रवाहसँग सम्बन्धित**

२९. नेपाल सरकारले कर्मचारीको हकमा लागू गरेको भत्ता वृद्धि, पर्यटन काज, बालविकास सहयोगी कार्यकर्ताहरुको लागि वृद्धि गरेको सुविधा, महिला स्वास्थ्य स्वयं सेविकाहरुको लागि वृद्धि गरेको सुविधा, तथा प्रहरी कर्मचारीको हकमा वृद्धि गरेको राशन खर्च जस्ता निर्णयको कारणले सिर्जना हुने आर्थिक दायित्व वहन गर्ने गरी बजेट तर्जुमा गरिने छ । आन्तरिक पर्यटनमा टेवा पुऱ्याउन जनप्रतिनिधिलाई पनि ५ दिनको पर्यटन बिदा उपलब्ध गराइने छ ।

३०. समग्र कर्मचारीहरुको मनोबल उकास्न तथा कर्मचारीहरुको बीचमा टिव वर्कको भावना विकास गर्न स्थानीय कर्मचारी सेवा ऐनको समसामयिक परिमार्जन गरिनेछ । साविकका स्थानीय निकायमा नियुक्त भई कार्यरत कर्मचारीहरुको समायोजन गर्न आवश्यक व्यवस्था गरिने छ ।

३१. जनतालाई पायक पर्ने गरी महानगरको प्रधान कार्यालय पोखरा मनपा वडा न. १२ मा निर्माण कार्य यसै वर्ष सुरु गरिनेछ । वडा न. ८ मा रहेको पुरानो दमकलमा महानगरका महाशाखाहरु रहने गरी भवन निर्माण कार्य सम्पन्न गर्नुका साथै स्थानीय सेवा प्रवाहको पहिलो सम्पर्क विन्दुको रुपमा रहेका वडा कार्यालयहरुको भवन निर्माण अभियानलाई निरन्तरता दिइने छ । जमीनको व्यवस्थापन भएको स्थानमा वडा भवन निर्माण आरम्भ गरिनेछ ।

३२. शान्ति सुरक्षा, कानुन कार्यान्वयन, महिला सुरक्षा लगायतका कार्यमा बहुउपयोगी हुने गरी सहरमा सिसिटिभीको नेटवर्क जडान गरी जिल्ला प्रहरी कार्यालयमा कन्ट्रोल रुम स्थापना गर्ने तथा नगर प्रहरी तथा अन्य सुरक्षा अंगले त्यसको उपयोग गर्ने गरी स्थानीय प्रशासनसँग साझेदारीमा संचालन गरिनेछ ।

३३. सार्वजनिक सम्पत्ति माथि विभिन्न स्वरुपमा अतिक्रमण गर्ने एवं बाध्य नभई कानुनको पालना नगर्ने परिपाटी अझै पनि विद्यमान रहेकोले यसको निगरानी तथा नियन्त्रणको लागि नगर प्रहरीलाई थप जनशक्ति तथा स्रोत साधनयुक्त बनाइनेछ । नगर प्रहरी सेवालाई ब्यारेक प्रणालीमा रुपान्तरण गरी २४ घण्टा नै ड्युटीमा खटाउने गरी व्यवस्थापन गरिनेछ ।

३४. महानगरपालिकाबाट प्रदान गरिने सेवालाई सूचना प्रविधितर्फ अग्रसर गराइनेछ । व्यवसाय करलाई डिजिटल वालेट मार्फत् भुक्तानी गर्न सकिने पूर्वाधार निर्माण गरी सेवा आरम्भ गरिनेछ । महानगरपालिकाको अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग र विस्तार गरिनेछ ।

३५. वडा कार्यालयलाई जनशक्ति तथा थप स्रोत साधनयुक्त बनाइनेछ । जनताले प्राप्त गर्ने आधारभूत सेवाहरु वडा कार्यालयबाट नै प्राप्त गर्न सक्ने नीति लिइनेछ । खर्च केन्द्रको रुपमा विकास गरिएको वडा कार्यालयलाई थप अधिकार र जिम्मेवारी प्रदान गरिनेछ ।

३६. प्रशासनिक खर्च कटौतिको लागि प्रविधितर्फ आकर्षित हुन नसकेका तथा उत्पादकत्व कमहुँदै गएका

कर्मचारीहरुलाई लक्षित गरी स्वेच्छिक अवकाशको नीति तर्जुमा गरिनेछ । अत्यावश्यक बाहेक, यस्ता दरबन्दीहरु पुन: पदपूर्ति गरिने छैन ।

३७. तत्कालीन नगर पञ्चायत, नगरपालिका, उपमहानगर पालिका, लेखनाथ नगरपालिका साथै गाभिएका सम्पूर्ण गाविसहरुबाट आएका भौतिक सम्पत्ति, निर्णय तथा कर्मचारीहरुको अभिलेखलाई डिजिटल गरिनेछ ।

३८. संस्थागत विकाससँग जोडिएका कर्मचारीहरुको क्षमता विकासमा जोड दिँदै आवश्यकता अनुसार क्षमता विकासको अवसर प्राप्त गर्ने गरी कार्यक्रमहरु तर्जुमा गरिने छन् । कर्मचारीलाई कार्यसम्पादनका आधार पुरस्कार र दण्डको नीति लिइनेछ ।

३९. फिर्के खोला, विजयपुर खोला, सुइखेत खोला, भोटी खोला, स्यानी खोला, स्याङखुदी खोला, गुप्तेश्वर गुफा क्षेत्र र फुस्रे खोला क्षेत्रको मापदण्ड परिमार्जनको लागि विज्ञ सदस्यहरु समेतको कार्यदल गठन गरिएकोले उक्त समितिको सिफारिसको आधारमा नगर कार्यपालिकाले उक्त मापदण्ड परिमार्जन गर्न सक्ने कानुनी प्रबन्ध गरिनेछ ।

**शिक्षा**

४०. सबैका लागि शिक्षा कार्यक्रमलाई विशेष प्राथमिकता दिई बाल विकास केन्द्रको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षामा जोड दिनुका साथै व्यवस्थित कक्षा कोठा तथा सिकाइ केन्द्र निर्माण गर्दै लगिनेछ । सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई पूर्व प्राथमिक कक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्ने व्यवस्था गरिनुका अतिरिक्त विद्यालय उमेर समूहका विद्यार्थी विद्यालय बाहिर नरहने वातावरण तयार गरिनेछ ।

४१. सिकाइका लागि अनुभव, शिक्षामा नवीनताका लागि दक्ष शिक्षक अवधारणालाई अगाडि बढाइ विद्यालय शिक्षकहरूका लागि छोटा अवधिका विषयगत पुर्नताजगी तालिमहरू संचालन गर्दै लगिनेछ । पूर्व प्राथमिक शिक्षाका शिक्षकहरूलाई अनिवार्य रूपमा तालिम प्रदान गरिनेछ ।

४२. गण्डकी बहुप्राविधिक शिक्षालयमा विषयहरु थप गरी अध्ययनको दायरा फराकिलो बनाइनेछ । विशेष अनुदान तथा नगरपालिकाको दायित्व समेतबाट बहुवर्षीय खरिद मार्फत भवन निर्माण गरिने तथा शिशुवा अस्पतालको स्तरोन्नति गरी नर्सिङ्तर्फको कार्यक्रम थप गरिनेछ । सामुदायिक विद्यालयहरुलाई क्रमश: प्राविधिक विद्यालयमा स्तरोन्नति गर्ने, बाल विकास केन्द्र, आधारभूत विद्यालय, माध्यामिक विद्यालय, सामुदायिक सिकाइ केन्द्रहरुको स्तरोन्नति गर्दै प्राविधिक शिक्षाको अनुपात वृद्धि गरी रोजगार मूलक शिक्षामा जोड दिइनेछ ।

४३. महानगर शिक्षा परिषद् र वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिहरुलाई सवलीकरण गरी विद्यालय अनुगमनलाई प्रभावकारी बनाइँदै सबै प्रकारका विद्यालयको स्तर वृद्धिमा जोड दिइनेछ ।

४२. दश वर्षे शिक्षा योजनालाई कार्यान्वयन गर्दै स्थानीय बजार र सम्बन्धित प्रतिष्ठानहरूको माग अनुसारका व्यावसायिक विषयहरूको अल्पकालीन एवं मध्यकालीन तालिमहरू सञ्चालन गर्दै लगिनेछ । यसका लागि नेपाल सरकारबाट पूर्व निर्धारित पाठ्यक्रम अनुसरण गर्नुका साथै आवश्यकता अनुसार स्थानीय माग बमोजिमको पाठ्यक्रम निर्धारण गरी व्यावसायिक तालिम सञ्चालनको अवधारणा बनाइनेछ ।

४४. कोरोना संक्रमणका कारण विद्यालय सञ्चालन गर्न नसक्दा विद्यार्थीमा परेको असर समेतलाई मध्यनजर गर्दै आगामी दिनमा विद्यालयहरूमा वेबसाइट निर्माण, इन्टरनेट, इन्ट्रानेट सुविधा विस्तार गरी कक्षा कोठा प्रविधि मैत्री बनाउँदै एक विद्यालय एक प्राविधिक कक्ष निर्माण कार्य अनिवार्य गर्दै लगिने छ ।

४५. स्थानीय विषयवस्तु र परिवेश समेटी तयार गरिएको स्थानीय पाठ्यक्रम आगामी शैक्षिक सत्रबाट कार्यान्वयनमा ल्याइने छ ।

४६. स्थानीय तहभित्र सञ्चालन गर्न सकिने सम्भाव्य प्राविधिक कार्यक्रमहरू र त्यसका लागि आवश्यक भौतिक पूर्वाधारहरू, जनशक्तिको विश्लेषण गरी स्थानीय बजारका आवश्यक जनशक्ति स्थानीय स्तरमै उत्पादन गरी रोजगारमूलक शिक्षामा जोड दिइने छ ।

४७. फरक तथा विशेष क्षमता भएका विद्यार्थीहरूको सिकाइलाई निरन्तरता दिइने छ ।

४८. महानगरस्थित निजी तथा सामुदायिक शैक्षिक संघ संस्था तथा प्रतिष्ठानहरुसँग सहकार्य गरी शैक्षिक तथा वौद्धिक गतिविधिहरुलाई बढवा दिइने छ ।

४९. सामुदायिक स्वास्थ्य संस्थाहरुको सहकार्यमा एक विद्यालय एक प्राथमिक उपचार एकाइ, एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।

५०. समुदाय र विद्यालयको साझेदारीमा विद्यालय हरियाली कार्यक्रम सञ्चालन गरी विद्यालयमा हरियाली प्रवर्द्धन गरिने छ ।

**खेलकुद**

५१. महानगरीय खेलकुद विकास समितिका मार्फत् वडास्तरमा खेल प्रतियोगिता तथा प्रशिक्षण संचालन गरिनेछ । पोखरा महानगरलाई खेलकुद सहरका रुपमा विकास गर्न नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा राष्ट्रिय, स्थानीय र अन्तर्राष्ट्रियस्तरका खेल पूर्वाधार निर्माण र भएका पूर्वाधारको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

५२. विद्यालयमा खेल मैदान निर्माण कार्यलाई प्रोत्साहन दिँदै विद्यालय स्तरमा महानगरस्तरीय मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

५३. स्वास्थ्यका लागि व्यायाम कार्यक्रमलाई निरन्तरता दिँदै एक टोल, एक खुल्ला क्षेत्र, एक खुल्ला क्षेत्र एक व्यायामशाला कार्यक्रम सञ्चालन गरिनेछ । महानगर वर्ष खेलाडी छनोट गरी सम्मान गर्ने व्यवस्था गरिनेछ ।

**भाषा, कला, साहित्य, संस्कृति**

५४. पोखरा महानगरपालिका वडा नम्बर २७ अर्चलेस्थित कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५५. महानगर रत्न चयन गरी सम्मान गरिनेछ । पोखरा साहित्य महोत्सव सञ्चालन गर्नुका साथै महानगरवासी स्रष्टाहरूको अभिलेख तयार गरी व्यवस्थित गरिनेछ ।

५६. विद्यालयस्तरमा कला, साहित्य भाषा संरक्षण तथा विकासका लागि आवश्यक कार्यक्रम संचालन गर्दै बालबालिकालाई भाषा साहित्य कला संगीतमा रूचि बढाउनका लागि विद्याालय स्तरमा कार्यक्रम संचालन गर्दै लगिनेछ ।

**युवा तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम**

५७. युवा परिषद् मार्फत् वडास्तरमा नै युवा गुनासो सुनाइ तथा सहयोग कक्ष स्थापना गरी युवालाई व्यवसाय तथा उद्यम मूलक कार्यमा जोडिनेछ ।

५९. केन्द्र सरकारबाट अगाडि बढाइएको युवा सभासद कार्यक्रम निरन्तरता दिनुका साथै एक वडा एक उत्पादन कार्यक्रम अगाडि बढाइनेछ ।

६०. विपद् उत्थानकार्यमा युवाहरू परिचालन गर्न एक वडा एक विपद् उद्धार समूह तयार गरी परिचालन गरिनेछ ।

**स्वास्थ्य तथा सामाजिक विकास तर्फ**

६१. स्वास्थ्य सेवालाई जनताको सहज पहूँचमा पुर्‍याउन एम्बुलेन्सहरुको एकीकृत सेवाको अवधारणा विकास गरिनेछ । तीन अंकको कल सेवा तथा रेडियोयुक्त एम्बुलेन्सहरुको लागि साझेदार संस्थाको खोजी गरी सहकार्य गरिनेछ । नगरपालिका भित्र एम्बुलेन्स स्टेसन स्थापना गरिनेछ ।

६२. सीमान्तकृत तथा एकल महिलाहरुलाई लक्षित गरिएको उपमेयरसँग महिला कार्यक्रमको उत्साहजनक प्रतिक्रिया प्राप्त भएकोले उक्त कार्यक्रमलाई विस्तार गरिनेछ ।

६३. महानगरले प्रदान गर्नु पर्ने आधारभूत स्वास्थ्य सेवाको लागि स्वास्थ्य सेवा केन्द्रहरुको म्यापिङ गरिनेछ । जनसांख्यिक बनोटमा भइरहेको परिवर्तन तथा बढ्दो सडक संजाल समेतको विश्लेषण गरी स्वस्थ्य संस्थाहरु एकीकृत र व्यवस्थित गरिनेछ ।

६४. स्वास्थ्य कार्यालयहरुबाट प्रदान गरिने निशुल्क औषधीको लागि नपुग बजेटको व्यवस्था गरिनेछ। आवश्यकताको आधारमा स्वास्थ्य क्षेत्रको जनशक्ति सम्बन्धी संरचना परिमार्जन गरिनेछ ।

६५. साविकको लेखनाथ नगरपालिका भवनमा हाल निर्मित कोभिड वार्डलाई क्रमशः शिशुवा अस्पतालको मूख्य संरचनाको रुपमा विकास गरिने छ । ५० शैय्याको उक्त अस्पतालमा ५० शैय्या थप गरी क्रमशः १ सय शैय्याको अस्पतालको रुपमा विकास गरी आत्मनिर्भर रुपमा संचालित हुनेतर्फ अग्रसर गराइनेछ ।

६६. युवा क्लबहरु, आमा समूह तथा टोल विकास संस्थाहरुलाई सामाजिक अभियानका कार्यक्रममा परिचालन गरिनेछ । उत्कृष्ट कार्य गर्ने यस्ता संस्थाहरुलाई उचित अवसरमा सम्मान गर्ने नीति लिइनेछ ।

६७. ज्येष्ठ नागरिकलाई नेपाल सरकारले प्रदान गरेको सामाजिक सुरक्षा भत्तामा थप गरी प्रदान गरिने रकमलाई निरन्तरता प्रदान गरिनेछ । ज्येष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र स्थापना गर्ने नीति लिइने छ ।

६८. सडक बालबालिकाहरुको पुनर्स्थापनाको लागि निर्माणाधीन संरचनालाई सम्पन्न गरी आगामी आर्थिक वर्षबाट संचालनमा ल्याइनेछ । मानव सेवा आश्रम जस्ता परोपकारी संस्थाहरुसँग भइरहेको सहकार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

६९. स्थानीय न्यायिक समितिलाई थप स्रोत साधनले युक्त बनाइनेछ । पर्याप्त जनशक्तिको व्यवस्थापन गरी इजलास तथा मेलमिलापका कार्यलाई प्रभावकारी बनाइनेछ । वडा वडामा स्थापना भएका मेलमिलाप समितिहरुलाई लक्षित गरी क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

७०. निर्मित पूर्वाधार संरचना मर्मत गरी वा नयाँ निर्माण हुने संरचनालाई अपांगमैत्री बनाउने, विभिन्न प्रकारका अपांगता भएका लक्षित वर्गको लागि सहायता सामग्री हस्तान्तरण कार्यहरुलाई निरन्तरता दिइएको छ ।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

७१. आगामी आर्थिक वर्षमा ल्यान्डफिल साइटको व्यवस्थापनको लागि जमिन खरिद गरी, ल्यान्डफिल निर्माणको कार्य आरम्भ गरिनेछ । स्थायी स्यानिटरी ल्यान्डफिल व्यवस्थापन नभए सम्म अस्थायी ल्यान्डफिलको व्यवस्थापन गरेर विमानस्थल सञ्चालनमा सहजीकरण गरिनेछ ।

७२. विपद् व्यवस्थापन गर्ने क्रममा उपलब्ध गराउने राहत रकमलाई समसामयिक बनाई निरन्तरता प्रदान गरिनेछ । विपद्को कारणले सडक, खानेपानी, सिँचाई, भवन जस्ता पूर्वाधारमा पुग्न सक्ने क्षति रोक्न वा भइसकेको क्षतिको पुनर्निर्माण गर्न चालु आर्थिक वर्षमा अवलम्बन गरिएको नीतिलाई निरन्तरता दिइनेछ । भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणमा परेको क्षति बारे अध्ययन गरी न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

७३. निजी सवारी साधन खरिद गर्दा पार्किङ स्थल एकिन गर्नुपर्ने र यस्तो सवारी साधनले घर कम्पाउन्डबाट हिलो सडकमा ल्याउन नसक्ने गरी पार्किङ स्थलको निर्माण तथा मर्मत गर्नुपर्ने नीति निर्धारण गरी आम पोखराबासीलाई यो नीति अनुसरण गर्न आह्वान गरिनेछ ।

७४. पोखरामा संचालित साना ठूला वर्कसपहरुले सडक पेटीमा सवारी साधन धुन नपाउने तथा सावरी साधनमा प्रयोग हुने मोबिल बगाई सडक वा नाली प्रदुषित गर्न नपाउने र गरेमा जरिवाना गर्ने नीति अवलम्बन गर्दै वर्कसपको मापदण्ड परिमार्जन गरिनेछ ।

७५. अग्नी नियन्त्रण तथा प्रकोप व्यवस्थापनमा खटिने कर्मचारीहरुको संख्या पुनरावलोकन गरिने छ भने उक्त कार्यमा खटिने जनशक्तिलाई तालिमको व्यवस्था गरिनेछ ।

७६. अग्नी नियन्त्रण, वर्कशप, ल्यान्डफिल, नगर प्रहरी तथा महाशाखाहरुको लागि आवश्यकताको आधारमा प्राथमिकता तय गरी सवारी साधनहरु खरिद गरिनेछ ।

७७. प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरी प्रकोप पश्चातको प्रतिकार्य तथा निर्मित संरचनाको मर्मत संभारलाई निरन्तरता प्रदान गरिनेछ ।

७८. पोखरा २८ ठूलाकोटमा एस्टोनोमी पार्क निर्माण तथा पोखरा ६ वसुन्धरा पार्कमा थप पूवार्धार निर्माण गरिने छ । खुदी खोला माछापालन योजनाको डिपिआर तयाइ भइसकेकाले यसको काम अगाडि बढाइने छ ।

**आर्थिक विकास क्षेत्र**

**पर्यटन**

७९. पोखरालाई अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्य बनाउन पोखराको पर्यटकीय ब्रान्डिङ र बजारीकरण गरिने छ । पोखरा महानगरको लक्ष्य पर्यटकको सेवा, सुविधा र सुरक्षा प्रत्याभूति गराउनका साथै स्वदेशी तथ विदेशी पर्यटकको आगमनमा वृद्धि गर्न आवश्यक पहल गरिने छ ।

८०. पोखरास्थित प्राकृतिक सम्पदा ताल, नदी नाला, गुफा, धार्मिक स्थल, कोटहरुको संरक्षण गर्न प्रोफाइन तयार गरी पर्यटकीय गन्तव्य सूचना केन्द्र स्थापना गर्नुका साथै निजी क्षेत्रको साझेदारीमा पोखरा बहुउद्देश्यीय टावर निर्माणको अध्ययन गरिने छ । रुपाताल परियोजना ड्यामको कार्य अगाढि बढाउन डिपिआर तयार भएको छ र, यो काम पनि यस वर्ष अगाडि बढ्ने छ ।

पोखरा ३२ स्थित ऐतिहासिक राजाको चौतारोको डिपिआर तयार भई काम अगाडि बढेको छ । ऐतिहासिक राजाको चौताराको डिपिआर तयार भइसकेकाले चौतरोको संरक्षणको काम अगाडि बढाइने छ ।

८१. पर्यटन पूर्वाधारहरुको निर्माण, पर्यटन प्रवर्द्धन, पर्यटन क्षेत्रमा क्रियाशील जनशक्तिको क्षमता विकास तथा होम स्टेहरुको क्षमता विकास एवं प्रचार प्रसार गरी पर्यटन क्षेत्रलाई पुर्नउत्थानको नीति लिइनेछ । पोखराको प्रवेशद्वारको अगाडि सहिद पार्क, कोरोना पार्कको डिपिआर तयार भइसकको छ भने डिपिआर अनुसार यस वर्ष काम अगाडि बढ्ने छ ।

८२. पोखरा पर्यटन विश्वविद्यालय स्थापनाको लागि नेपाल एकेडेमी अफ टुरिजम एन्ड होटेल म्यानेजमेन्ट (नाथुम)सँग सहकार्य गरिने छ ।

८३. निजी क्षेत्रको सहकार्यमा पोखरा कोसेली घर सञ्चालन गरिने र पोखरा घण्टाघर निर्माणलाई अगाडि बढाइने छ ।

**सहकारी**

८४. महानगरपालिकामा संचालित सहकारीहरुलाई एक सहकारी एक उत्पादनका कार्यक्रममा थप प्रोत्साहनका साथ परिचालन गरिनेछ । सहकारीहरुको अनुगमन तथा वित्तीय स्वस्थता निगरानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सीमान्तकृत समुदायको सहकारीमा प्रतिनिधित्वको लागि सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

८५. सहकारीहरुलाई विकासको साझेदारको रुपमा विकास गरिने छ । एक सहकारी एक युवा उद्यम कार्यक्रमलाई अगाडि बढाउँदै युवा उद्यमी सहकारी सञ्चालनसहित रोजगारीका अवसर सिर्जना गरिने छ । विपन्न वर्गको लागि उत्पादन मूलक व्यवसायमा व्याज अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

**कृषि ( उत्पादनमा वृद्धि, महानगरको समृद्धि)**

८६. कृषि तथा पशु जन्य उत्पादनमा आधुनिक प्रविधि प्रयोगमा ल्याई व्यावसायिक कृषि तथा पशु पालनमा प्राथमिकता दिँदै उत्पादनमा वृद्धि गरी आत्म निर्भर बनाउँदै लगिने छ ।

८७. समावेशी स्थानीय आर्थिक विकासको रणनीतिपत्रलाई कार्यान्वयन गरिनेछ । स्थानीय कृषि तथा अन्य उत्पादनलाई ब्रान्डिङ गर्ने, मौलिक कृषि उत्पादनहरुको समर्थन मूल्य तोक्ने, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्ने तथा कृषि उत्पादनलाई पर्यटन स्तरीय होटल एवं रेस्टुरासँग आवद्ध गर्ने नीति निर्धारण गरिएको छ ।

८८. 'खेती योग्य गह्रा, बनाऔं हराभरा' अभियानका रुपमा सञ्चालन गरिने छ । जसका लागि अनुदानमा बिउ उपलब्ध, सिँचाइ सुविधा विस्तार, गुणस्तरीय कृषि उत्पादनको सामग्रीको सहज उपलब्धता गराउनका साथै कृषि स्रोत केन्द्र र कस्टम हायरिङ केन्द्र क्षमता विकास गरिने छ ।

८९. मत्स्य पोखरी निर्माणमा जोड दिँदै पोखरा १९ लाई ट्राउट माछा उत्पादन पकेट क्षेत्र घोषणा गरी ट्राउट माछा फर्म विस्तार तथा प्रवर्द्धन गरिने छ ।

९०. सबै पशुहरुको आधारभूत स्वास्थ्य सेवा, कृत्रिम गर्भाधान कार्य निशुल्क उपलब्ध गराइने छ । मासु प्रजातिलाई

मध्य नजर गर्दै साझेदारीमा वधशाला तथा वध स्थल निर्माण कार्य अगाडि बढाइने छ । पोखरा ३२ मजुवामा जडिबुटी प्रशोधन तथा संकलन केन्द्र निर्माण गर्ने नीति लिइएको छ ।




**उद्योग, वाणिज्य तथा आपूर्ति**

९१. निर्यात जन्य बस्तुहरुको पहिचान गरी उत्पादन वृद्धि गरिने छ । ती सामग्रीको ब्रान्डिङ गरी अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनको लागि पहल गरिने छ ।

९२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई विस्तार विकास र आधुनिकीकरण गरिने छ । जडिबुटी जन्य उत्पादनहरुलाई प्रसोधन तथा बजारीकरणमा जोड दिइने छ । बजार अनुगमनलाई प्रभावकारी बनाउन शाखा स्थापनाको नीति लिइने छ ।

**राजश्व प्रशासन सुधार सम्बन्धी**

९३. सार्वजनिक निजी साझेदारी मार्फत फेवा ताल संरक्षण, सेती नदी तथा रामघाट क्षेत्रको संरक्षण र विकास, पोखरामा पर्यटकीय गन्तव्यको विस्तार गर्ने जस्ता नीति निर्धारण गरिनेछ । सानिसा अवधारणा मार्फत् स्थानीय आर्थिक विकास गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने तथा महानगरपालिकाको लागि दिगो आय व्यवस्थापन गर्ने जस्ता कार्य गरिने छ ।

९४. कोभिडको महामारीले पिल्सिएका आम पोखरावासीलाई करको भार नपार्न आगामी आर्थिक वर्षमा करका दरहरुमा वृद्धि गर्ने प्रस्ताव गरिएको छैन, तर सबै प्रकारका कर दस्तुर तथा शुल्कहरुलाई वैज्ञानिक बनाउने तथा प्राविधिक त्रुटिहरु सच्याउने प्रयास गरिनेछ ।

९५. सम्पत्तिको मूल्यांकनको आधारमा सम्पत्ति करलाई प्रगतिशील करको रुपमा परिचालन गरिने छ । अत्यावश्यक नभई सम्पत्ति कर नतिर्ने (नन्फाइलर) हरुलाई सालवसाली सम्पत्ति कर तिर्न प्रोत्साहन गर्ने उद्देश्यले सम्पत्ति करको मूल्यांकन प्रक्रियालाई थप वैज्ञानिक बनाइनेछ ।

९६. व्यवसाय करको दायरा विस्तार गर्न अभियानहरु संचालन गरिनेछ । वहाल करलाई करदाताले तिर्न सक्ने क्षमतामा आधारित भई दरहरु निर्धारण गरिनेछ ।

९७. करदाता शिक्षा कार्यक्रम मार्फत प्रत्येक घर घरमा करको दायित्व तथा नागरिकको कर्तव्यको विषयमा जानकारी प्रवाह गरिनेछ ।
करलाई दायित्व वा बोझको रुपमा नभई सम्मानीत जीवनयापनको एउटा अनिवार्य शर्तको रुपमा स्थापित गर्न आवश्यक पहल गरिनेछ ।

९८. सरसफाइ शुल्कलाई विगतमा गरिएको अभ्यासहरुको तुलनात्मक अध्ययन गरी सेवा प्रदायक तथा सेवाग्राही दुबैलाई सहज हुने गरी परिमार्जन गरिनेछ । ल्यान्डफिड साइटको वैकल्पिक व्यवस्थापन गर्नुपर्ने भएकोले सरसफाइ कार्यमा हाल गरिएको प्रबन्ध आवश्यक परिमार्जनसहित थप केही समय निरन्तरता प्रदान गरिनेछ ।

९९. महानगरपालिकाबाट समेत कर चुक्ताको प्रमाण पत्र जारी गर्ने कार्यको संभाव्यता अध्ययन गरिने छ । राजश्व शाखा, ठूला करदाता शाखा तथा आय ठेक्का व्यवस्थापन शाखाको रुपमा विकास गरिएको राजश्व प्रशासनलाई क्रमश: महाशाखाको रुपमा विकास गरी राजश्व प्रशासन, कर निर्धारण, कर परीक्षण वक्यौता असूली लगायतका कार्यमा स्वायत्त हुने गरी परिचालन गरिनेछ । कर निर्धारणमा एक जना कर्मचारीको मात्रै भूमिकाको पुनरावलोकन गरी कम्तिमा २ जना कर्मचारी संलग्न हुने प्रणाली विकास गरिनेछ ।

१००. आन्तरिक आम्दानीको ठूलो हिस्साको रुपमा रहेको नदी जन्य सामग्रीको उत्खनन् गर्ने क्रममा नदी क्षेत्र



सम्म जाने बाटोको मर्मत संभार, प्रारम्भिक वातावरणीय मूल्यांकन प्रतिवेदनले औंल्याएका प्रभाव न्यूनीकरणका उपायहरुको कार्यान्वयन जस्ता कार्यमा बजेट व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

**विविध**

१०१. सुकुम्वासी, अव्यवस्थित बसोवासी तथा भूमिहीन दलितको समस्या नेपाल सरकारको सम्बन्धित निकायको सहयोगमा समाधान गरिनेछ । उक्त समस्याको स्थायी समाधान पश्चात जोखिमपूर्ण स्थानहरुमा कोही कसैलाई पनि जमीन अतिक्रमण गरी बस्न दिइने छैन ।

१०२. विश्व मञ्चमा महानगरको उपस्थिति बढाउन भगिनी सम्बन्ध स्थापना गर्ने तथा सम्बन्ध भएका सहरहरुसँगको सहकार्यलाई सघन बनाउने कार्य सम्पन्न गरिनेछ ।

१०३. फेवाताल लगायत पोखराका अन्य ७ तालहरुको सिमांकन सम्पन्न भई सकेकोले उक्त तालहरुको मापदण्ड निर्धारण गरिनेछ ।
उक्त सबै ताल क्षेत्रलाई पर्यावरण, पर्यटन तथा स्थानीयवासीको जीवनयापनसँग सामाञ्जस्य गरी विकास तथा संरक्षणको गुरुयोजना तर्जुमा गरिनेछ । ताल संरक्षणको लागि प्राविधिक रुपमा सम्भव भएको स्थानमा जग्गा एकीकरण आयोजना कार्यान्वयन गरिनेछ ।

१०४. सञ्चारकर्मीहरुको सामाजिक सुरक्षाको लागि स्थापना गरेको कल्याणकारी उपचार कार्यक्रमको मूल कोष अक्षय रहने गरी पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघ कास्की शाखाले सञ्चालन र व्यवस्थापन गर्ने प्रबन्ध मिलाइने छ ।

**अन्तमा,** प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, सभासदज्युहरु, नगरस्थित क्रियाशील राजनीतिक दलहरु, नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु, कर्मचारी मित्रहरुलाई पुन: धन्यवाद दिन चाहन्छु । पोखराको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार,गण्डकी प्रदेश सरकार, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म, पोखरा महानगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने नै छ भन्ने विश्वास गर्दछु । धन्यवाद ।

जय पोखरा नगरबासी !
जय पोखरा महानगरपालिका !!

**प्रमुख मानबहादुर जिसी**
२०७८ असार ९

*(जनप्रतिनिधिका ४८ महिना ४८ काम शीर्षकमा विगत ४ वर्षको कामको समीक्षा समेटिएकाले प्रमुख ज्यूले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा विगत ४ वर्षमा पोखरा महानगरपालिकाले लिएका नीति कार्यान्वयनको अवस्था विश्लेषणलाई राखिएको छैन । - सं.)*



# महानगरको १ सय बेडको कोभिड अस्पताल

पोखरा महानगरपालिकाले आफनै कोभिड अस्पताल (युनिट) सुरु गरेको छ । महानगरपालिकाले जेठ १४ गतेदखि कोभिड अस्तापल सुरु गरेको हो । पहिलो चरणमा ५५ बेड तयार गरी बिरामीको उपचार सेवा सुरु गरिएको महानगर स्वास्थ्य महाशाखा प्रमुख हेमन्त शर्माले बताए । शर्माका अनुसार १ बेडका लागि अक्सिजनको व्यवस्था गरिएको छ ।

'अस्पताल तयार भयो । बिरामी भर्ना लिएर उपचार सेवा शुरु गरेका छौं,' उहाँले भन्नुभयो । संक्रमितको उपचारको लागि महानगरपालिकाले तीन चिकित्सक, चार नर्स तथा दुई पारामेडिक्स टोली खटिने छ । 'उपलब्ध जनशक्तिले २५ जना बिरामीको उपचार धान्न सक्ने र बिरामी थपिए स्वास्थ्यकर्मी पनि थप्दै लैजाने शर्माकोको भनाइ छ ।

अस्पतालमा दोस्रो स्तरका बिरामीलाई उपचार गरिने छ । सघन (क्रिटिकल) उपचार गर्नुपर्ने बिरामीलाई ठूला अस्पतालमा रिफर गरिने छ । उहाँका अनुसार क्रिटिकल भन्दा बाहेकका बिरामीलाई उपचार गरिने छ । 'बिरामी घर नबसुन्, अस्पताल आउन भन्ने हो । उहाँको भनाइ थियो । कोभिड संक्रमित जटिल अवस्थामा मात्रै अस्पताल पुग्ने गरेका छन् । त्यसले बिरामीको ज्यान नै जाने गरेको छ ।

संक्रमित भइसकेपछि स्वास्थ्यमा समस्या देखिने वित्तिकै अस्पतालमा उपचारको लागि जानुपर्ने उहाँको सुझाव छ । 'समस्या जटिल भएपछि अस्पताल जाने प्रवुत्तिले संकट निम्त्याउँछ' उहाँले भन्नुभयो, 'क्रिटिकल हुनुभन्दा अगावै उपचार गरेर निको पारेर बिरामीलाई घर फर्काउन सकियोस ।' अस्पतालमा सबै बेडमा अक्सिजनको व्यवस्थापन गरिएको छ । एक सय बेडलाई नै अक्सिजन व्यवस्थापन गरिएको छ । एक सय बेडलाई २० अक्सिजन सिलिण्डर जडान गरिएको छ । ४ वटा सिलिन्डर भने रिजर्भमा छ । कास्कीमा कोभिड संक्रमितको संख्या घट्दोक्रम भने कम छ ।

साविक लेखनाथ नगरपालिकाको ३६ रोपनी क्षेत्रफलको उक्त जग्गामा महानगरले यसअघि महानगर अस्पताल र विशिष्टिकृत बाल अस्पताल बनाउने गरी निर्णय गरेको थियो । तर, महानगरले अहिले शिशुवा अस्पताललाई विस्तार गर्ने गरी त्यही मातहत कोभिड उपचार युनिटको स्थापना गरेको हो । कोभिड युनिटलाई आवश्यक स्वास्थ्य सामाग्री लायन्स क्लब अफ इन्टरनेशनल ३२५ बी १ ले सहयोग गरेको हो । स्वाथ्य महाशाखा प्रमुख शर्माले लायन्स क्लबले बेडसहित आवश्यक स्वास्थ्य सामग्री सहयोग गरेको बताउनुभयो । लायन्स क्लब ३२५ बी १ का पूर्व गर्भनर धनराज आचार्यले कोभिड युनिटको लागि ५० बेड (१० डिलक्स बेड), नौ वटा अक्सिजन कन्सन्ट्रेटरसहित सामान उपलब्ध गराइएको र अन्य सहयोग आवश्यक परे जुटाउन सकिने बताउनुभयो । पाँच भेन्टिलेटर र हाइफ्लो अक्सिजन मेशिन समेत प्रदान गरिएको छ । कोभिड पछिको अवस्थामा उक्त कोभिड युनिटलाई जनरल अस्पतालमा रुपान्तरण गरिने शिशुवा अस्पतालका मेडिकल सुपरिन्टेडेन्ट प्रतिभा कोइरालाले बताउनुभयो । उहाँले शिशुवा अस्पतालकै मापदण्ड अनुसारको भौतिक पूर्वाधार र जग्गा समेत कमी भएकाले सबै उपलब्धता भएको ठाउँमा थप सेवा विस्तार गरिने बताउनुभयो । अहिले शिशुवा अस्पताल रहेको स्थानको सेवालाई निरन्तरता दिँदै, कोभिड पछि उक्त स्थानमा थप पूर्वाधार तयारी गरी विशेषज्ञ सेवा प्रदान गरिने समेत कोइरालाले बताउनुभयो । साविक लेखनाथ नगरपालिकाको भवनलाई वडा कार्यालयका रुपमा प्रयोग गर्दै आएको वडा नं. २७ ले कोभिड उपचार केन्द्र बनाउ आफू भाडामा बसेर पनि भवन छोडिदिएको थियो । उक्त भवनलाई कोभिड केन्द्र बनाउन सामाजिक सञ्जालमा अभियान समेत चलाइएको थियो । नवराज सापकोटा/पोखरा दर्पण



# बजेट २०७८/७९

# पोखरा महानगरपालिकको नवौं नगर सभामा आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट प्रस्तुत गर्दै महानगर उपप्रमुख मञ्जुदेवी गुरुङ

**सभाध्यक्षज्यू, गण्डकी प्रदेशका माननीय मुख्य मन्त्रीज्यू, सभासदज्यूहरु, पत्रकार मित्र, राष्ट्र सेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण मानुभावहरु**

- पोखरा महानगरपालिकाको जननिर्वाचित प्रतिनिधिको रुपमा पाँचौ वर्षको वार्षिक बजेट तथा कार्यक्रम पेश गर्न पाउँदा गौरव महसुस गरेको छु । जनताको सबै भन्दा नजिकको सरकारको रुपमा जनताको दैनिक जीवनसँग जोडिने यो बजेट तर्जुमा गर्दै गर्दा हामीले आम जनतासँग सामूहिक रुपमा गरेका बाचा तथा प्रतिबद्धताहरु, जनताको अपेक्षा र उपलब्ध स्रोत साधनलाई सन्तुलन मिलाउने अधिकतम् प्रयास गरेका छौं ।
- पोखरा महानगरपालिकाको गरिमामय नवौं नगर सभामा उपस्थित भई आर्थिक वर्ष २०७८/७९ को बजेट पेश गर्दै गर्दा म प्रजातन्त्र, लोकतन्त्र लगायत परिवर्तनका विभिन्न आन्दोलनहरुमा आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै ती आन्दोलनका घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

- आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा **'समृद्ध नेपाल सुखी नेपाली'** को नाराका साथ सुरु भएको १५ औं योजना, दिगो विकासका लक्ष्यहरु हासिल गर्ने तथा न्यून आय मुलुकबाट मध्यम आय मुलुकमा उक्लने हाम्रो अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु, पोखरा महानगरपालिकाको प्रस्तावित आवधिक योजना, विभिन्न रणनीतिक योजनाहरु, स्थानीय सरकार सञ्चालन ऐनले तोकेका प्राथमिकताहरु तथा नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले जारी गरेका मार्ग दर्शनलाई आधार मानिएको छ ।
- यसको अलावा, निर्वाचनको क्रममा जनता समक्ष गरिएका प्रतिबद्धता तथा घोषणापत्रहरु, विगतमा बहुवर्षीय दायित्व सिर्जना गरिएका योजना तथा कार्यक्रमहरु, राजश्व परामर्श समिति लगायत विभिन्न समितिहरु तथा कार्यपालिका तथा नगरसभाका सदस्यहरुले विभिन्न माध्यमबाट दिएका सुझाव समेतलाई आधार मानिएको छ ।
- यस सम्मानित नगर सभामा आदरणीय नगर प्रमुखज्यूबाट पेश भएको वार्षिक नीति तथा कार्यक्रममा आधारित भई यो बजेट तयार भएको छ । स्थानीय तहको निर्वाचन भई पोखरा महानगरपालिकामा जनप्रतिनिधिहरुको चार वर्षे कार्यकालमा हासिल गरेका उपलब्धि तथा सिकाइहरु समेटिएको विश्लेषणात्मक विवरण महानगर प्रमुखबाट वार्षिक नीति तथा कार्यक्रमको साथ पेश भएकोले उक्त उपलब्धिहरुको यस दस्तावेजमा पुनरावृत्ति गरिएको छैन ।

**सभाध्यक्षज्यू,**

**अब म गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था विश्लेषण गर्ने अनुमति चाहन्छु :**

- आर्थिक वर्ष ०७६।७७ मा प्रस्तावित कुल आयव्यय रु ५ अर्ब ७१ करोड ७९ लाख भएकोमा उक्त आर्थिक वर्षमा आयतर्फ कुल रु ३ अर्ब ७१ करोड ३० लाख ९५ हजार . अर्थात अनुमानित बजेटको ६५ प्रतिशत आय तथा व्ययतर्फ कुल ३ अर्ब २९ करोड ५० लाख अर्थात अनुमानित बजेटको ५८ प्रतिशत व्यय भएको देखिन्छ । उक्त आर्थिक वर्षको बजेट अनुमान तथा खर्चको विश्लेषण गर्दा आय अनुमान र पूँजीगत खर्च क्षमता जस्ता पक्षमा थप सुधार गर्नुपर्ने देखिन्छ ।
- ालु आर्थिक वर्ष ०७७।७८ को लागि कुल रु. ५ अर्ब ३४ करोड ७१ लाख ७८ हजार को आय व्यय प्रस्ताव स्वीकृत गरिएको थियो । यही २०७८ जेठ मसान्त सम्मको आय प्रगतिको अध्ययन गर्दा प्रस्तावित आय प्राप्त हुने अवस्था देखिएको छैन ।
- सोही तथ्यलाई राजश्व परामर्श समितिको मिति २०७८ वैशाख २८ गते बसेको बैठकको सुझाव बमोजिम आन्तरिक आयको अंक रु २ अर्ब ३६ करोड ५१ लाख ११ हजार रहेकोमा संसोधन गरी रु. २ अर्ब ४ करोड २६ लाख ९९ हजार ८ सय ६८ संशोधित अनुमान कायम गरिएको छ र यसबाट आन्तरिक आय अनुमानमा रु. ३२ करोड २४ लाख ११ हजार १ सय ३२ न्युन हुने र कुल बजेटमा पनि सोही अंक न्यून हुन जाने अवस्था देखिएको छ । गत, आर्थिक वर्ष समापन हुँदा कार्यालयमा मौज्दात रहन गएको रकमबाट उक्त न्यूनपूर्ति गरी विनियोजन ऐनलाई निरन्तरता दिइएको छ, र यसै बजेटमार्फत् उक्त प्रस्ताव अनुमोदनको लागि यस सम्मानित सभामा पेश गरिएको छ ।
- चालु आर्थिक वर्षको हाल सम्मको प्रगति विश्लेषण गर्दा, यही २०७८ जेठ मसान्त सम्म आयतर्फ कुल रु ३ अर्ब ९५ करोड ६३ लाख अर्थात संशोधित अनुमानित आयको ७८ प्रतिशत तथा व्ययतर्फ कुल २ अर्ब ४२ करोड ४० लाख अर्थात अनुमानित व्ययको ४५ प्रतिशत व्यय भएको देखिन्छ । गत आर्थिक वर्ष तथा चालु आर्थिक वर्षको पुँजीगत खर्च हुने अन्तिम चौमासिकमा कोभिड-१९ को कारणले निषेधाज्ञा जारी भएपछि पुँजीगत खर्च न्यून हुन गएको हो ।
- आर्थिक वर्ष ०७६।७७ को लेखा परीक्षण हालै सम्पन्न भएको तर प्रारम्भिक प्रतिवेदन समेत प्राप्त हुन नआएकोले सो प्रतिवेदन उपर विश्लेषण गर्न सक्ने अवस्था भएन तर स्पष्ट जिम्मेवारीका साथ खर्च केन्द्रहरु संचालन, स्रेस्ता व्यवस्थापनमा सुधार, राजश्व प्रशासनमा सुधार जस्ता सुधारका कार्यक्रमहरुले समीक्षा अवधिको वित्तीय विवरणमा सुधारोन्मुख नतिजाको अपेक्षा गरिएको छ ।

**सभाध्यक्षज्यू,**

**अब, म चालु आर्थिक वर्षमा हामीले सम्पादन गरेका कामहरुको उपलब्धि विश्लेषण गर्न चाहन्छु :**

**तथ्यांकगत विवरण :**

१. चालु आर्थिक वर्षमा साना ठूला गरी १ सय २ योजनाको बोलपत्र आह्वान भएको छ । वडा स्तर र नगर स्तरबाट कार्यान्वयन भएका योजनाहरुको प्रगति आर्थिक वर्ष समाप्त भएपछि तयार हुनेछ । चालु आर्थिक वर्षमा २२.१ किमी, पिच सडक तथा १.८ किमी ढलान गरिएको सडक निर्माण भएको छ । अस्फाल्ट प्रविधिबाट २२ किमी पिच गरिएको छ । यसैगरी १८ दशमवल दुईदुई किमी सडक स्तर उन्नति, ६ वटा डबल लेनसहितका मोटरेबल पुल, एक आकाशे पुल र २ वटा कल्भर्ट निर्माण सम्पन्न भएका छन् ।

२. चालु आर्थिक वर्षमा ११ हजार ५ सय ७६  वटा व्यक्तिगत घटना दर्ता भएका छन् भने ८० वटा सहकारीको सघन अनुगमन सम्पन्न भएको छ । चालु आर्थिक वर्षमा हाल सम्म १ हजार १२ व्यक्तिलाई अपांगताको परिचयपत्र वितरण गरिएको छ । नगर कार्यपालिको बैठक ११ पटक बसेको छ । नगर सभाको बैठक २ पटक बसेको छ ।

३. चालु आर्थिक वर्षमा नगर सभाबाट १६ नयाँ कानुन तर्जुमा गरिएको छ भने ५ वटा मौजुदा कानुन परिमार्जन गरिएको छ । यसैगरी नगर कार्यपालिकाले १६ नियमावली, कार्यविधि तथा निर्देशिका जारी गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ । यस महानगरपालिकाले पारित गरेका स्थानीय कानुनको संगालो प्रकाशित गरिएको छ ।

४. चालु आर्थिक वर्षमा न्यायिक समितिमा ७५ उजुरी दर्ता भएकोमा ४८ फछ्र्यौट भएका छन् । त्यसमध्ये ३२ उजुरीहरु मेलमिलापको माध्यमबाट र १६ उजुरी फैसलाको रुपमा अन्तिम रुप दिइएको छ । महानगरपालिका गतिविधि समेटिएको महानगरको मुखपत्र **'पोखरा दर्पण'**को ३ अंक प्रकाशित गरिएको छ ।

**प्रभावकारी कार्य भएका क्षेत्रहरु**

५. कोभिड-१९ को पहिलो तथा दोस्रो लहरमा यस महानगरपालिकाले स्थानीय प्रशासन, तथा प्रदेशस्तरीय स्वास्थ्य सेवासँग सम्बन्धित निकायहरुको समन्वयमा नेपाल सरकारले तोकेको मापदण्ड तथा जिम्मेवारीको पालना महामारी नियन्त्रणका विभिन्न कार्य सम्पन्न गरेको छ । ११ स्थानमा क्वारेन्टाइनको व्यवस्था, १ स्थानमा आइसोलेसनको व्यवस्था, ट्रान्सफर सेन्टरको व्यवस्थापन, अलग्गै महिला क्वारेन्टाइन, कन्ट्र्याक ट्रेसिङ, आरटी पिसिआरमा सक्रियता, एम्बुलेन्स तथा शववाहनको व्यवस्था, जनशक्ति आपूर्तिका साथै शव व्यवस्थापन स्थलको प्रबन्ध गर्दै उक्त कार्यहरुमा आवश्यक जनशक्ति तथा स्रोत साधन परिचालन गरी पहिलो लहर नियन्त्रणमा भूमिका निर्वाह गरिएको थियो । पहिलो लहरको क्रममा एक महिना भित्र आइसोलेसन बनाएको महानगरले दोस्रो लहरको क्रममा १५ दिन भित्र अक्सिजन पाइपलाइनसहितको कोभिड अस्पतालनिर्माण गरी जनताको स्वास्थ्य प्रति आफ्नो जिम्मेवारी पूरा गरेको छ ।

६. कोभिड-१९ को दोस्रो लहरको क्रममा आइसोलेसन संचालन, पिसिआर नमूना संकलन, शव व्यवस्थापन, अक्सिजनको आपूर्तिमा सहजीकरण साथै केही जनशक्ति समेत उपलब्ध गराइ उक्त महामारी नियन्त्रणमा खटिएको संस्थाहरुसँग साझेदारी र सहकार्य गरेको छ । यस क्रममा मातृशिशु मितेरी अस्पताल पोखरालाई कोभिड अस्पताल सञ्चालन गर्न आर्थिक सहयोग गर्नुका साथै पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, सरुवा तथा संक्रामक रोग अस्पताललाई अक्सिजन पाइपलाइन राख्न सहयोग र पोखरा २७ मा रहेको साविकको लेखनाथ नगरपालिकाको भवनमा शिशुवा अस्पतालको कोभिड वार्ड निर्माण गरी सञ्चालन गरिएको छ ।

७. **'विकटलाई निकट ल्याउने'** अठोटका साथ सुरु गरिएको कनेक्टिङ सडक कार्यक्रमको क्षेत्रमा उल्लेख्य प्रगति भएको छ । स्थानीय तहले एउटै योजनामा ठोस रकम विनियोजन गर्न सक्नुलाई आफैंमा उपलब्धि मानिन्छ । यस क्षेत्रमा हाम्रो प्रयासले महानगरपालिकाका बासिन्दा भएर पनि ग्रामीण परिवेशमा जीवनयापन गर्न बाध्य

महानगरवासीहरुलाई आत्मसम्मान र उत्प्रेरणा दिएको मैले विश्वास लिएको छु ।

८. सहरी सडकमा हरेक वर्ष देखिने खाल्डा खुल्डीको समस्या निराकरणको लागि सडक निर्माणको प्रविधिमा नै परिमार्जन गरी अस्फाल्ट प्रविधिको प्रयोग गरिएको छ । सहरी सडकको निर्माणमा प्रदेश सरकार तथा नेपाल सरकारका सम्बन्धित निकायहरुसँग समन्वय गरिएको छ । यसबाट पोखराको सडकमा देखिने गरी परिवर्तन आएको छ । अस्फाल्ट प्रविधि प्रयोग गरी निर्माण गरिएका सडकहरु कम्तिमा १० वर्ष टिकाउ हुन सकेको खण्डमा केही वर्षपछि सहरको मुहार नै परिवर्तन हुनेमा दुई मत छैन ।

९. उपेक्षित, उत्पीडित एवं एकल महिलालाई लक्षित गरी थालनी गरिएको उपप्रमुखसँग महिला कार्यक्रम प्रभावकारी भएको हाम्रो मूल्यांकन छ । यस कार्यक्रमले महिलाहरुको आर्थिक क्षमता मात्रै वृद्धि गरेको छैन, उनीहरुको आत्मविश्वास र राज्यका सेवाहरुमा पहूँच पनि वृद्धि भएको छ ।

१०. महानगरले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा विशेष ध्यान दिएको छ । यसै वर्ष बेलायतको London Borough of Barnet सँग भगिनी सम्बन्ध स्थापित भएको छ । यस्तो सम्बन्ध हाम्रा सहरहरुको बीचमा मात्रै सीमित नगरी यसलाई जनस्तरमा विस्तार हुने क्रममा छन् ।

११. नेपाल सरकारले गठन गरेको फेवातालको सिमांकन समितिले तालको सिमांकन सम्पन्न गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पेश गरी नेपाल राजपत्रमा प्रकाशित भइसकेको छ ।

समितिको उक्त कार्य अतुलनीय रहेको र यसमा खटिने सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरु धन्यवादको पात्रहुनुहुन्छ ।

१२. महानगरपालिकाले अविलम्ब फेवाताल क्षेत्रको मापदण्ड सम्मानित सर्वोच्च अदालतको फैसला, यस पूर्व पोखरा उपत्यका नगर विकास समिति र यस महानगरपालिकाले तोकेका मापदण्डहरु तथा रामसार लगायत अन्तर्राष्ट्रिय क्षेत्रमा हामीले गरेका प्रतिबद्धता एवं ताल वरिपरिको वातावरण तथा पर्यावरणीय संवेदनशिलता समेत विचार गरी तोक्ने छ । विषय विज्ञ तथा नेपाल सरकारका मालपोत तथा नापी कार्यालयहरु एवं कर्मचारीहरुको मद्दतले लेखनाथ क्षेत्रका तालहरुको सिमांकन सम्पन्न भएको छ । यसबाट भविष्यमा तालको जग्गा र व्यक्तिगत जग्गाको विवादहरु समाधान हुने तथा तालहरुको गुरुयोजना निर्माण गरी ताल संरक्षण र पर्यटन गतिविधि विस्तार गर्न जगको काम गर्ने विश्वास लिएका छौं । बेगनास क्षेत्रका साना तालहरुको वरिपरिको क्षेत्रमा जग्गा एकीकरण आयोजना लागू गरी ताल क्षेत्रबाट प्राप्त हुने पर्यटकीय लाभ तालसँग जोडिएका सम्पूर्ण जग्गाधनीहरुले प्राप्त गर्ने गरी व्यवस्थापन गर्ने प्रयास गरिएको छ ।

१३. चालु आर्थिक वर्षमा वडा नं. २, ११, १२, २२, ३०, ३२ का कार्यालय भवनहरु सम्पन्न भएका छन् । वडा नं. १९ को कार्यालय सम्पन्नको चरणमा पुगेको छ भने वडा नं. ७ को कार्यालय भवनको निर्माण कार्य तिव्रताका साथ अगाडि बढेको छ ।

१४. सराङकोटमा निर्माणाधीन राष्ट्रिय विभूतिपार्क पोखराको एउटा पर्यटकीय गन्तव्यको रुपमा विकसित हुँदैछ । यसैगरी, सिर्जनाचोकमा पोखराकै पहिलो ओभरहेड ब्रिज सम्पन्न हुने चरणमा पुगेको छ ।

१५. पोखराका सातै ताल जोड्ने गरी साइकल रुट तथा चारै वटा गाउँपालिका जोड्ने गरी वाह्य चक्रपथको प्रारम्भिक रेखांकन सम्पन्न भएको छ । वाह्य चक्रपथको सडक अधिकार क्षेत्र तोकी भविष्यको पुस्ताको लागि विकासको आधार शिला खडा गर्ने कार्य सम्पन्न हुँदैछ ।

**सभाध्यक्षज्यू,**

**अब म, आगामी आर्थिक वर्षको लागि प्रस्तावित बजेटका उद्देश्य तथा प्राथमिकताहरु पेश गर्दछु :**

**<u>बजेटको उद्देश्यहरु</u>**

१. कोभिड-१९ नियन्त्रणको लागि स्थानीय सरकारको तर्फबाट निर्वाह गर्नुपर्ने जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गर्ने

२. महानगरपालिकाको संस्थागत विकासमा लगानी केन्द्रित गरी सेवा प्रवाह र विकासको आधाशिला तयार गर्नु
३. संचालित योजनाहरु सम्पन्न गरी जनतालाई विकासको लाभांश उपलब्ध गराउने
४. दीर्घकालीन नीति निर्धारण गरी महानगरको विकासको जग बसाउने
५. विकास र वातावरणको बीचमा सन्तुलन कायम गर्ने गरी निजी क्षेत्रबाट हुने विकास निर्माणलाई सहजीकरण गर्ने
६. शिक्षा र स्वास्थ्य सेवा जस्ता क्षेत्रमा सुधार गरी मानवीय पुँजी निर्माणमा केन्द्रित हुन
७. भविष्यमा पूर्वाधार निर्माणलाई विस्थापन गरी आर्थिक विकासलाई केन्द्रमा राख्ने गरी स्रोत साधन परिचालन गर्ने ।

**बजेटका प्राथमिकताहरु**

१. कोभिड-१९ को रोकथाम तथा संक्रमितको उपचारमा सक्रियताका साथ सहभागी हुने
२. वडा कार्यालय भवनहरु तथा महानगरको प्रशासनिक भवन निर्माण गरी संस्थागत सुधार गर्ने
३. कनेक्टिङ रोडहरुको निरन्तरता मार्फत् विकटलाई निकट ल्याउने अठोटलाई सार्थक बनाउने
४. सहरी क्षेत्रमा सडक बत्ती विस्तार तथा आस्फाल्ट प्रविधियुक्त सडक निर्माण मार्फत् स्मार्ट पोखरा र सेफर सिटीको नारा कार्यान्वयन गर्ने,
५. स्यानिटरी ल्यान्डफिल साइटको वैकल्पिक व्यवस्था गरी अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा सहजीकरण गर्ने,
६. विभिन्न सामाजिक अभियानहरु मार्फत् जनताको जीवनस्तरमा सुधार गर्ने
७. पर्यटन तथा अन्य पूर्वाधारको क्षेत्रमा निजी लगानी परिचालन गरी रोजगारी सिर्जना र आर्थिक विकासमा योगदान गर्ने,

**सभाध्यक्षज्यू,**

अब म, आगामी आर्थिक वर्षको बजेटले निर्धारण गरेका प्रमुख विनियोजनका क्षेत्रहरु उल्लेख गर्न चाहन्छु :

**पूर्वाधार निर्माणतर्फ :**

**सडक पूर्वाधार**

१. पोखरा महानगरपालिकाको गहनाको रुपमा रहेको बेगनासताललाई पृथ्वी राजमार्गसँग जोड्ने तालचोक बेगनास सडक नेपालकै नमूना सडकको रुपमा निर्माण हुँदैछ । विश्व बैंकको आर्थिक सहयोगमा यो सडक निर्माणको लागि १ अर्ब ५३ करोड रुपैंयाँको बहुवर्षीय बोलपत्र प्रकाशित भइसकेको छ । उक्त सडक निर्माण भएपछि सो क्षेत्र पोखराको नयाँ न्युरोडको रुपमा विकसित हुने विश्वास हामीले लिएका छौं । यस कार्यबाट तालचोक बेगनास क्षेत्रको भौतिक विकासको अलावा बेगनासतालमा हुने पर्यटकीय गतिविधि विस्तार भई उक्त क्षेत्र पर्यटकीय हबको रुपमा विकाशित हुनेछ । नेपाल सरकारको सर्शत अनुदानबाट संचालन गरिने उक्त सडक आयोजनाको लागि आगामी आर्थिक वर्षमा रु. २४ करोड २५ लाख बजेट विनियोजन गरिएको छ ।

**२.** **'विकटलाई निकट'** ल्याउने अठोटका साथ संचालित कनेक्टिङ सडक योजनाहरु आगामी आर्थिक वर्षमा पनि उच्च प्राथमिकतामा रहेका छन् । विजयपुर-माझठाना-बेगनास सडक, कात्रे-बाम्दी-घाँटीछिना सडक, बैदाम-पामे-घाँटीछिना सडक, कास्कीकोट गुन्टेचौर, वनपाले पँदेली कृषि सडक, चितेपानी पुरुञ्चौर रैकर ढाब मर्दी सडक, ठूल्ढुंगा सुर्ताने चैनपुर सुरौंदी सडक, पानी टंकी देउराली भञ्ज्याङ सडक, रैकर बेगनास सडक, भलाम-मौजा सडक, आदि कनेक्टिङ सडकहरु प्राथमिकतामा छन् ।

यसैगरी काहुँखोला पहिरो पानी सडक, खत्रीपहरो खोलावेशी सडक, जनचेतन चिलाउने खर्क, बास्कोट वडा कार्यालय सडक, वडा कार्यालय २२ देखि भुम्दीहुँदै तारेभीर, राधाकृष्ण मार्गहुँदै तिनकुने सडक प्राथमिकता छन् ।

उक्त सडकहरुले पोखराको ग्रामीण भूगोललाई सहरको केन्द्र सम्म, यसैगरी कास्कीका अन्य गाउँपालिकाहरु तथा छिमेकी जिल्लाहरुलाई पोखराको मुख्यबजार क्षेत्र सम्म जोड्न रक्त सञ्चारको काम गर्नेछ ।

३. आगामी आर्थिक वर्षमा सहरी सडकमा अन्य निकायसँगको समन्वयमा कार्यान्वयन गर्ने अस्फाल्ट पिच कार्यक्रमको लागि एकमुष्ट रु.७ करोड विनियोजन प्रस्ताव गरिएको छ । अस्फाल्ट गरिएका सडक कम्तिमा पनि २ वर्ष खन्न स्वीकृति दिइने छैन । निर्माण कार्यको दिगोपनका लागि निर्माण सामग्री गुणस्तर परीक्षण प्रयोगशालालाई स्तर उन्नति गर्दै गण्डकी बहुप्राविधिक शिक्षालय मातहत सञ्चालन गर्ने गरी क्रमश: हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ ।

४. चालु आर्थिक वर्षमा नै ठेक्का सम्झौता भइसकेका र आगामी आर्थिक वर्षको लागि प्रस्तावित कनेक्टिङ सडकतर्फ गरी कुल रु. १ अर्ब २० करोड बजेट प्रस्ताव गरेको छु ।
'मेयर गौरवको आयोजना' को रुपमा लिइएको आरटिओ सडक निर्माणमा आइपरेको प्राविधिक समस्याको मध्यमार्गी समाधान पहिचान गरी उक्त सडकको निर्माण कार्य अगाडि बढाइएको छ । आगामी आर्थिक वर्षमा उक्त सडक निर्माण सम्पन्न हुनेछ ।

५. सहरी तथा ग्रामीण क्षेत्रमा वडा कार्यालयहरुले तोकेको प्राथमिकताको आधारमा साना तथा छोटो दुरीका सडकहरु निर्माण गर्ने प्रस्ताव गरिएको छ । प्रतिवडा कम्तिमा एउटा सडक आयोजना पर्ने गरी उक्त बजेट विनियोजन गरिएको छ । प्रचलित कानुन बमोजिम जनसहभागिता जुटाइ उपभोक्ता समितिहरुले निर्माण गर्न सक्ने यस्ता सडक आयोजनाहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. तीव्र सहरीकरण भइरहेको क्षेत्रमा सडक पूर्वाधारहरुको उच्च माग रहेको र यसको लागि उपभोक्ताहरुबाट ५० प्रतिशतसम्म योगदान गर्न तयार रहेको अवस्था विद्यमान छ । **'हामी बनाउँछौं हाम्रो महानगर'** भन्ने नाराका साथ सञ्चालन गरिने यस्ता आयोजनाहरु सञ्चालनको लागि रु. १० करोड विनियोजन प्रस्ताव गरिएको छ । उक्त रकममा, उपभोक्ताको योगदान रु. १० करोड थप भई रु. २० करोडको कार्य सम्पादन हुनेछ ।

७. सुत्र प्रणालीको अवलम्बनको कारणले यस्ता आयोजनाहरुको सञ्चालनमा लागत रकम घटबढ हुँदा प्राविधिक कठिनाइ आउन सक्ने तथ्यलाई दृष्टिगत गरी यस्ता योजनाको जनसहभागिता वापतको रकम महानगरपालिकामा जम्मा गर्न नपर्ने, बरु उपभोक्ताहरुले आफ्नै खातामा रकम जम्मा गरेको प्रमाण पेश गरेपछि सम्झौता गर्ने तथा ५० प्रतिशत भन्दा थप प्रगति भएपछि मात्रै थप प्रगतिको आधारमा भुक्तानी छाड्ने नीति लिइनेछ । ५ करोड भन्दा बढी लागत स्टिमेट भएका योजनालाई बहुवर्षीय खरिद प्रक्रिया मार्फत् अगाडि बढाइने छ ।

**भवन पूर्वाधारतर्फ :**

८. आगामी आर्थिक वर्षलाई हामीले वडा कार्यालय भवन निर्माणको अभियान वर्षको रुपमा अगाडि बढाइने छ । जग्गाको व्यवस्थापन गरेका र भवन बन्न बाँकी रहेका सबै वडाहरुको भवन निर्माण कार्य आगामी आर्थिक वर्षमा आरम्भ गरिनेछ । कतिपय वडा कार्यालयको भवन निर्माणको लागि सार्वजनिक तथा पर्ति जमिनको उपयोग गर्नुपर्ने वाध्यात्मक अवस्था समेत सिर्जना भएको छ ।

९. वडा नं. ७, ८ र ३१ को कार्यालय भवन निर्माणको लागि जिल्ला समन्वय समितिसँग साझेदारी सम्झौता गरिएको छ । उक्त समितिबाट चालु आर्थिक वर्षमा प्राप्त भएको रु. ५ करोड ८४ लाखको अलावा, अब प्राप्त हुनबाँकी २ करोड १६ समेत परिचालन गरिनेछ । महानगरपालिकाको प्रशासकीय भवन निर्माणको थालनी भएको । पोखरा १२ मा तत्कालीन जिल्लापशु सेवा कार्यालय मातहत रहेको जमिनमा महानगरपालिकाले प्रशासनिक सचिवालय निर्माणको आवश्यक तयारी गरिरहेको छ भने पोखरा ८ मा रहेको पुरानो दमकल भनिने स्थानमा रु. २२ करोडको लागतमा प्रशासकीय भवन निर्माणको बोलपत्र प्रकाशित भइसकेको छ ।

१०. चालु आर्थिक वर्षको बाँकी अवधिमा कास्कीकोट र हेम्जा स्वास्थ्य चौकी भवनहरु निर्माण हुनेछन् । यसैगरी निर्मित संरचना, खासगरी वडा भवन, प्रशासकीय भवन, स्वास्थ्य चौकीहरु तथा विद्यालयहरुको मर्मत संभारको लागि बजेटको व्यवस्था गरिएको छ । आगामी आर्थिक वर्षमा समग्रमा भवन निर्माणतर्फ रु. ३० करोड बजेट

प्रस्ताव गरिएको छ ।

**खानेपानीतथा ढल निकास तर्फका पूर्वाधारहरु :**

११. जापान सरकारको सहयोग निकाय, जाइका नेपालको सहयोग तथा खानेपानी विभागको समन्वयमा पोखराको ढल व्यवस्थापन गुरु योजना तर्जुमाको काम आरम्भ भएको छ ।
पोखरा क्षेत्रलाई विभिन्न भौगोलिक क्षेत्रमा विभाजन गरी पाइपलाइन तथा प्रशोधन केन्द्र रहने स्थानहरु यस अध्ययनमार्फत् तय गरिनेछ । तोकिएको समय तालिकामा सम्पन्न भएमा उक्त कार्य अबको २८ महिनामा सम्पन्न हुनेछ ।

१२. फेवा किनारको बस्ती लेकसाइड क्षेत्रमा लामो समयदेखि माग रहेको उक्त गुरुयोजना कार्यान्वयनले ताल सफाइमा र तालको पानीको गुणस्तर सुधारमा ठोस योगदान गर्ने विश्वास लिइएको छ ।

१३. भरतपोखरी–निर्मल पोखरी साना सहरी आयोजना, लेखनाथ साना सहरी खानेपानी उपभोक्ता समिति, सराङकोट खानेपानी आयोजना, गोतेनबारी गहुँकाट्ने खानेपानी आयोजना, सहलगानी खानेपानी आयोजना लगायतका ठूला तथा विभिन्न वडामा संचालनमा रहेका साना आयोजनाहरुको निर्माणमा महानगरपालिकाले यस पूर्व गरेको प्रतिबद्धता बमोजिमको दायित्व निर्वाह गर्ने गरी स्रोत परिचालन गरिएको छ ।

१४. **'एक घर, एक धारा'** को नारा गण्डकी प्रदेश सरकारको मात्रै अभियान नभई यस महानगरपालिकाको पनि अभियान हो । उक्त अभियानलाई सार्थक बनाउन आगामी आर्थिक वर्षमा यस महानगरमा संचालित र संचालनको तयारी गरिरहेका सम्पूर्ण आयोजनाहरुले समेट्ने क्षेत्रहरुको म्यापिङ गरिनेछ । खानेपानीको क्षेत्रमा हाल सम्म गरेका प्रयासहरुको अध्ययन गर्दै, विगतमा बनेका तर मर्मत संभारको अभावमा संचालनमा नरहेका आयोजनाहरुको मर्मत संभार गर्ने तथा हाल सम्म खानेपानीको सेवा नपाएका घरहरुको पहिचान गरी त्यस्ता क्षेत्रको लागि उपयुक्त हुने खानेपानी स्रोतको खोजी गरी सबैलाई आधारभूत खानेपानी सुनिश्चित हुने गरी अध्ययन सम्पन्न गरिनेछ ।

१५. जापान सरकारको सहयोगमा संचालित खानेपानी आयोजना शीघ्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । उक्त आयोजनाले पाइपलाइन विस्तारको क्रममा बिग्रेको सडक मर्मतको लागि थप पहल गरिनेछ । समग्र खानेपानी आयोजनाहरुको कार्यान्वयनको लागि रु. ११ करोड ६३ लाख बजेट प्रस्ताव गरिएको छ ।

**सहरी सौन्दर्यकरण र सडकबत्ती तथा पूर्वाधार तर्फको विविध :**

१६. **'हाम्रो पोखरा, उज्यालो पोखरा'** अभियानलाई सफल बनाउन नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा कोर सिटीमा सडक बत्तीको व्यवस्थापन गर्ने कार्यको थालनी गरिएको छ । उक्त कार्यको लागि प्राधिकरणले १३ करोडको लागत भएको बोलपत्र समेत प्रकाशित भइसकेको छ । सो आयोजनाको लागि महानगरपालिकाको तर्फबाट ५० प्रतिशत लागत व्यहोरिने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१७. अस्फाल्ट प्रविधिबाट गरिएको पिच सडक आवश्यकता अनुसार पखाल्न मिल्ने गरी कष्टमाइज गरिएको एक थान सवारी साधन र सोही सडक सफा गर्न १ थान ब्रुमर खरिद गर्न रु.२ करोड ५० लाख बजेट प्रस्ताव गरेको छु । जलकुम्भी हटाउन खरिद गरिएको साधनको आवधिक मर्मत संभार गरिनेछ ।

१८. महानगरपालिकामा पूर्वाधार निर्माणको गुणस्तर परीक्षणको लागि स्थापना गरिएको प्रयोगशालाको स्तरोन्नति गरिनेछ । प्रयोगशालामा यन्त्र तथा उपकरणहरु थप गरिनेछ र यसलाई महानगरपालिकाको एउटा आम्दानी गर्ने एकाइको रुपमा विकास समेत गरिनेछ । प्रयोगशालाको क्षमता विस्तामा रु. १ करोड बजेट प्रस्ताव गरेको छु ।

१९. महानगरपालिकामा रहेको यान्त्रिक शाखालाई स्रोत साधन युक्त बनाइने छ । यान्त्रिक शाखालाई विविध सामग्रीहरुको मर्मत सम्भार गर्न आवश्यक उपकरणहरु खरिद गर्न बजेटको व्यवस्था गरेको छु ।

**ल्यान्डफिल साइट व्यवस्थापन :**

२०. आगामी आर्थिक वर्ष पोखरामा निर्माण भइरहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउन लागेको छ ।

यो हामी सबैको लागि खुशीको कुरा हो । उक्त विमानस्थल सञ्चालनको लागि तीन तहका सरकारहरुले आफ्नो स्थानबाट आवश्यक सहयोग गर्नुपर्ने हामीले महसुस गरेका छौं । महानगरपालिकाको प्रमुख जिम्मेवारीको रुपमा रहेको फोहोर व्यवस्थापन र वैकल्पिक ल्यान्डफिको तयारी गर्न ढिलाइ भइसकेको छ । आगामी आर्थिक वर्षमा ल्यान्डफिल साइट व्यवस्थापनको लागि जमिन खरिद, आवश्यक थप जमिनको भोगाधिकार लिने लगायतका कार्य गर्न आवश्यक छ । जमिन एकीन भइ सकेपछि वातावरण प्रभाव मूल्यांकनसहित विस्तृत परियोजना प्रतिवेदन तयारी समेत गर्नुपर्ने अवस्था रहेको छ । जग्गा प्राप्ति तथा आयोजनाको अन्य तयारी गर्न एकमुष्ट रु ८ करोड बजेट प्रस्ताव गरेको छु । सो रकमबाट विमानस्थल सञ्चालनको लागि आपतकालीन अवस्थामा अस्थायी ल्यान्डफिल व्यवस्था गर्ने कार्यमा समेत खर्च व्यवस्था गरिनेछ ।

२१. कोइका नेपाल तथा युएनडिपीको सहयोगमा पुन:प्रयोग हुन सक्ने फोहोरमैला व्यवस्थापनमा नयाँ प्रयोग गर्ने सम्बन्धी अध्ययन हुँदैछ । पुन:प्रयोग हुन सक्ने फोहोरमैला केन्द्रीय बजार विकास गर्ने यो कार्यक्रमको सोच रहेको छ । उक्त कार्यक्रमको लागि आवश्यक सहयोग उपलब्ध गराइने छ ।

२२. हाल संचालित ल्यान्डफिल क्षेत्रका स्थानीय समुदायको माग सम्बोधन गर्न बहुवर्षीय सडक निर्माण योजना संचालन भइरहेको छ । उक्त योजना समेत ल्यान्डफिल क्षेत्रको समग्र विकासमा रु. २ करोड र नगरस्तरीय योजनामा थप ५० लाख विनियोजन गरेको छु । गण्डकी प्रदेश सरकारसँग समन्वय गरी वडा नं. १४ र वडा नं. २१ को बीचमा प्राविधिक हिसाबले उपयुक्त स्थानमा मोटरेबल पुलको सम्भाव्यता अध्ययन गरिनेछ ।

**सुशासन तथा सेवा प्रवाह**

२३. कर्मचारीहरुको लागि नेपाल सरकारले वृद्धि गरेको तलब सुविधा, तथा तलबसहितको पर्यटन काजलाई हुवहु लागू गर्ने गरी विनियोजन प्रस्ताव गरेको छु । यसैगरी, बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालयका कर्मचारी, महिला स्वास्थ्य स्वयंसेविका तथा नगर प्रहरीको रासन सुविधा समेत संघीय बजेटको आधारमा मिलान गरिएको छ । महानगरको सेवाप्रवाहलाई गुणस्तरीय, कार्य सम्पादनलाई नतिजामुखी बनाई सुशासन कायम गर्न कर्मचारीको मनोबल उच्च राख्न अपरिहार्य छ । त्यसका लागि कर्मचारीहरुलाई जिम्मेवार बनाई उनीहरुको क्षमतापूर्ण उपयोगको लागि अभिप्रेरित गर्न आवश्यक भएकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराइने छ ।

२४. स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समायोजन मिलानपछि सिर्जना हुने दायित्वको लागि पर्याप्त स्रोत विनियोजन गरेको छु । समायोजन मिलानपछि कर्मचारीहरुमा टिम वर्क भावनाको विकास हुने र काममा सिनर्जी पैदा हुने विश्वास लिइएको छ । कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि प्रशिक्षण, तालिम तथा अध्ययन भ्रमण जस्ता कार्यक्रमहरु प्रस्ताव गरिएका छन् । क्याफटेरिया मोडलमा कर्मचारीले आफ्नो तालिम आवश्यकता पहिचान गरी स्वयं छनोट गर्ने अवसर प्रदान गरिनेछ ।

२५. महानगरको सुरक्षा प्रबन्ध मजवुत बनाउन, अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन तथा फोहोरमैला बिसर्जनको निगरानी गर्न सकिने गरी एकीकृत सिसिटिभी जडान कार्यक्रमको लागि टेन्डर आह्वान भइसकेको छ । जिल्ला प्रहरी कार्यालयमा कन्ट्रोलकक्ष रहने गरी, तथा आवश्यकता अनुसार नगर प्रहरी तथा अन्य सुरक्षा निकायहरुले पनि प्रयोग गर्ने गरी उक्त कार्य सम्पादन गरिनेछ । यस कार्यको लागि आवश्यकता अनुसार स्थानीय प्रशासनसँग साझेदारी सम्झौता गरिनेछ ।

२६. महानगरपालिकाले चालु आर्थिक वर्षमा कार्यरत कर्मचारीहरुबाट १४ जनालाई नगर प्रहरीतर्फ स्थानान्तरण गरेको छ र यसबाट नगर प्रहरीको सेवा केही प्रभावकारी हुन पुगेको छ ।

स्थानीय स्तरमा निगरानी, अनुगमन तथा कानुन कार्यान्वयनमा खटिनुपर्ने नगर प्रहरीतर्फ आगामी आर्थिक वर्षमा थप जनशक्ति पदपूर्ति गरिने छ ।

पोखरा ९ मा रहेको वारुणयन्त्रसँगै, पोखरा उपत्यका नगर विकास समितिको तर्फबाट नगर प्रहरीको ब्यारेक बनाउने प्रयोजनको लागि १ रोपनी जमिन उपलब्ध भएको छ । उक्त स्थानमा ब्यारेक तथा कार्यालय कक्षहरु निर्माण गरी, आगामी दिनमा नगर प्रहरीलाई २४ सै घण्टा, सातै दिन सेवामा खटिने गरी परिचालन गर्ने नीति रहेको छ ।आगामीआर्थिक वर्षमा नगर प्रहरी ब्यारेक सम्पन्न भई प्रयोगमा आउने छ । नगर प्रहरीलाई थप स्रोत साधनले युक्त बनाउन रेडियो सेटको व्यवस्था गर्ने, तथा मोटरसाइकल गस्ती तथा निगरानी गर्ने प्रयोजनको लागि (केही थान) मोटर साइकल उपलब्ध गराउने गरी बजेटको प्रबन्ध गरेको छु ।

२७. विभिन्न दिवस तथा कार्यक्रमको सन्दर्भ पारी उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा सामाजिक संघसंस्था तथा करदातालाई सम्मान तथा नगद पुरस्कार प्रदान गरिनेछ ।

२८. पर्याप्त अध्ययन विश्लेषण बिना दीर्घकालीन दायित्व सिर्जना हुन नदिने गरी, साधारण खर्चलाई वाञ्चित सिमा भित्र राख्दै मानवीय साधनको उच्चतम् उपयोग मार्फत् संस्थाको उद्देश्य हासिल गर्न तयार गरिएको प्रस्तुत बजेट तथा कार्यक्रममा प्रशासनिक क्षेत्रतर्फ कुल रु. ५२ करोड ५२ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

**वातावरण तथाविपद् व्यवस्थापन**

२९. महानगरपालिकामा रहेको अग्नी नियन्त्रणका उपकरणहरु क्रमश: पुरानो हुँदै गएर कार्यक्षमतामा ह्रास आउन थालेकोले, आगामी आर्थिक वर्षमा कम्तिमा १ थान अत्याधुनिक अग्नी नियन्त्रण साधन खरिद गरिने छ । यस्तो साधन खरिद गर्दा बहुतले भवनमा हुने सक्ने प्रकोप नियन्त्रण गर्न सक्ने क्षमतालाई विशेष ध्यान दिइनेछ ।

३०. कोभिड-१९ नियन्त्रण, तथा अन्य प्रकोपहरु पश्चात राहत, उद्दार र मर्मत संभारको लागि परिचालन गर्ने गरिएको प्रकोप व्यवस्थापन कोषमा रु.२ करोड ५० लाख करोड विनियोजन गर्ने प्रस्ताव गरेको छु । नेपाल रेडक्रसको सहयोगमा तयार भएको स्वयंसेवक परिचालन कार्यविधिलाई कार्यान्वयन गरिनेछ भने विपद् प्रतिकार्य योजनालाई अन्तिम रुप दिई प्रकाशन गरिनेछ ।

३१. नयाँ निर्माण भएका सडक किनारमा वृक्षरोपण गर्ने, सार्वजनिक शौंचालयहरु निर्माण तथा मर्मत गर्ने, चौताराहरुको मर्मत तथा संरक्षण गर्ने, पोखरी तथा धाराहरुको जीर्णोद्धार गर्ने, पार्क तथा बाटिकाहरु निर्माण गर्ने जस्ता वातावरण क्षेत्रका कार्यक्रमहरुको लागि बजेट विनियोजन गरिएको छ ।

**पर्यटन विकासतर्फ :**

३२. पर्यटनको राजधानी सहर पोखरामा पर्यटन विकासको लागि विविध गतिविधिहरु संचालन गरिनेछ । पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने कार्यक्रमहरुमा लागत साझेदारी गरिनेछ । पोखराको प्रमुख पर्यटकीय क्षेत्र फेवातालको वरिपरि पदमार्ग निर्माण गर्न रु.१ करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

३३. होमस्टेहरुको क्षमता विकास गर्ने, पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रका संघ संस्थाहरुसँग हातेमालो गर्ने, पर्यटन प्रवर्द्धनको लागि फेस्टिबल, महोत्सव, तथा विशेष कार्यक्रमहरु आयोजना गरिनेछ । आगामी आर्थिक वर्षमा पोखराको 'पर्यटन गुरुयोजना' तर्जुमा गरिनेछ । पर्यटन विकासलाई थप प्राथमिकता दिन महानगरपालिकामा पर्यटन शाखा स्थापना गरिनेछ । पर्यटन बसपार्क तथा अन्तर्राष्ट्रिय विमानस्थलमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ । उक्त कार्यहरुको लागि रु. २० लाख विनियोजन गरिएको छ ।

३४. पोखराको पर्यटनमा कोसे ढुंगा सावित हुने विश्वास लिइएको पोखरा क्षेत्रका सात ताल जोड्ने गरी खाका तयार भएको साइकल रुटको प्रवर्द्धन तथा विकासको लागि रु. ५० लाख बजेट प्रस्ताव गरिएको छ । पोखरा २८ ठूलाकोटमा **'अस्टोनोमी पार्क'** निर्माण गर्न प्रदेश सरकारसँग साझेदारी गरिनेछ । पोखरा ६ मा रहेको वसुन्धरा र कामागाने पार्कमा थप पूर्वाधार निर्माण गर्न १ करोड बजेट विनियोजन गरेको छु ।

३५. पोखराको भगिनी सम्बन्ध स्थापना भएका नगरहरुको सम्मेलन आयोजना गर्न नेपालका नियोगहरु मार्फत् पहल गरिनेछ । कोभिडको अवस्था मूल्यांकन गरी उक्त कार्यक्रम तर्जुमा गरिनेछ । उक्त कार्यक्रम पोखराको पर्यटन प्रवर्द्धनमा सार्थक सिद्ध हुनेछ ।

३६. पोखरा टावर निजी क्षेत्रको समेत लगानीमा निर्माण गर्ने गरी संभाव्यता अध्ययन गरिनेछ । उक्त कार्यक्रमको

लागि रु. १० लाख विनियोजन गरिएको छ भने पोखरा वडा नम्बर ४ को उपयुक्त स्थानमा **'कोसेली घर'** निर्माण गरिनेछ ।

३७. पर्यटनसँग जोडिएका पूर्वाधारहरु निर्माणमा निजी लगानी प्रोत्साहन गर्ने तथा कम लागतका पर्यटकीय पूर्वाधार तत्कालै निर्माण गर्ने जस्ता कार्यक्रमहरु संचालन गरी समग्र पर्यटन क्षेत्रको विकास गरिनेछ । आगामी आर्थिक वर्षमा पर्यटन र वातावरणमा २६ करोड ६७ लाख बजेट विनियोजन प्रस्ताव गरेको छु ।

**कोभिड-१९ नियन्त्रण समेत समग्र स्वास्थ्य क्षेत्रः**

३८. नेपाल सरकारले हाल सम्म कोभिड विरुद्धको खोप खरिदको लागि स्थानीय तहहरुले जिम्मेवारी प्रदान नगरेको कारणले यस प्रयोजनको लागि तत्काले बजेट प्रस्ताव गरिएको छैन, तर यो जिम्मेवारी प्राप्त भएमा बजेट समायोजन गरी कम्तिमा ५० हजार खोप खरिदको प्रबन्ध गर्न सक्ने गरी तयारी गरिएको छ । खोप उपलब्ध गराउने विषयमा भगिनी सम्बन्ध भएका नगरहरुका नगर प्रमुखलाई अनुरोध गरिएको छ ।

३९. कोभिड-१९ नियन्त्रणको लागि नेपाल सरकारले स्थानीयतहले सम्पादन गर्ने भनी तोकेका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गरिनेछ । हाल सञ्चालनमा रहेको आइसोलेसन, पिसिआर नमूना संकलन, कोभिड अस्पतालको स्तरउन्नति तथा संचालनका लागि ३ करोड विनियोजन गरेको छु । शव व्यवस्थापनमा केन्द्रित रहँदै, प्राप्त हुने जिम्मेवारीलाई प्रभावकारीताका साथ सम्पादन गरिनेछ ।

४०. कोभिड-१९ नियन्त्रणको लागि हालै स्थापना गरिएको शिशुवा अस्पतालको कोभिड वार्ड संचालन तथा शिशुवा अस्पतालको संचालन समेतको लागि रु. ३ करोड ५० लाख विनियोजन प्रस्ताव गरेको छु । हाल कोभिड वार्ड संचालित साविकको लेखनाथ नगरपालिकाको परिसरमा शिशुवा अस्पताल स्थानान्तरणको लागि एउटा प्रशासनिक भवन निर्माणको डिपिआर तयार गर्न बजेट प्रस्ताव गरिएको छ । उक्त अस्पताल भवन निर्माणको लागि लायन्स क्लब लगायत सहयोगी हातहरुको खोजी गरिनेछ ।

४१. कोभिडको कारण रोगजारी गुमाएकाहरुलाई लक्षित कार्यक्रम सञ्चालन गर्न कृषि र सामाजिक विकास क्षेत्रबाट २५ लाख प्रस्ताव गरिएको छ । रोजगारी लक्षित संघीय सरकारका कार्यक्रम तथा प्रदेश सरकारका कार्यक्रमसँग आवद्ध गरी उक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. महानगरपालिका भित्र महानगरपालिका स्वयंले संचालन गरेका वा आवश्यकता अनुसार अन्य निकायले संचालन गरेका एम्बुलेन्स सेवालाई एकीकृत र समन्वयात्मक रुपमा परिचालन गर्न पोखरा १२ को वडा कार्यालय परिसरमा एम्बुलेन्स स्टेसन स्थापनाको कार्य आरम्भ भइसकेको छ । उक्त आयोजनाको लागि रु. १ करोड बजेट प्रस्ताव गरिएको छ । उक्त स्थानबाट ३ अंकको टेलिफोन मार्फत एम्बुलेन्स सेवा उपलब्ध गराउने महानगरपालिकाको नीति रहेको छ । सो कार्यको लागि अन्य स्थानीय तह र इच्छुक संस्थाहरुसँग साझेदारी समेत गर्न सकिने छ । आर्थिक वर्षमा खरिद गर्ने तयारी भइरहेको 'ख' श्रेणीको एम्बुलेन्स पनि सोही स्टेसनबाट परिचालित हुनेछ । उक्त एम्बुलेन्सले सेवा आरम्भ गरेपछि गम्भीर अवस्थाका तथा हेलिकप्टरको खर्च व्यहोर्न नसक्ने बिरामीलाई चिकित्सकको निगरानीमा अन्य विशिष्ट अस्पतालहरुमा पठाइ जीवन बचाउने कार्यमा उपयोगी सावित हुनेछ ।

४३. नेपाल सरकारले निशुल्क उपलब्ध गराउने भनी प्रतिबद्धता गरिएका औषधीहरु र अत्यावश्यक औजारहरु खरिद गर्न थप रु. ६० लाख बजेट प्रस्ताव गरेको छु ।

चालु आर्थिक वर्षमा ४ वटा स्वास्थ्य संस्था थप गरिएका छन् । संचालनमा रहेका स्वास्थ्य संस्थामा पर्याप्त जनशक्ति नभएकोले सेवाप्रवाहको लागि स्वास्थ्यकर्मीहरुको दरवन्दी पुनरावलोकन प्रस्ताव गरिएको छ । थपिएका स्वास्थ्यकर्मीहरुको पारिश्रमिक, स्वास्थकर्मीलाई जोखिमभत्ता लगायतको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४४. आयुर्वेद तथा बैकल्पिक उपचार पद्धतिको विकास र प्रवर्द्धन गर्न ४० लाख बजेट प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षमा वडा नं. २३ चापाकोटमा स्वास्थ्य चौकीको भवन निर्माणको लागि रु. १ करोड

प्रस्ताव गरिएको छ भने वडा नं. २८ कालिका स्वास्थ्य चौकीको तला थप गरिनेछ ।

४५. नसर्ने रोगहरुको लागि निदानात्मक सेवालाई स्वास्थ्य संस्थामार्फत् विस्तार गरिनेछ । यस कार्यको लागि ४० लाख बजेट प्रस्ताव गरिएको छ । गर्भवती महिला तथा बालबालिकाहरुको पोषण प्रवर्द्धन गर्ने कार्यक्रम संचालनको लागि रु. २० लाख बजेट प्रस्ताव गरिएको छ ।

४६. सहरी केन्द्रमा स्थायी जनसंख्याको अलावा अस्थायी बसोवासीहरुको कारणले आधारभूत स्वास्थ्य सेवामाचाप पर्ने र स्वास्थ्य सेवाबाट यस्ता व्यक्तिहरुलाई वञ्चित गर्न नसकिने कारणले संघीय सरकारले संचालन गरेका जनस्वाथ्यतर्फका कार्यक्रमहरु सु-संचालनको लागि प्राय सबै शीर्षकमा बजेट अपुग हुने भएकोले उक्त कार्यक्रमहरु कार्यान्वयनको लागि अपुग हुने स्रोत सुनिश्चित गरिएको छ ।

४७. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई संघीय सरकारले तोकेको सुविधाउपलब्ध गराउने गरी बजेट प्रस्ताव गरिएको छ । उक्त कार्यको लागि रु.७० लाख बजेट प्रस्ताव गरिएको छ । यसबाट महानगरमा कार्यरत ६५६ जना स्वयंसेवीकाहरु प्रत्यक्ष लाभान्वित हुनेछन् ।

४८. सहरी क्षेत्रमा संचालनमा रहेका नगर स्वास्थ्य केन्द्रको संचालन खर्च महानगरपालिकाले नै व्यहोर्नु पर्ने तथ्यलाई ध्यानमा राखी, साविकमा संचालित तथा हाल थप गरिएको सम्पूर्ण नगर स्वास्थ्य केन्द्रहरुको संचालन खर्च एकमुष्ट रु. ५ करोड ३० लाख विनियोजन गरेको छु । स्वस्थ्य संस्थाहरुको भवन मर्मतको लागि रु. ५० लाख प्रस्ताव गरिएको छ । समग्र स्वास्थ्य क्षेत्रको विकासको लागि रु. २१ करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

**सार्वजनिक निजी साझेदारी :**

४९. पोखरा महानगरपालिका नेपालको पर्यटकीय राजधानी तथा आर्थिक विकासको केन्द्र भएको कारणले यस क्षेत्रमा निजी लगानी आकर्षित गर्न सकिने प्रसस्तै सम्भावना रहेको छ । यसै तथ्यलाई आधार मानी महानगरपालिकाले सार्वजनिक निजी सोझेदारी ऐन तर्जुमा गरी विभिन्न पर्यटकीय तथा पर्यावरण संरक्षणका आयोजनाहरुमा निजी लगानी आह्वान गरिएको थियो । उक्त आयोजनाहरु मध्ये केही आयोजनाहरु सम्झौताको चरणमा पुगेको तथा केही आयोजनाहरुमा तयारीको क्रममा रहेको छ । हाल प्रकृयामा रहेका आयोजनाहरुमा निजी लगानी अनुमानित रु. १० अर्ब रकम प्रवाह हुने हाम्रो अनुमान रहेको छ ।

५०. सानिसाबाट परिचालन हुने पुँजी महानगरपालिकाले ५ वर्षमा गरेको विकास बजेटको हाराहारी रकम हो । यसबाट ठूलो संख्यामा रोजगारी सिर्जना हुने, साथै महानगरपालिकाले रोयल्टी मार्फत् आन्तरिक आम्दानी विस्तार गर्न सक्ने देखिएको छ । यसको अलावा, महानगरपालिका, प्रदेश सरकार तथा संघ सरकारले विभिन्न प्रकारका करहरु मार्फत आय वृद्धि हुनेछ ।

५१. सानिसा अवधारणा बमोजिम फेवातालको स्रोत नदीहरुमा निर्माण भएको सिल्टेसन ड्यामको मर्मत संभार र थपपूर्वाधार निर्माणको लागि आयोजना सम्झौता सम्पन्न भएको छ ।
उक्त कार्यबाट प्रतिवर्ष तालमा बगेर आउने १ लाख घन मिटर भन्दा ज्यादा सामग्री सोही स्थानमा नै रोकिइ हाल विद्यमान ताल पुरिने गतिलाई कम गर्न सकिने विश्वास लिएका छौं ।
यस पश्चात पनि पानीमा घुलेर आउने पाँगोमाटोले सुस्त गतिमा नै तालपुर्ने क्रम भने जारी नै रहने तथ्यलाई हृदयंगम गरी तालमा पर्यटकीय गतिविधि संचालन गर्दा तालमा यसरी आउने माटो व्यवस्थापन गर्ने शर्तका साथ प्रक्रिया अगाडि बढाइएको छ । उक्त योजनाको विषयमा सरोकारवालाहरुले व्यक्त गरेको गुनासोलाई सम्बोधन गरिने छ ।

**शिक्षा, संस्कृति, युवा तथा खेलकुद क्षेत्र**

५२. महानगरपालिकामा प्रज्ञा प्रतिष्ठानको गठन गरिएको छ । यस प्रतिष्ठानले पोखरा क्षेत्रको कला, साहित्य, गीत, संगीत जस्ता क्षेत्रमा प्रवर्द्धनात्मक, संरक्षणात्मक तथा अनुसन्धनात्मक कार्य सम्पादन गर्ने हामीले विश्वास लिएका छौं । आगामी आर्थिक वर्षको लागि प्रज्ञा प्रतिष्ठानको लागि रु. ३० लाख बजेट विनियोजन गरिएको

छ ।

५३. पोखराका युवाहरुलाई यहाँको विकास प्रक्रियामा जोड्न तथा युवाहरुको चौतर्फी विकासको क्षेत्र मानी नीतिगत सुझावका साथै युवा स्वरोजगार, आयआर्जन तथा युवा लक्षित कार्यहरुमा महानगरपालिकालाई सहयोग गर्न महानगर युवा परिषद् गठन गरिएको छ । युवा परिषद्लाई आफ्ना कार्यक्रम संचालनको लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

५४. गण्डकी प्रदेश तथा पोखरा क्षेत्र नेपालको खेल क्षेत्रको लागि उर्वरभूमि हो । यही माटोमा जन्मे हुर्केका कैयौं युवाहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद मञ्चमा पनि आफूलाई पटक पटक प्रमाणित गरेका छन् । आहार ारा गोल्डकप यस सहरको पहिचानको रुपमा स्थापित भइसकेको छ भने पोखरा म्याराथन प्रतियोगितालाई यस सहरको अर्को खेल क्षेत्रको महत्वपूर्ण वार्षिक गतिविधिको रुपमा विकास गर्ने हाम्रो प्रतिबद्धता रहेको छ । यिनै खेल गतिविधिहरुमा साविकमा गरिएका सहयोगलाई निरन्तरता दिन तथा विद्यालय अन्य खेल गतिविधिहरु संचालन गर्न रु.१ करोड ५५ लाख बजेटको व्यवस्था गरिएको छ । महानगर खेलकुद समितिले उक्त कार्यहरुको समन्वय गर्नुका साथै सम्बन्धित इकाइलाई आवश्यक सहजीकरण समेत गर्नेछ ।

५५. अन्तर विद्यालय मेयर कप आयोजना गर्नका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु । यसबाट विद्यार्थीहरुलाई शैक्षिक गतिविधिको अलावा, खेलकुद लगायतका अतिरिक्त क्रियाकलापमा संलग्न हुने अवसर प्राप्तहुने र भविष्यको लागि खेलाडी उत्पादन गर्न मद्दत पुग्ने विश्वास लिएको छु ।

५६. गण्डकी बहुप्राविधिक शिक्षालयमा शैक्षिक कार्यक्रमहरु विस्तार गर्ने तथा शिशुवा अस्पतालसँगको सहकार्यमा स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादनको लागि आवश्यक पूर्वाधारहरु तयार गर्ने कार्यक्रम रहेको छ । शिक्षालय संचालनका लागि आवश्यक रकम प्रस्ताव गरिएको छ ।

५७. आगामी आर्थिक वर्षमा उक्त शिक्षालय भवन निर्माणको लागि विशेष अनुदान स्वरुप संघीय सरकारबाट प्राप्त अनुदानसहित ४ करोड बजेट प्रस्ताव गरेको छु । भवन निर्माणको लागि रु. १६ करोडको लागत अनुमान तयार भएकोले बहुवर्षीय योजनाको रुपमा भवन निर्माण आरम्भ गरिनेछ ।

५८. बाल विकासका कक्षा कोठा सजावट तथा खेल सामग्री खरिद कार्यको लागि रु.१० लाख विनियोजन गरिएको छ । विद्यार्थी तथा शिक्षकको व्यक्तित्व विकास र आत्म अनुशासनको लागि '**विद्यालय ऐना कार्यक्रम**' प्रस्ताव गरिएको छ । यसैगरी, विद्यालयहरुलाई राष्ट्रिय कोड बमोजिम रंग रोगन गर्न रु. २ करोड बजेट प्रस्ताव गरिएको छ ।

५९. महानगर भित्रका १ सय वटा विद्यालयमा विद्यालय हरियाली कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि आवश्यक रकम प्रस्ताव गरिएको छ । विद्यालयहरु तथा कक्षा कोठाहरुलाई बाल मैत्री एवं अपांगमैत्री बनाउने गरी मर्मत सुधार एवं निर्माणको लागि रु. १ करोड २० लाख विनियोजन गरिएको छ ।

६०. बालविकास सहयोगी कार्यकर्ता, विद्यालय सहयोगी तथा विद्यालय कर्मचारीको लागि संघीय सरकारले बृद्धि गरेको सुविधा कार्यान्वयन गर्न रु.४ करोड ६० लाख विनियोजन प्रस्ताव गरिएको छ । उक्त कार्यक्रमबाट कुल ५ सय जना प्रत्यक्ष लाभान्वित हुनेछन् । शिक्षातर्फ बजेट १ अर्ब ४९ करोड विनियोजन प्रस्ताव गरिएको छ ।

**वडा कार्यालयहरु तर्फ :**

६१. आगामी आर्थिक वर्षदेखि भूगोल, जनसंख्या, विकासको अवस्था, राजश्व परिचालन र खर्च क्षमता जस्ता सूचक तर्जुमा गरी सुत्रको आधारमा वडा कार्यालयबाटै खर्च गर्ने गरी रु. ३९ करोड ६० लाख रकम वडातर्फ विनियोजन गरिएको छ । वडा कार्यालयहरुलाई भूगोल, जनसंख्या, राजश्व परिचालनमा गरेको योगदान तथा चालु आर्थिक वर्षमा गरेको पूँजीगत बजेट खर्चको आधारमा सूचकहरु तर्जुमा गरी चालु आर्थिक वर्षमा विनियोजन भएको रकम भन्दा न्यून नहुने गरी, अधिकतम् रु. १ करोड ५४ लाख पर्ने गरी बजेट विनियोजन गरिएको छ । सम्पूर्ण वडा कार्यालयहरुले उक्त बजेटलाई बाँडफाट गरी विवरण पेश भइसकेको छ । सो बजेट विनियोजन गर्दा सडक पूर्वाधार, खानेपानी आयोजना, पार्क तथा खेलमैदान निर्माण, विद्यालयहरुमा पूर्वाधार

निर्माण जस्ता क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन भएको छ ।

६२. तालिम तथा क्षमता विकासका कार्यक्रम, स्वरोजगार कार्यक्रमहरु, सामाजिक परिचालनका कार्यक्रमहरु तथा चौतारी तथा पोखरी संरक्षण एवं सिँचाइ कुलो निर्माण एवं मर्मत जस्ता कार्यक्रमहरु समेत समावेश भएका छन् । वडा कार्यालयहरुले मर्मत संभार तथा विपद् व्यवस्थापन तर्फ समेत कोष निर्माण गरी बजेट विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षको लागि वडा कार्यालयहरुले क्षमता विकासको लागि आवश्यक पर्ने यन्त्र उपकरणहरु खरिदको लागि समेत चालु खर्चतर्फ बजेट विनियोजन गरेको छु । यसबाट वडाको सेवाप्रवाहमा गुणात्मक सुधार हुने विश्वास लिइएको छ ।

**सूचना प्रविधि:**

६३. आजको युग प्रविधिको युग हो । सूचना प्रविधिको प्रयोगले आज हामी एक क्लिकमा कैयौं सेवालिन सक्ने अवस्थामा पुगेका छौं । महानगरपालिकाबाट प्रदान गरिने सेवाहरुमा पनि यस्तो सुविधा थप गर्नुपर्ने आवश्यकता छ । डिजिटल वालेटबाट व्यवसाय कर दाखिला गर्न मिल्ने गरी पूर्वाधार तयार भइसकेको छ भने, अन्य करहरुको विषयमा पनि आवेदन गर्ने, कर दाखिला गर्ने तथा त्यसको निस्सा प्रविधिबाट पठाउनेतर्फ आवश्यक कार्य गरिनेछ । यसका लागि ६४ लाख बजेट प्रस्ताव गरेको छु ।

६४. महानगरपालिकाका वडाहरुमा अप्टिकल फाइबर सहितको इन्टरनेट जडान गरिएको छ । नेपाल टेलिकम सँगको साझेदारीमा विद्यालयमा इन्टरनेट सुविधा विस्तारको सम्झौता भएको छ ।

६५. महानगरपालिकामा रहेको सर्भरको क्षमता विकास गर्ने, प्रयोग भइरहेका, राजश्व, जिन्सी, लेखा, हाजिरी, घर नक्सातर्फका सफ्टवेयरहरुको प्रभावकरिता बढाउने, योजना संचालनको लागि सफ्टवेयरको प्रयोग थालनी गर्ने जस्ता कार्य निर्धारण गरिएको छ ।

६६. **'डिजिटल पोखरा'** अभियानलाई सघाउ पुऱ्याउने, आइसिटीसँग सम्बन्धित पूर्वाधार विकासमा योगदान गर्ने नीति समेत रहेको छ । शिक्षा क्षेत्रमा डिजिटल डिभाइडलाई कम गर्न सूचना प्रविधि मैत्री कक्षा कोठा निर्माणलाई प्राथमिकतामा राखिएको छ । उक्त कार्यको लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

**कृषि,पशु सेवा तथा सहकारीतर्फ:**

६७. साना सिँचाई कार्यक्रम मार्फत् ग्रामीण क्षेत्रका कुलो तथा नहरहरुको मर्मत, स्रोत संरक्षण जस्ता कार्य गरिनेछन् । वडा तर्फबाट विनियोजित बजेटको अलावा, साना सिँचाइ क्षेत्रमा रु. १ करोड बजेट विनियोजन प्रस्ताव गरिएको छ ।

६८. कृषि विकासतर्फ यन्त्र तथा औजार खरिदमा अनुदान, बिऊविजनमा अनुदान तथा बिरुवा वितरण, कृषि उपजको समर्थन मूल्य तोक्ने जस्ता कार्यहरु प्रस्ताव गरिएको छ । कृषि सम्बन्धी यन्त्र उपकरण वितरणको लागि रु. २५ लाख अनुदान प्रस्ताव गरिएको छ ।

६९. कृषि उत्पादनमा प्रोत्साहन अनुदान प्रदान गर्ने गरी कार्यक्रम प्रस्ताव गरिएको छ । त्यसबाट सुन्तला बगैंचा संरक्षण एवं विस्तार अभियानको लागि रु.२० लाख बजेट तथा बिउ बिजन एवं प्रांगारिक मल, प्लास्टिक स्पेयर, तथा मौरीघार वितरणको लागि थप २५ लाख बजेट प्रस्ताव गरिएको छ ।

७०. हिउँदे खाद्यान्न बाली विस्तार तथा प्रवर्द्धनका लागि रु. १० लाख विनियोजन गरिएको छ ।  मुख्य कृषि उपजको समर्थन मूल्य तोक्ने प्रयोजनको लागि रु.२५ लाख प्रस्ताव गरिएको छ । कृषि उपजमा समर्थन मूल्य सम्बन्धी नीति कार्यान्वयनको लागि कार्य विधि तर्जुमा गरी लागू गरिनेछ ।

७१. कृषि उपजको पकेट क्षेत्रमा संकलन केन्द्र, राजमार्ग छेउमा साना किसान लक्षित बिक्री केन्द्र, तथा भण्डारण एवं प्रशोधन केन्द्रहरुको विकास तथा विस्तार गरिनेछ । किसान बजारहरुलाई थप व्यवस्थित गरिनेछ । यस प्रयोजनको लागि रु. ५० लाख बजेट विनियोजन गरिएको छ ।

७२. कृषकहरुको वार्षिक योजनामाग गरी त्यसलाई बजारसँग आवद्ध गरिनेछ । कृषि सेवा केन्द्र मार्फत् कृषि प्राविधिकहरुको सेवा कृषि सहकारी तथा अगुवा कृषक समक्ष विस्तार गरिनेछ । सेवा केन्द्रमा आवश्यक

जनशक्तिको लागि स्रोतको प्रबन्ध गरिएको छ ।

७३. माटो परीक्षण गरी माटो स्वस्थताको प्रमाण पत्र (कार्ड) विवतरण गरिनेछ । प्रांगारिक खेती प्रवर्द्धन गर्न रु. १२ लाख प्रस्ताव गरिएको छ । सहरी क्षेत्रमा कौशी खेती प्रवर्द्धन गर्न रु. ६ लाख प्रस्ताव गरिएको छ । कौशीखेतीमार्फत् घरायसी कुहिने फोहोरको मात्रा घटाउन तथा सहरलाई हरियाली युक्त बनाउन योगदान पुग्नेछ । कृषितर्फ सानासिँचाइ समेत गरी कुल रु. ४ करोड ८० लाख बजेट प्रस्ताव गरिएको छ ।

७४. पशु सेवातर्फ कृतिम गर्भाधान, पशु बिमा, पशुबस्तुमा लाग्ने रोगको उपचार, औषधी वितरण जस्ता कार्यहरु संचालन गरिनेछ । व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने, घाँसको बिऊ वितरण गर्ने, नश्ल सुधार गर्ने जस्ता कार्यक्रमहरुलाई प्राथमिकतामा राखी स्रोत विनियोजन गरिएको छ । पशुपालनलाई व्यवसायीकरण गर्ने प्रयोजनको लागि अनुदानका कार्यक्रमहरु सञ्चालन गर्न रु. ३० लाख बजेट प्रस्ताव गरिएको छ । कम्तिमा ११ वटा माउ बाख्रापाल्ने कृषकलाई कार्यक्रम लागू भएका वडामा खोर सुधार लगायतका काम गर्न प्रति कृषक २० हजार अनुदान दिने गरी कुल रु. २५ लाख विनियोजन प्रस्ताव गरिएको छ । यसबाट साना कृषकहरुलाई व्यावसायिक कृषितर्फ डोहोऱ्याउन मद्दत मिल्ने विश्वास लिएको छु । पशु सेवातर्फका ९ वटा सेवा केन्द्र मार्फत् पशु उपचार तथा औषधी वितरणको लागि रु. ३० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

७५. पोखरालाई दुधमा आत्मनिर्भर बनाउन तथा गाईभैंसीको आयात प्रतिस्थापन गर्न वाच्छी तथा पाडी संरक्षण कार्यक्रम संचालन गरिनेछ । प्रति बाच्छी/पाडी हुर्काए वापत किसानहरुलाई रु. ४ हजार अनुदान दिने गरी कार्यविधि तयार गरिनेछ । उक्त कार्यक्रमको लागि २० लाख बजेट प्रस्ताव गरिएको छ ।

७६. कृषकलाई बाँझो जग्गामा उन्नत बहुवर्षीय घाँस लगाउन प्रोत्साहन स्वरुप प्रति रोपनी रु. ३ हजार अनुदान दिने गरी कार्यक्रम प्रस्ताव गरिएको छ । उक्त कार्यको लागि कुल रु. २० लाख बजेट प्रस्ताव गरिएको छ । पुशसेवातर्फ कुल रु. २ करोड ५० लाख विनियोजन प्रस्ताव गरेको छु ।

७७. कृषकहरुले लिएको कृषि ऋण ब्याज अनुदान, कृषि उपजको समर्थन मूल्य तोक्ने जस्ता कार्यक्रमहरु प्रस्ताव गरिएको छ । कृषि विकास, पशु सेवा तथा साना सिँचाइ समेत गरी समग्र कृषि क्षेत्रमा रु. १० करोड बजेट प्रस्ताव गरिएको छ ।

७८. सहकारी संस्थाहरुलाई आफ्नो उद्देश्य मुताविकका क्षेत्रमा प्रभावकारी रुपमा परिचालन गरिनेछ । एक सहकारी एक उत्पादनको नीति लागू गरिनेछ भने सहकारीहरुको अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी बनाइनेछ ।

**'एक सहकारी एक उत्पादन कार्यक्रम'** संचालनको लागि रु. २५ लाख विनियोजन गरिएको छ । सार्वजनिक सूचना मार्फत् इच्छुक सहकारी संस्थाहरुसँग कार्यक्रमको प्रस्ताव माग गरी सम्भावनाको आधारमा कार्यक्रम छनोट गरिनेछ । सहकारीहरुको वित्तीय स्वास्थ्य तथा विश्वसनीय तथा अभिवृद्धि गर्न अनुगमनका कार्यहरुलाई निरन्तरता प्रदान गरिने छ भने सहकारीहरुको नगरस्तरीय सञ्जाल स्थापना गर्न सहजीकरण गरिनेछ । सहकारी संस्थाका सीमान्तकृत तथा विपन्न सदस्यहरुलाई लक्षित गरी उत्पादनमूलक कार्यमा ऋण लिँदा व्याज अनुदानको कार्यक्रम सञ्चालन गर्न रु. १० लाख विनियोजन गरिएको छ ।

७९. युवाहरुलाई उद्यमशिलता तथा सिप विकासको तालिम प्रदान गरी सहकारीमा आवद्ध गराउन तालिम तथा सहयोग कार्यक्रमहरु सञ्चालन गर्न रु. २० लाख बजेट प्रस्ताव गरेको छु ।

**सामाजिक विकासका क्षेत्रहरु:**

८०. महानगरपालिकाले ज्येष्ठ नागरिक लगायतले प्राप्त गर्ने भत्तामा विगत आर्थिक वर्षमा थप गरेको रकम आगामी आर्थिक वर्षमा पनि निरन्तरता प्रदान गर्न रु. ६ करोड विनियोजन प्रस्ताव गरेको छु ।

८१. सीमान्तकृत समूदाय, धार्मिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, एकल महिला तथा वञ्चितिमा परेका/पारिएका वर्ग र समुदायको लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छन् । यस्ता कार्यक्रमहरु खास गरी आय आर्जन, रोजगारी सिर्जना, क्षमता विकास जस्ता क्षेत्रमा केन्द्रित हुनेछन् । अपांगता भएका व्यक्तिहरुको लागि आवश्यक

सहायक सामग्री वितरण गर्ने नीतिलाई निरन्तरता प्रदान गरिएको छ । यस्ता कार्यक्रमहरु संचालन गर्दा वडा कार्यालय मार्फत तथ्यांक लिइ, मागको आधारमा सञ्चालन गरिनेछ ।

८२. 'लैंगिक हिंसा विरुद्ध पुरुषको ऐक्यवद्धता' महिलापुरुष समसचेतना कार्यक्रमले समाजिक परिवर्तनका निम्ति योगादन गर्ने देखिएकोले उक्त कार्यक्रम सम्पूर्ण वडाहरुमा सञ्चालन गर्ने गरी प्रस्ताव गरिएको छ । उक्त कार्यक्रमको लागि एकमुष्ट रु. १० लाख प्रस्ताव गरिएको छ ।

८३. सडक बालबालिकाको पुनर्स्थापना गर्ने प्रयोजनको लागि पूर्वाधार तर्फबाट बजेट प्रस्ताव गरिएको छ । उक्त केन्द्रको निर्माण सम्पन्न भएपश्चात संचालन तथा व्यवस्थापनमा साझेदारी गरी उक्त केन्द्र सञ्चालन गरिनेछ ।

८४. सडकमा विचल्लीमा परेका व्यक्तिहरुको उद्धार गर्ने उद्देश्यले सञ्चालित मानव सेवा आश्रमको संचालन खर्चको लागि रु. २ लाख अनुदान व्यवस्था गरेको छु । साथै भवन निर्माणको लागि ५० लाख बजेट विनियोजन गरेको छु । पोखरा ३३, बाघमारामा स्थापित महिला सुरक्षा गृह (हाल कोभिड आइसोलेसन) सञ्चालनको लागि प्रदेश सरकारसँगको साझेदारी गरिनेछ । उक्त कार्यको लागि रु. १० लाख बजेट प्रस्ताव गरिएको छ ।

८५. साविकमा महिला तथा बालबालिका कार्यालयको अग्रसरतामा महिलाहरुद्धारा प्रवर्द्धन गर्ने गरी स्थापित भएका १७ वटा सहकारी संस्थाहरुको क्षमता विकास गर्ने र सहकारीको मूल्य मान्यता बमोजिम सञ्चालन गर्न क्षमता विकास गर्ने गरी कार्यक्रम खर्च स्वरुप रु. १० लाख प्रस्ताव गरेको छु ।

८६. पोखरामा सञ्चालित बालमैत्री अभियानको निरन्तरताको लागि रु. १० लाख विनियोजन प्रस्ताव गरिएको छ । महानगरको वडा नं. १७ र २२ मा नमूना बालमैत्री पार्कको विकास गर्न रु. १० लाख बजेट प्रस्ताव गरिएको छ ।

८७. अपांगमैत्री सवारी साधन खरिदका लागि आवश्यक बजेट प्रस्ताव गरिएको छ । उक्त सवारी साधन खरिद पश्चात कार्यविधि तर्जुमा गरी सञ्चालनमा ल्याइने छ ।

८८. महिला तथा बालबालिकामा लुकेर रहेको प्रतिभा प्रष्फुटनको लागि आयोजना गरिने सिर्जनात्मक क्षमता एवं प्रतिस्पर्धाका कार्यक्रम संचालन गर्न एकमुष्ट रु. १६ लाख बजेट प्रस्ताव गरिएको छ । यसरी, सामाजिक विकासको क्षेत्रमाकुल रु. ८ करोड विनियोजन प्रस्ताव गरिएको छ ।

८९. सहरी निम्न मध्यमवर्गलाई लक्षित गरी थालनी गरिएको सहरी गरिबी न्यूनीकरण तथा नगरपालिका साझेदारी विकास कोषको कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिने छ । घुम्ती कोषको अवधारणामा संचालित उक्त कार्यक्रमबाट आगामी आर्थिक वर्षमा रु.६ करोडको लगानी हुने लक्ष्य निर्धारण गरिएको छ ।

९०. उपप्रमुखसँग महिला कार्यक्रमलाई थप विस्तार गर्ने तथा यसको दायरा थप फराकिलो पारिनेछ । यस कार्यक्रमबाट आगामी आर्थिक वर्षमा रु. ८ करोड परिचालन गरिने लक्ष्य लिइएको छ भने उक्त कोषमा महानगरको तर्फबाट रु. २ करोड थप गरिनेछ ।गरिबी निवारण तथा उपप्रमुखसँग महिला कार्यक्रमलाई व्यवस्थित गर्नका लागि सफ्टवेयर प्रणालीको विकास गरिने छ ।

९१. पोखरामा अत्याधुनिक प्रविधि युक्त सार्वजनिक पुस्तकालय स्थापना र सञ्चालनको लागि उपयुक्त जग्गा खोजी गरी प्रक्रिया अगाडि बढाउन बजेट विनियोजन गरेको छु ।

**अन्य क्षेत्रहरु**

९२. नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले सर्शत अनुदानको रुपमा पठाएका कार्यक्रमहरुलाई समावेश गरी बजेटको अन्तिम मस्यौदा तयार भएको छ ।

९३. युके सरकारको सहयोग निकाय युकेएडको आर्थिक सहयोगमा संचालित सुदृढ परियोजनाले पोखराको संस्थागत क्षमता विकासका विभिन्न क्रियाकलापमा साझेदारी गरिरहेको छ । कतिपय पूर्वाधार योजनाको तर्जुमाको अलावा, कार्यालय तथा कर्मचारीको क्षमता विकासमा यस परियोजनाको मद्दतले स्थानीय आर्थिक विकास योजना, नगर यातायात गुरुयोजना, जोखिम संवेदनशील भूउपयोग योजना जस्ता भविष्यमूखी योजना तर्जुमा गर्न मद्दत पुगेको छ । स्थानीय आर्थिक विकास योजना कार्यान्वयनमा गइसकेको छ भने अन्य योजनाहरु

आगामी आर्थिक वर्षमा कार्यान्वयनमा जानेछन् ।

९४. पत्रकार महासंघ कास्की शाखामा आवद्ध पत्रकार मित्रहरुको सामाजिक सुरक्षा कार्यमा प्रयोग गर्ने गरी विगतमा विनियोजन गरी कोष खडा गरिएको रकम महानगरपालिकाले गरेको सहयोग अक्षय रहने शर्त सहित आय परिचालनमा महानगरको संलग्नता हटाइ महासंघ स्वयंले त्यसको परिचालन गर्न सक्ने नीति निर्धारण गरिएको छ । उक्त रकम अविलम्ब महासंघको खातामा हस्तान्तरण गरिने छ । पत्रकार महासंघसँगको सहकार्यमा गरिने संचारकर्मीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालनको लागि १५ लाख बजेट विनियोजन गरिएको छ ।

९५. बाढी र पहिरोबाट आक्रान्त बनेका सिन्धुपाल्चोक मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिकाको विपद्मा हातेमालो गर्नका लागि रु. १०/१० लाख बजेट सहयोग प्रस्ताव गरेको छु । यो कार्यले कठिन परिस्थितिमा पालिकाहरु बीच सहकार्यको वातावरण बनाउन सहयोग पुग्ने विश्वास लिएको छु ।

**सभाध्यक्षज्यू र सभासदज्यूहरु**

माथि पेश गरेका बजेटका उद्देश्य तथा प्राथमिकताहरु तथा माथिल्लो खण्डमा उल्लेख गरेका मुख्य विनियोजनका क्षेत्रहरुमा प्रस्तावित कार्यक्रमहरुलाई रकमको व्यवस्थापन गर्दै आगामी आर्थिक वर्षको लागि कुल रु ६ अर्ब २७ करोड ७५ लाखको आय व्ययको विवरण पेश गरेको छु । उक्त बजेटको खर्च व्यहोर्ने स्रोतहरुमा संघीय सरकार वित्तीय हस्तान्तरणबाट २ अर्ब ५६ करोड १६ लाख अर्थात ४१ प्रतिशत, प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट ९ करोड २८ लाख अर्थात १ दशमलव ५ प्रतिशत, संघीय राजश्व बाँडफाँटबाट ३१ करोड २१ लाख ५४ हजार अर्थात ५ प्रतिशत, प्रदेश सरकार राजश्व बाँडफाँटबाट ६ करोड १८ लाख ७६ हजार अर्थात १ प्रतिशत, आन्तरिक आयबाट २ अर्ब २२ करोड अर्थात ३५ प्रतिशत व्यहोरिने छ । यसो गर्दा १ अर्ब ३ करोड ७५ लाख ९२ हजार न्यून हुने देखिन्छ । न्यून हुन जाने बजेट पूर्ति गर्न गत आवको सञ्चित मौज्दात र चालु आवको अन्त्यमा बचत हुने रकमबाट व्यहोरिने छ ।

कुल विनियोजनमा चालुतर्फ रु २ अर्ब ९० करोड ९४ लाख अर्थात ४६ दशमलव ४ प्रतिशत, पुंजीगत खर्चतर्फ रु.३ अर्ब ३६ करोड ८० लाख अर्थात ५३ दशमलव ६ प्रतिशत विनियोजन प्रस्ताव गरिएको छ । खर्च केन्द्रगत रुपमा नगर कार्यपालिकाको कार्यालयतर्फ ८८ करोड ८६ लाख अथार्त १४ प्रतिशत, सामाजिक विकासतर्फ १२ करोड ७९ लाख ८९ हजार, अर्थात २ प्रतिशत, शिक्षातर्फ १ अर्ब ४२ करोड ८७ लाख ३५ हजार, २२ दशमलव सातपाँच प्रतिशत, कृषितर्फ १४ करोड ४९ लाख अर्थात २ दशमलव ३ प्रतिशत, स्वास्थ्यतर्फ ४० करोड २२ लाख, ६ दशमलव ४ प्रतिशत, वडा कार्यालयतर्फ ४१ करोड ६० लाख ६ दशमलव ६ प्रतिशत, पूर्वाधारतर्फ २ अर्ब ८६ करोड ९० लाख अर्थात ४५ दशमलव ७ प्रतिशत बजेट प्रस्ताव गरिएको छ ।

पोखरा महानगरपालिकाको आर्थिक विधेयक, ०७८ तथा विनियोजन विधेयक, ०७८ आज यस सम्मानित सभामा टेबल हुनेछन् । महानगरपालिकाको दीर्घकालीन वित्तीय क्षमताको विश्लेषण गर्दा, आन्तरिक आयतर्फ अस्थिर प्रकृतिका शीर्षकहरु जस्तै घर जग्गा रजिस्ट्रेसनको हिस्सा रु. ३७ करोड ४० लाख ३० हजार ७ सय अर्थात आन्तरिक आयको ३८ दशमवल पाँच चार प्रतिशत रहनु, यसैगरी ढुंगा गिटीको बिक्री शुल्क १४ दशमवल तीन छ प्रतिशत, नक्सापास दस्तुर १० दशमलव छ छ प्रतिशत तथा सिफारिस दस्तुर २ प्रतिशत रहनु तर तुलनात्मक रुपमा स्थिर आय शीर्षकहरु जस्तै सम्पत्ति करको योगदान कुल आन्तरिक आयमा रु ४ प्रतिशत, व्यवसाय करको योगदान ३ दशमवल तीनएक प्रतिशत तथा वहाल करको योगदान ५ दशमवल ८ प्रतिशत, भूमि करको योगदान ६ दशमलव एकदुई प्रतिशत, व्यवसाय कर ३ दशमवल तीन एक,  रहनु महानगरपालिकाको वित्तीय स्थायित्वको लागि चिन्ताको विषय हो । महानगरमा दीर्घकालीन दायित्वहरु सिर्जनाहुँदै जाने तथा स्थिर प्रकृतिका आय शीर्षकमा पर्याप्त सुधार हुन नसक्नुले हामीलाई वित्तीय जोखिमतर्फ उम्मुख गराउँदछ ।

**प्रस्तावित आय परिचालनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु**

- स्रोत परिचालनमा समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान तथा समपुरक अनुदानतर्फ महानगरपालिकाको कुनै हात नहुने तथ्यलाई म यहाँ स्मरण गर्न चाहन्छु । समानीकरण अनुदानको हकमा,




**पोखरा महानगरपालिकाले प्रकाशन गरेको ऐन संग्रह पुस्तक महानगरको नवौं नगर सभाको दोस्रो दिन असार १० गते विमोचन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल साथमा नगर प्रमुख मानबहादुर जिसी र प्रमुख प्रशासकीय अधिकृत महेश बराल।**

स्थानीय तहको राजश्व सम्भाव्यताको आधारमा उक्त अनुदानको अंक तय हुने कारणले, अन्तर सरकारी वित्त आयोगले हामीले परिचालन गर्न सकिने राजश्वको आंकलन गरी हाम्रो लागि समानीकरण अनुदानको अंक तय गरेको तथ्य स्थापित हुन आउँछ । यसबाट हामीले स्थानीय राजश्व परिचालनमा पर्याप्त मेहनत नगर्दा त्यसको घाटा हामीलाई पर्न जाने कुरा छर्लङ्ग हुन्छ ।

- कोभिड-१९ को महामारीले स्थानीय जनता, खासगरी साना ठूला व्यवसायिक प्रतिष्ठानहरु आक्रान्त रहेको कारणले, आगामी आर्थिक वर्षको लागि करको दायरा विस्तार गर्ने तर प्राविधिक विषयहरु बाहेक करका दरहरु वृद्धि नगर्ने नीति लिइएको विदितै छ ।
- आर्थिक विधेयक तय गर्दा, आर्थिक वर्षको पुषमसान्त सम्म कर बुझाउँदा साविकमा १० प्रतिशत छुट दिने गरेकोमा त्यसलाई वृद्धि गरी २० प्रतिशत छुट दिने, तथा चैत मसान्त सम्ममा कर दाखिला गर्दा १० प्रतिशत छुट दिने गरी कोरोना महामारीले आक्रांत स्थानीयवासी र व्यवसायिलाई राहतदिने प्रस्ताव गरिएको छ ।
- करदाता शिक्षाका कार्यक्रमहरुलाई प्रभावकारी बनाउने तथा कर संकलन प्रक्रियामा प्रविधिको प्रयोग गरी डिजिटल वालेटबाट कर भुक्तानी गर्न सकिने गरी सेवा प्रवाहलाई अनलाइन प्रविधिमा लैजाने कार्यक्रम रहेको छ ।
- सम्पत्ति करलाई थप वैज्ञानिक बनाउने प्रयास गर्नुका अलावा सरसफाइ शुल्कको हकमा, दरहरुमा सामान्य परिमार्जन गरी व्यवस्थापन गर्न सरल हुने गरी तर्जुमा गरिएको छ । सरसफाइ शुल्क सेवा प्रदायकले संकलन गरी, उक्त रकम महानगरपालिकामा जम्मा गरी त्यसको ८० प्रतिशत सोही सेवा प्रदायकलाई फिर्ता गर्ने नीतिले व्यहारिक समस्याहरु उत्पन्न गरेको कारणले, परिचालित हुने शुल्कको विश्लेषण गरी सेवा प्रदायकसँगबैंक जमानत लिने तर संकलन भएको शुल्कको २० प्रतिशत मात्रै महानगरपालिकामा आम्दानी बाध्ने गरी नीतिगत सुधार गरिनेछ । नेपाल सरकारले तय गरेको नदीजन्य सामग्रीको उत्खनन् तथा बिक्री सम्बन्धी कार्यविधिले यस्तो आय प्रदेश सरकार सँग ६०-४० को अनुपातमाबाडँफाट गर्नुपर्ने नीति तय गरेकोले आगामी आर्थिक वर्षबाट यस्तो आय बाँडफाट गर्ने गरी बजेट प्रस्ताव गरेको छु । यसबाट अनुमानित रु. १० करोड प्रदेशको सञ्चित कोषमा हस्तान्तरण हुन जानेछ ।

**अन्त्यमा,**

यो बजेट तर्जुमा गर्ने क्रममा क्रियाशील भई लाग्नु भएका राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विभिन्न विषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, दातृ निकाय, महानगरपालिकाका विभिन्न विभाग तथा इकाइहरु तथा सम्पूर्ण कर्मचारी संयन्त्रलाई हार्दिक धन्यवाद् ज्ञापन गर्न चाहन्छु । बजेट तर्जुमा जति महत्वपूर्ण छ, त्यतिनै महत्वपूर्ण यसको कार्यान्वयन पनि हुन आउँछ । यो बजेटको कार्यान्वयनमा सबै सरकारी निकाय, दातृ संस्था, वडा कार्यालयहरु, सम्पूर्ण कार्यपालिका सदस्यहरु, नगरसभासद्हरु, सबै शाखा महाशाखाहरु, सम्पूर्ण कर्मचारी संयन्त्र तथा आम पोखरावासी दाजुभाइ दिदीबहिनीहरुबाट रचनात्मक सहयोगको अपेक्षा लिएको छु । धन्यवाद ।

**उपप्रमुख, मञ्जुदेवी गुरुङ**

१० असार २०७८

# पुल निर्माणमा २२ करोड ८५ लाख लगानी

पोखरा महानगरपालिकाले ४ वर्षको अवधिमा ८ वटा पुल निर्माण गरेको छ । ७ वटा मोटरेबल पुल र एउटा आकाशे पुल निर्माण गरेको हो । पोखरा महानगरपालिकाले विकटलाई निकट ल्याउनका लागि कनेक्टिङ सडकको साथ साथै आवश्यकता अनुसार मोटरेबल निर्माणलाई प्राथमकिता दिएको छ ।

**पोखरा महानगरपालिकाले चार वर्षमा निर्माण गरेका मोटरेबल पुल**

**१. भोटीखोला मोटरेबल पुल**

पोखरा महानगरपालिका वडा नम्बर १९ को पुरनचौरस्थित भोटीखोलामा मोटरेबल पुल निर्माण गरिएको छ । साविक लामाचौर र पुरनचौर गाविसको सिमानामा पर्ने भोटीखोलामा २५ मिटर लम्बाइ र ८ दशमल ४ मिटर चौडाइको पुल निर्माण गरिएको हो । पुलमा फुट ट्र्याकको साथै पुल असर पर्न नदिन खोला नियन्त्रणका लागि आवश्यक संरचना पनि बनाइएको छ ।पुल निर्माणमा २ करोड ३८ लाख ५५ हजार ३ सय ३९ रुपैयाँ खर्च भएको पोखरा महानगरपालिकाका इन्जिनियर लक्ष्मीप्रसाद गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार पुल निर्माण सम्पन्न भइसकेको छ । पुल निर्माणले साविक लामाचौर, पुरनचौर र माछापुच्छ्रे, सार्दीखोला, करुवा लगायतका क्षेत्रका बासिन्दा लाभान्वित भएको वडा नम्बर १९ का अध्यक्ष शोभामोहन पौडेलले जानकारी दिनुभयो । श्री गिता कन्स्ट्रक्सन स्याङ्जाले पुल निर्माणको जिम्मा पाएको थियो ।



**२. घोरकुना पुल**

पोखरा महानगरपालिका वडा नम्बर १६ को तुम्के घोरकुना खोलामा पक्की पुल बनेको छ । पोखरा महानगरपालिकाले साविक अर्मला गाविसको घोरकना खोलामा ३ करोड ३० लाख ३१ हजार ३ सय २५ रुपैंयाको खर्चमा पुल निर्माण भएको हो । पुल २५ मिटर लम्बाइ र ५ मिटर चौडाइको




स्थानीय तहको निर्वाचन भएर जनप्रतिनिधिले जिम्मेवारी सम्हालेपछि पोखरा महानगरले पहिलो पटक मोटरेबल पुल निर्माणको काम थालनी गरेको हो ।

छ । पुलमा फुट ट्र्याकको साथै पुलमा असर पर्न नदिन खोला नियन्त्रणका लागि आवश्यक संरचना पर्नि बनाइएको छ । फेव पिएल जेभी निर्माण कम्पनीले पुल निर्माण गरेको हो । पुल निर्मणपछि तुम्के, घोरकुना, दादरे, रियाले, अर्मलाकोट लगायतका बासिन्दा लाभाम्वित भएको पोखरा महानगर वडा नम्बर १६ का अध्यक्ष जीवनप्रसाद आचार्यले जानकारी दिनुभयो ।

**३.सानी खोला पुल**



पोखरा महानगरपालिका वडा नम्बर २० को सानी खोलामा मोटरबल पुल निमार्ण भएको छ । २५ मिटर लम्बाइ र ८ दशमवल ४ मिटर चौडाइको पुलसँगै फुटपाथ, पुलमा खोलाले असर नगरोस् भनेर खोला नियन्त्रणका लागि आवश्यक संरचना निर्माण गरिएको छ । ३ करोड २ लाख ७५ हजार ५ सय ४९ रुपैंयाँमा अइना निर्माण सेवाले पुल निर्माण गरेको हो । पुल निर्माण नहुँदा वर्षादको समयमा खोलाबाट सवारी साधान आवत जावत गर्न कठिनाइ थियो भने लामडाँडा, मौजा, मोहरियाका बासिन्दाले सास्ती व्योर्होनु परेको थियो । पुल निर्माणपछि लामडाँडा, मौजफ, मोहरियाका बासिन्दा लाभाम्वित भएको वडा नम्बर २० का अध्यक्ष सिम गुरुङले जानकारी दिनुभयो ।

**४. स्याङखुदी खोला पुल**



पोखरा महहानगरपालिका वडा नम्बर २८ स्याङखुदी खोलामा मोटरबल पुल बनेको छ । २५ मिटर लम्बाइ र ८ दशमलव ४ मिटर चौडाइको पुलमा फुटपाथसहित पुललाई खोलाले असर पार्न नसक्ने गरी खोला नियन्त्रणको संरचना पनि बनाइएको छ । २ करोड ७५ लाख ९७ हजार ९ सय ८३ रुपैंयाको लागतमा श्री गीता कस्ट्रक्सनले पुल निर्माण गरेको हो । साविक माझ्ठाना गाविसको स्याङखुदी, माझ्ठाना र वडा नम्बर ३१ को बेगनासका बासिन्दा लाभाम्वित हुने वडा नम्बर २८ का अध्यक्ष निर्मल दियाली सुनारले बताउनुभयो । वर्षादमा खोलामा पानी बढ्दा सवारी साधान आवत जावत गर्न कठिनाइ हुने गरेको थियो भने खोलामा सवारी साधान आवतजावत गर्दा दुर्घटनाको समेत जोमि रहेको थियो । पुल निर्माणपछि सवारी साधान आउजाउ गर्न सहज भएको छ ।

**५. खोलावेसी पुल**

पोखरा वडा नम्बर ३१ स्थित खोलाबैंसीमा मोटरबल पुल निर्माण अन्तिम चरण पुगेको छ । पुलको ९५ प्रतिशत काम सकिएको सब इन्जिनियर सब इन्जिनियर अनील आर्चायले जानकारी दिनुभयो । विकटलाई निकट ल्याउने योजना अनुसार महानगरले खोलाबैंसीमा पुल निर्माण गरेको हो । १६ मिटर लम्बाइ र ८ मिटर ४ दशमलव चौडाइको पुल २ करोड १२ लाखको लागतमा कश्यप निर्माण सेवाले पुल निर्माण गरिरहेको छ ।



पुल निर्माणसँग खोलाबैंसी क्षेत्रमा ग्रामीण पर्यटनको सम्भावना बढेको वडा नम्बर ३१ का अध्यक्ष कमलबहादुर थापाले बताउनुभयो । खोलावेसी टोल विकास संस्थाका संस्थापक अध्यक्ष तथा पुल निर्माण गर्न जग्गा समेत उपलब्ध गराउनु भएका जग्गा दाता रामचन्द्र सुवेदीले पुल निर्माणले स्थानीय बासिन्दालाई आवत जावतमा सुविधा पुग्ने बताउनुभयो ।

खोलाबैँसी टोल विकास संस्थाका सचिव कमल सुवेदीले पुल निर्माणपछि खोलाबैँसी, वडा नम्बर २८ को पूर्वी भाग र मादी गाउँ पालिकाको मकैखोलाका स्थानीय पनि लाभान्वित हुनछन् ।

**६.बगादी खोला पुलको**



पोखरा महानगरपालिका वडा नम्बर २७ स्थित डाँडाकोनाक नजिकै बगादी गडुवा खोलामा मोटेरेबल पुल निर्माण भइरहेको छ । पोखरा महानगरपालिकाले उक्त खोलामा पुल निर्माण गरेको हो । ३ करोड ३ लाख ८६ हजारको लागतमा निर्माण भइरहेको पुलेको पुलेको लम्बाइ २० मिटर र चौंडाइ ८ मिटर ४ दशमलव चौडाइको छ । श्री गीता सावित्री जेभीले पुल निर्माण गरिरहेको छ भने पुलको ७० प्रतिशत काम सकिएको छ । पुलमा फुटपाथ सहित पुलको संरक्षणको लागि खोला नियन्त्रणको संरचना पनि बनाइनेछ । पुल बनेपछि वडा नम्बर २७ को आवास नगरदेखि रिठ्ठेपानीसम्मका बासिन्दा लाभाम्वित हुने वडा नम्बर २७ का अध्यक्ष पूर्णबहादुर गुरुङले जानकारी दिनुभयो ।

**७. फिर्केखोला पुल**

पोखरा महानगरपालिका वडा नम्बर ४ र ५ जोड्न फिर्के खोलामा मोटरेबल पुल निर्माण भइरहेको छ । पुल निर्माणको काम ४५ प्रतिशत सकिएको इन्जिनियर लक्ष्मीप्रसाद गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार पुल १६ मिटर लम्बाइ र ११ चौडाइको छ । पुललाई खोलाले क्षति पुऱ्याउन नदिन खोला नियन्त्रणको संरचना पनि निर्माण गरिनेछ । ४ करोड लागतमा शान्ति आरोग्य जेभीले पुल निर्माण गरिरहेको छ ।

**८. सिर्जनाचोकमा आकाशे पुल**

पोखरा महानगरपालिकाले पोखरा सिर्जनाचोकमा आकोश पुल निर्माण गरेको छ । मुख्य चोकहरुमा बढदो ट्राफिक जामलाई घटाउने उद्देश्यले पुल निर्माण गरिएको हो । पैदल यात्रीलाई सडक पार गर्न सजह होस भनेर आकाशे पुल निर्माण गरिएको हो । यो आकोश पुल पोखराको पहिलो हो । आकाशे पुलको काम ९५ प्रतिशत सकिएको छ । २ करोड २१ लाख ६७ हजारमा पुल निर्माण भइरहेको छ । महानगरेको २ करोड र तत्कालीन अवस्थामा रवीन्द्र अधिकारीको सांसद विकास कोषबाट ५० लाख रकम विनियोजन गरिएको थियो ।

सिर्जनाचोक व्यस्त चोकहरु मध्ये को एक भएकाले यहाँको जामले अन्य चोकहरुमा पनि असर पर्ने भएकाले आकाशे पुल निर्माण भएपछि अन्य चोकको जामलाई पनि कम गर्न मद्दत पुग्ने महानगर पालिकाले बताएको छ ।

*पोखरा, असार १/माधव बराल*



# 'ऐतिहासिक काम गरेका छौं, १५/२० वर्षपछि मूल्यांकन हुन्छ'




**मानबहादुर जिसी**, प्रमुख, पोखरा महानगरपालिका

**» तपाईं आउँदाको महानगर र अहिलेको महानगर कहाँ छ ?**

हामी ४ वर्ष पूरा गरेर ५ वर्षमा लागेका छौं । संविधानत: भन्दा अन्तिम वर्ष पनि हो हाम्रो । हामी महानगरमा आउँदा लगभग संघीयता कार्यान्वयन नगरेको परिवेशमा आएका थियौं । लामो समयदेखि स्थानीय सरकारलाई पनि सरकारकै रुपमा हेरिनुपर्छ भन्ने माग थियो । त्यो माग प्राप्त भएर हामी निर्वाचित भएर आयौं । हामी आउँदा संविधानमा त सरकार भनिएको तर जनतामा सरकार हो भन्ने चेतना नभएको अवस्था थियो । हामीलाई ३ तहकै अधिकार दिएको थियो । कार्यपालिका, न्यायपालिका, अर्धन्यायीक अधिकार र एक खालको संसदीय अधिकार पनि दिइएको थियो ।

पहिलो चरणमा हामीले कानुन बनायौं । पोखरा महानगरपालिका साविकका १ उपमहानगरपालिका, १ नगरपालिका र १८ गाविस मिलाएर महानगर बनाएको हो । त्यसैले सबैका आआफ्नै खालका मनोविज्ञान थिए । सुगम दुर्गम, शहर गाउ, निकट बिकट भएकाले मनोविज्ञान फरक थिए । महानगर भइसकेपछि हामीले के पाउँछौं भन्ने पनि फरकफरक थिए । हामीले आउने बित्तिकै फरक मनोविज्ञानलाई मेटेर लैजानुपर्छ र सबैलाई महानगरवासी हौं भनेर गर्व गर्ने सोचका साथ अघि बढ्नुपर्छ भन्ने सोच राख्यौं । महानगरकै विकटलाई निकट ल्याउने भनेर घोषणा गर्‍यौं । साधन स्रोतले सम्पन्न गराउने कुरा ख्याल राख्यौं ।

कतिपय ठाउँमा वडा कार्यालय भाडामा थिए, कति ठाउँमा नेटको पनि उपलब्धता थिएन । हामीले सुशासनको कुरा राखेका थियौं । प्रविधिमार्फत नै सुशासन राख्न सकिन्छ भन्ने मान्यता राख्यौं । अहिले सबै वडामा इन्टरनेट पुर्‍याउने काम भएको छ । योजना सम्झौता वडामै गर्न सकिने गराएका छौं । वडाबाटै चेक काट्न सकिने बनाएका छौं । हिजो

महानगरमै घेरा लाउनुपर्ने स्थितिलाई हटाएर विकेन्द्रीत गरेर अधिकार प्रत्यायोजना गर्ने ठाउँसम्म पुर्‍याएका छौं । चुनावका बेलामा नागरिकसँग जुन प्रतिवद्धता गरेका थियौं, त्यसलाई नै पच्छ्याएर हिँडेका छौं । एकदम चकाचक भयो त भन्दैनौं तर धेरै राम्रो गरेका छौं । आशा जगाउन सकेका छौं ।

**» तपाई आफैलाई सन्तुष्टि लाग्ने महानगरका कामहरु एक, दुई, तीन भन्नु पर्दा ?**

महेन्द्रपुल, पृथ्वीचोक, लेकसाइड, सुरौंदी, पञ्चासे, मादीसम्मै महानगर छ । यसकारण समानुपातिक विकास पुग्दैन कि भन्ने आशंका हामीमा थियो । विकटलाई निकट ल्याउने अभियानका साथ हामी गयौं । हामीले १२९ किलोमिटरको बाटो बनाएर सबैलाई जोड्यौं । कनेक्टिङ रोडमार्फत जोड्न सक्यौं । यसका पूर्वाधार बनेका छन् । अब स्थायीत्व दिएपछि र जनताले नै राम्रो गरेका छौं भनेपछि नेतृत्वलाई सन्तुष्टि त मिलिहाल्छ ।

अर्को कुरा, चुनावमा २४ घन्टामा बाटाका खाल्डाखुल्टि पुर्ने भनेका थियौं । यसमा धेरै गालि खाइयो, धेरै आलोचना पनि भयो । तर काम गर्दै जाँदा थाहा भयो, पोखरा धेरै पानी पर्ने ठाउँ भएकाले पुरानो कपडामा जस्तै एक तिर तुन्दा अर्कोतिर उघ्रने भयो । हामीले पछि निधार खुम्च्याएर हेर्दा सडक टालेर मात्र पुग्दैन भन्ने थाहा पायौं । राम्रो र पक्की बनाएरमात्र सडक टिकाउ हुन्छ भन्ने बुझेपछि ५० किलोमिटर बाटोलाई असफाल्ट बनाएर गयौं । हिजो जनताले गाली गरेपनि अब ढिलै भएपनि दीर्घ र राम्रो काम गर्‍यो भनेपछि सन्तुष्टि मिल्छ ।

अहिले हाम्रा सबै वडाका कार्यालय छन् । वास्तवमा महानगरको कार्यालय भन्दा वडा कार्यालय राम्रा छन् । ३ वर्षीय कार्यक्रम बनाएका छौं । यसलाई नै टेकेर पञ्च वर्ष र १० वर्ष कार्यक्रम बनायौ भने झनै राम्रो हुन्छ । हाम्रा तालहरु भद्रगोल थिए । हामीले सिमांकन गर्‍यौं, मापदण्ड बन्दैछन् । यसरी सधैंभर तालको खेती गरेर खानेको दिन अन्त्य गरेका छौं । महामारीका बेला हामीले स्वास्थ्यतिर ध्यान दिएका छौं । किसानहरुलाई परिचयपत्र दिएर सम्मान गरेका छौं ।

**» घोषणापत्रका कति प्रतिशत काम भए ? घोषणापत्र पल्टाएर हेर्ने गर्नुभएको छ ?**

घोषणा पत्र पल्टाएर हेर्ने मात्र होइन कार्यान्वययन गरेका छौं । महानगरका कार्ययोजना, नीति बनाउँदा घोषणापत्र पल्टाएर हेर्ने गरेका छौं नै । कार्यान्वयनको क्षेत्रमा जाँदा पनि हामीले गरेका कामले रिजल्ट निकाले निकालेनन् भनेर हेरिरहेका छौं । अहिले हाम्रा घोषणापत्र र हाम्रा कामका तालमेल मिले कि मिलेनन्, कति प्रतिशत काम घोषणापत्रको पूरा भयो भनेर हेर्ने एउटा टिमवर्क बनाएर काम गरिरहेका छौं । यसले गर्दा हामी हाम्रा घोषणापत्र अनुसार हेर्दा ७० प्रतिशत बढी काम गरेको देखिन्छ । हामीले गर्न नसकेका काम पनि छन् । हामी अबको चुनावमा जाँदा महानगरको नयाँ प्रशासनिक भवन निर्माण सकेर जानुपर्थ्यो । सुरु त गर्दैछौं, सम्पन्न चाही नहुने भयो । तालचोक-वेगनास तालको सडक निर्माण पनि सक्नुपर्थ्यो । विभिन्न कारणले त्यो ढिला भयो । यो काम पनि सुरु हुँदैछ ।

हामीले सिंको त भाँचेको तर व्यवस्थापन गर्न नसकेको काम भनेको सिटी बसपार्कको काम हो । सिटी बसपार्क हामीले चाहँदा चाहँदा पनि नसक्ने देखियो । प्रयासरत त छौं हामी । तर पूरा गर्न सक्छौं र भन्ने छ । हामीले घोषणापत्रमा राखेर सुरु गर्न नसकेको अर्को काम मोनो रेलको हो । मोनो रेलको अध्ययन त गर्‍यौं, तर कार्यान्वयन गर्न सकेनौं । अहिले नै त्यो आवश्यक हो कि होइन भन्ने ठाउँमा पनि त्यो रहिरहेको छ ।

अर्को काम भनेको हामीले सबै काम अनलाइन मार्फत गर्ने भनेका थियौं । काम नै नभएको होइन तर जति काम हुनुपर्थ्यो, त्यति हुन सकेको छैन ।

**» पोखरालाई स्मार्ट सिटी बनाउने भन्नुभएको थियो । स्मार्टनेस झल्कने त केही देखिँदैन नि ?**

स्मार्ट सिटी भन्ने बित्तिकै धेरै कम्पोनेन्ट हुन्छन् । सडक, शिक्षा, स्वास्थ्य, वातावरण सबै कुरा जोडिएका हुन्छन् । हामीले के बुझेका छौं भन्दा प्रविधिसँग जोडिएमात्र स्मार्ट भन्ने हुन्छ । तर त्यसो होइन । सार्वजनिक यातायातहरु र माथि भनिएका कम्पोनेन्टलाई सिस्टमले ड्राइभ गर्न थालेपछि मात्र स्मार्ट हुन्छ । हामीले पूरा गरेनौं, देखेनौं भन्ने होइन कि त्यसतर्फ जान उन्मुख गरेका छौं, कार्यक्रम त्यस्तै छन् । परिणाम आउन केही समय लाग्ने नै छ ।

**» धारामै स्वच्छ पिउने पानी आउँछ भनेर पनि भन्नुभएको थियो । त्यसको चाहिँ अवस्था के छ ?**

खानेपानी अझै सबैको घरघरमा पुगेको छैन । भइराखेको खानेपानीमा पनि बोतलबाट नभइ सिधै धाराबाट पिउने व्यवस्था गर्छौं भनेका थियौं । जाइकाले अहिले त्यसका लागि काम गरिरहेको छ । अब १ देखि १८ वडासम्म सिधै खान मिल्ने गरी व्यवस्था हुन्छ । सहरीले काम गरिरहेको ठाउँमा भल बाढी आउने ठाउँमा शुद्धिकरण भइसकेको छ, अझै त्यसलाई व्यवस्थित र शुद्ध कसरी बनाउने भनेर महानगरले हेरिरहेको छ । प्रारम्भ भएको छ । हाम्रो सोच के हो भने एकतिर नागरिकले पैसा तिर्न पर्ने, सहर फोहोर हुने । बरु नागरिकले सिधै धाराबाट स्वच्छ पानी पाए त नागरिकको पैसा पनि जोगिने र सहर फोहोर पनि नहुने भएकाले यो काम थालेका थियौं । हामीले यसको गुरुयोजना पनि बनाएका छौं । छिरल्लेर रहेको स्रोत साधनलाई एक ठाउँ बनाएर पानी कसरी खुवाउन सकिन्छ भनेर कस्तो अथोरिटी चाहिएला भनेर पनि हेरिरहेका छौं ।

**» तालको सिमांकन त भयो तर महानगरले मापदण्ड बनाउने आँट गर्न सकेन नि ?**

ताल कति हो भन्ने किटान भइसक्यो । अब त्यो सिमाभित्र कसैको दाबी रहन्न । अब बाँकी रहेको मापदण्ड हो ।

मापदण्डलाई हामीले नगरसभामा लगेर पारित गर्नुपर्ने हुन्छ । पारित भएपछि मात्र कार्यान्वयन हुन्छ । लेखनाथपारिका तालहरुको त मापदण्ड लगभग टुङ्गिसकेको छ । ती मापदण्डलाई नगरसभाले पारित गर्न मात्र बाँकी छ । फेवा तालको मापदण्डका लागि पनि एउटा टिमले काम गरिरहेको छ । आउने नवौं नगरसभाले नै त्यसलाई पारित गर्छ । महानगर डराएको छैन, कामेको पनि छैन र काम्दैन पनि ।

**» ट्राफिक, पार्किङ त निकै लथालिङ्ग छ नि । त्यसलाई किन व्यवस्थित गर्न सकिएन ?**

हामीले चोकहरुलाई आइल्याण्ड सानो बनाएर ठाउँ फराकिलो बनाएका छौं । वैकल्पिक बाटाहरु खोल्न जरुरी छ । बिस्तारै बिस्तारै ट्राफिक लाइटको व्यवस्था गरेका छौं । ४ ठाउँमा लाइट राखेका छौं । पार्किङको समस्या भनेको सबैभन्दा बढी कोर सिटीमा हो । कोर सिटीबाट सिकेर भोलि सहर बस्ने ठाउँहरुमा अहिलेबाट नै व्यवस्थापन गर्नुपर्ने जरुरी छ । हामी त्यसलाई व्यवस्थापन गर्न काम थाल्दै छौं ।

**» बस्ती र भवनको मापदण्ड पनि प्रमुख समस्याको रुपमा देखिन्छ । अव्यवस्थित सहरीकरणले समार्ट सिटीमा व्यवधान खडा गरेको छैन ?**

पोखरा पुरानो सहर हो । ठ्याक्कै नयाँ सहर बनाए जस्तो त हुँदैन । अब महानगरले के गरेछ भन्दा सहर भित्र बनाउने सडक, खोल्साहरुको मापदण्ड बनाएको छ । व्यक्तिको नाममा जग्गा भएकाले सबै व्यवस्थित गर्न त नसकिएला तर त्यसलाई व्यवस्थापन गर्न नयाँ मापदण्ड आउँछ र त्यसले गाइड गर्छ । नगर सभाले त्यसलाई पास गर्छ । अब नयाँ बन्ने सहर पहिलाको भैं भद्रगोल हुँदैन ।

> **तालहरुको सीमांकन सम्पन्न भएको छ, अब मापदण्डहरु पुनरावलोकन गरी त्यसलाई टुंगोमा पुर्‍याइने छ**

**» लेखनाथ क्षेत्रलाई नयाँ सहर बनाउने योजना थियो तपाईंको । तर लेखनाथ उपेक्षामा पर्‍यो भन्ने गुनासो छ नि ?**

लेखनाथमा बजेट कम आयो भन्ने गुनासो आउने गरेको छ । त्यो त हिसाब गर्न जान्ने हुन् कि के हो मलाई थाहा भएन । लेखनाथ छुट्टै पालिका हुन्थ्यो भने पनि के कति बजेट आउँथ्यो भन्ने क्यालकुलेसन छ । आम्दानी कति हुन्थ्यो भन्ने पनि एनलाइसिस गर्न पर्‍या । लेखनाथमा पर किलोमिटर ४५ करोड खर्चेर बाटो निर्माण भएको छ । लेखनाथ छुट्टै पालिका भएको भए त्यो सम्भव हुन्थ्यो होला र ? अब ३० मिटरको चाक्लो बाटो बनिसकेपछि आर्थिक गतिविधि बढाइदिने होला नि ? त्यहाँका ८ वटा वडा र बाँकी वडा हेर्ने भने पनि ८ वटाको बजेट एकातिर छ । अब कसरी बजेट कम हुन्छ ? त्यहाँको राजश्व संकलन कति छ ? अव्यवस्थित बन्यो भन्ने पनि छ । त्यसले कति वर्ष थेग्छ मलाई थाहा भएन । अझै व्यवस्थित गर्नु पर्नेछ । तर बनाउनै नसकिने, हुँदै नहुने गरेर ठाउँ बिग्रेको त छैन । यसलाई बनाउन सकिन्छ । यसकारण लेखनाथलाई नयाँ पोखरा भन्यौं । संरचनाहरु राम्रो बनाएर समस्याहरु आउँदैनन् ।

**» महानगरले ल्याण्ड फिल साइटको विकल्प पनि खोज्न सकेन त ।**

ल्याण्ड फिल साइटको विकल्प खोजिरहेका छौं । हामीले यहीँ बनाउँछौं भन्यो भने विरोध सुरु भइहाल्छ । हिजो मात्र पनि कुरा भएको छ, अटो क्लिभ वाला भयो भने मल उत्पादन गरेर आय आर्जन पनि हुन्छ । यो आर्थिक वर्षमै टुङ्ग्याएर जान्छौं । नटुङ्ग्याइ सुखै छैन ।

**» पोखराका प्राकृतिक स्रोतहरुलाई सार्वजनिक निजी साझेदारी पिपिपि मोडलमा दिँदा आलोचना भइरहेको छ । कसरी हेर्नुभएको छ ?**

हामी ३ खम्बे अर्थ नीति भन्छौं । कि राज्य एक्लैले गर्न सक्नुपर्‍यो । ३ खम्बे अर्थ नीति भन्ने अनि निजी क्षेत्रलाई संलग्न गराउँदा पहाड भासिनी, आकाश खस्ने त हुँदैन होला नि । पोखरा महानगरले गर्न खोजेको के हो भने पोखरालाई एडभेन्चर हब बनाउन खोजेको हो । अब त्यही ताल र हिमाल हेर्न पर्यटक आउँदैनन् । अब हाम्रो ब्राण्ड बनाउन लागेको मात्रै हो । सेती हजारौं वर्षअघि उत्पति भयो होला । यतिका वर्षमा हामीले सेतीबाट लिएको के हो त ? त्यही बालुवा र गिटी । त्यो मात्रै होइन, कुनै भौगोलिक अवस्था नबिग्रने गरी, थाइ संरचना नबन्ने गरी लगानी गर्ने, पोखरालाई रोयल्टि पनि दिन्छु र कुनै बिगार्दिन भनेर जिम्मा लिन्छ भने काम गर्न दिने कि नदिने ? रामघाट देखिरहनु भएकै छ । ब्राह्मण र क्षेत्री समुदायले छुट्टाछुट्टै अवस्थामा बनायो । अहिले त्यहाँ भ्याङ हालेर जानुपर्ने स्थिति आयो त । यही तरिकाले जान्छ भने सिल्टेशन ड्याम बनाएर, त्यहाँ संरक्षण गरेर करोडौं रुपैयाँ दिन्छ भने किन नदिने ? कि कसैले भन्नुपर्‍यो कि क्षति जे सुकै होस् भनेर भन्नुपर्‍यो । हामी संरक्षण त गर्नुपर्‍यो नि । सेतीमा अहिले हेर्नुहोस् मापदण्ड मिच्ने देखि घरको फोहोर फाल्ने ठाउँ बनाइएको छ नि । त्यो पनि रोकिने, एडभेन्चर स्पोर्टस्को हब पनि बन्ने, आम्दानी पनि हुने र प्राकृतिक स्रोतको संरक्षण हुने काम किन हुन नदिने ? स्थानियहरु



पोखरा-७, शान्तिनगरमा निर्माण गरिएको फुटट्र्याक

त्यहाँ आफ्नो परम्परा, पूजाआजा, दाहसंस्कार रोकिन्छ भन्छन् । त्यस्तो केही हुनेवाला छैन । झन् हामी त्यसलाई व्यवस्थित बनाएर लैजान्छौं । बोल्नेहरु भन्दा हामी धेरै पटक घाटमा गएका छौं । हामी प्रविधिको प्रयोग गरौं, अति दोहन नगरौं भन्ने मात्र हो ।

### » विरोध चाहिँ किन भएको होला त ?

नकारात्मक सोचाइ राख्ने, परम्परावादी सोच राख्नेले त्यहाँ भित्रको कुरा नबुझी सतही रुपमा प्रतिक्रिया दिएर विरोध गरेका हुन् । सेतीमा एडभेन्चर स्पोर्टस्का लागि नेपाली कम्पनीले नै २ अर्ब लगानी गर्छौं भन्दा पनि नदिएर महानगरले नै गर्न सक्नुपर्‍यो । महानगरले त्यही एउटा काम हेरेर बस्न सक्दैन, महानगर त अन्य हजारौं काममा लाग्नुपर्‍यो । फेरी उनीहरुले लगानी गर्ने मात्र होइन, रोयल्टि, स्ट्रक्चर भायबल छ कि छैन भनेर अध्ययन पनि गरेका होलान् नि । भोलि त हामीलाई खोलानाला बेचेर खाए भन्ने आरोप पनि आउँछ, त्यो त पक्का छ । तर नबिगार्नु, नडराउनु भनेझैं यस कामले पोखराको एउटा ब्राण्ड बन्छ र धेरै पर्यटक आएर पोखराको पर्यटन झनै उत्थान हुन्छ । त्यहाँ लगानी गर्नेलेमात्र आम्दानी लिँदैन । त्यो ठाउँका स्थानीयले पनि फाइदा लिने हो । हामीले माइक्रो लेभलमा स्टडि गरेर बढेका छौं । बनेर चलेको १ वर्षसम्म पनि मान्छेले गाली गर्नेछन् । त्यसपछि पश्चाताप गर्नु बाहेक उपाय हुँदैन । हामीले अहिलेलाई होइन भोलिलाई हेरेर काम गरेका छौं । काम ऐतिहासिक छन् । अहिले मूल्यांकन नभएपनि २० वर्षपछि मूल्यांकन हुन्छ । त्यो बेलासम्म मैले मेरो नेतृत्वमा काम गरेको भएर धेरै गोदाइ र नोक्सानी भोग्नुपर्ने हुन्छ । तर यसले पोखरालाई फाइदा गर्छ ।

### » सम्पूर्ण महानगरवासीलाई के भन्नुहुन्छ ?

हामी ४ वर्ष काटिसकेका छौं । अब १०, ११ महिना बाँकी छ । अब चुनावी वर्ष हो । हामीले आउने बेलामा एउटा प्रतिवद्धता गरेका थियौं- पोखरा सिस्टममा चल्छ भनेर । हाम्रो नेतृत्वले पोखरेलीको शिर झुक्ने काम गर्ने छैन भनेर पनि भनेका थियौं । आजको मितिसम्म शिर झुक्ने काम गरेका छैनौं र बाँकी समयमा पनि गर्दैनौं । नगरवासीका तमाम समस्या छन् । पोखरालाई एडभान्सड नगर बनाउन अझै यस्ता ३ कार्यकाल हेर्नुपर्छ । त्यति बेलासम्म नागरिकले यो भएन त्यो भएन भन्दा पनि नागरिकलाई शान्ति, सुरक्षा कायम गराइदिने हो भने पोखरा आकर्षक सहर बन्छ । अहिले जसरी पोखरेलीको सहभागिता छ, त्यति बेलासम्म रहनुपर्छ । हामीले गरेका काम नागरिकका अगाडि छँदैछन् । अझै धेरै काम गरे हुन्थ्यो भनेर गाली गर्नुभएको छ । हामी जाँदासम्म सबै काम गरेर जान्छौं ।

*समाधान दैनिक, १४ जेठ २०७८*

# न्याय सम्पादन सिक्ने थलो पोखरा



मञ्जुदेवी गुरुङ
उपप्रमुख
पोखरा महानगरपालिका

पोखरा महानगरको उपप्रमुखको पदभार ग्रहण गरेको आज ४ वर्ष पुगेको छ । २०७४ साल जेठ १४ गते । आजकै दिन महानगरको कार्यभार सम्हालेको थिएँ । देशकै ठूलो महानगरको उपप्रमुखको जिम्मेवारी प्राप्त गर्ने अवसर पोखरेली जनताले सुम्पेको ४ वर्ष वितेको छ ।

४ वर्षको अवधिमा हामीले नागरिकका अपेक्षा अनुसार काम गरेका छौं । तर लामो समयपछि भएको निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिसँग नागरिकको अपेक्षा धेरै थिए । तर ती अपेक्षा कति पूरा भए कति हुने क्रममा छन् । नागरिकहरुले आफ्ना अपेक्षा पूरा नभएको अनुभूति गर्नुलाई स्वाभाविक रुपमा लिएका छौं । किन कि हामीले जनताको अपेक्षा अनुसार काम गर्ने प्रयत्न गरिरहेका छौं । तर चाहदाँ चाहदै पनि धेरै काम अझै गर्न बाँकी छ । नयाँ व्यवस्थाले गर्दा ऐन, कानुनहरु बनाउनुपर्ने भएकाले काम गर्न कठिन अवस्था सृजना भयो । संघीय शासन व्यवस्था हाम्रो देशमा नयाँ भएकाले सुरुका दिनहरुमा महानगरदेखि वडा कार्यालयसम्मको भौतक संरचनाहरु निर्माण र व्यस्थापन गर्नुपर्ने, संघ र प्रदेशको निर्वाचन स्थानीय तहको भन्दा पछाडि भएकोले ऐन कानुन निर्माणमा ढिलाई, दक्ष कर्मचारीको अभाव र यसका साथै नागरिकहरुको असीमित अपेक्षा हामीसँग थिए ।

खनी राखेको बाटोमा हिँडेर जाँदा छिट्टै पुगिन्छ तर बाटो आफैंले बनाएर जानु पर्दा स्वाभाविक रुपमा केही गारो र ढिलो हुनु स्वाभाविक जस्तो लाग्छ । दोस्रो वर्षदेखि आवश्यकता अनुसारका विधेयकहरु निर्माण गर्दै समुन्नत पर्यटकीय पोखरा बनाउने अभियानमा अगाडि बढने आधार तयार भयो । तेस्रो वर्षबाट हामीले गरेका कामहरुको प्रतिफलहरु आउँदै थिए र विकासले गति लिँदै थियो । तर तेस्रो वर्षको अन्तिमतिर कोभिड १९ महामारीले असहज अवस्था सृजना भयो । त्यसपछिका दिनहरुमा जत्ति विकास हुनपर्ने थियो त्यति हुन सकेन । कोभिड १९ ले सबै क्षेत्रलाई प्रभावित पारेको छ भने अर्थतन्त्र त धरासयी बनेको अवस्था छ ।

नयाँ शासन व्यवस्थासँगै स्थानीय तहमा न्यायिक समितिको परिकल्पना संविधानले गरेको छ । संविधानले उपप्रमुखलाई न्यायिक समितिको संयोजकको जिम्मेवारी तोकेको छ । संघीय शासन व्यवस्था अनुसार धेरै अधिकारसँगै जिम्मेवारीहरु संविधानले दिएको छ । त्योसँगै उपप्रमुखलाई राजस्व परार्मश समितिको संयोजक, बजेट तथा कार्यक्रम तर्जुमा, योजना तथा कार्यक्रम अनुगमन, गैरसरकारी संस्था परिचालन, अपांगता परिचयपत्र वितरण, बाल संरक्षण, सामाजिक सुरक्षा आयोजना, पञ्जिकरण, उपभोक्ता हित संरक्षण, लैंगिक हिंसा, तत्काल

उद्धार तथा राहत जस्ता धेरै समितिहरुको जिम्मेवारी छ । त्यत्तिमात्रै हैन उपप्रमुखसँग महिला कार्यक्रम, पशु विकास तथा अनुदान वितरण, वार्ता समिति, कोरोना रोकथाम तथा नियन्त्रण व्यवस्थापन समितिको समेत संयोजकको काम र जिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्था छ । उपप्रमुखलाई जिम्मेवारी र भूमिका धेरै छन् । यी जिम्मेवारीहरु अनुसार काम गरिरहँदा सार्वजनिक कार्यक्रमहरुमा पर्याप्त समय दिने अवस्थासमेत रहेन ।

न्यायिक समितिको संयोजक भएर काम गर्दा निकै खुसी छु । यो जिम्मेवारीलाई मैले सफलता पूर्वक र राम्रोसँग निर्वाह गरेको महासुस गरेको छु । हामीले गरेको अभ्यास र राम्रो कामहरुको प्रतिफलको कारणले गर्दा पोखरा महानगरको न्यायिक समिति एउटा अध्ययन केन्द्रकै रुपमा स्थापित भएको छ । १०० भन्दा बढी स्थानीय पालिकाका उपप्रमुखसहित न्यायिक समितिका सदस्यहरु न्याय सम्पदान र अभ्यासबारे सिक्न यहाँ आएका छन् । अध्ययनका लागि आएका सबैले देशकै उत्कृष्ट भएको र यहाँको अभ्यासलाई अनुसरण गर्ने बताउँदै आफ्नो पालिकामा आउन निमन्त्रणा समेत दिएका छन् । यो हाम्रा लागि खुसीको क्षण हो । संघीय शासन व्यवस्थामा स्थानीय तहमा उपप्रमुखलाई दिइएको न्यायिक समितिको संयोजकको जिम्मेवारी कुशलता पूर्वक निर्वाह गरेको महसुस गरेको छु ।

**१०० भन्दा बढी स्थानीय पालिकाका उपप्रमुखसहित न्यायिक समितिका सदस्यहरु न्याय सम्पदान र अभ्यासबारे सिक्न यहाँ आएका छन्**

न्यायिक समितिमा आएका धेरै विवाद मेलमिलापबाट समाधान गरेका छौं । न्यायिक समितिले जनताको न्यायमा पहुँच स्थापित गर्दै विवाद समाधानमा सहजता ल्याएको छ । अदालती प्रक्रियाको झन्झटबाट नागरिकले मुक्ति पाएको अनुभूति भएको छ । अदातलमा वर्षौं मुद्दा मामिला र आर्थिक बोझसमेत झेल्नुपर्ने अवस्था छ । तर न्यायिक समितिमा विवादका विषयमा पक्ष र विपक्ष दुवैले आफ्ना कुरा आफैं राख्न पाउने अवस्थाले नागरिकले सहजता महसुस गरेका छन् । यसले गर्दा न्यायिक समितिको महत्वलाई स्थापित गरेको छ । न्यायिक समितिले दुवै पक्षको जित हुने गरी मिलाउने भएकाले नागरिकहरु खुसी भएको महसुस गरेकी छु ।

पोखरा महानगरको न्यायिक समितिमा उजुरीहरु बढेपछि हप्तामा एक दिन हुने इजालास हप्तामा दुई दिन हुने व्यवस्था गरेका छौं । सोमबार र बुधबार दुई दिन इजालास सञ्चालन हुने गरेको छ । निर्वाचित भएको पहिलो वर्ष न्यायिक समितिले पूर्णता नपाउँदा इजलास सञ्चालनमा आउन सकेन । दोस्रो वर्षबाट न्यायिक समिति न्याय सम्पादनमा निरन्तर अगाडि बढेको छ ।

न्याय सम्पादन अगाडि बढाउँदै गर्दा गत वर्ष मानव जातिको अस्तित्व समेत समाप्त पार्ने चुनौती दिँदै विश्वव्यापी रुपमा कोरोना भाइरस संक्रमण फैलियो । कोरानाका कारण देशमा लकडाउन भयो । यो विषम परिस्थितिमा नागरिकलाई समस्या नहोस् भनेर अनलाइन उजुरीको व्यवस्था गरेर सेवा दियौं । हामीले स्वास्थको मापदण्ड पालना गरेर इजलास सञ्चालन गर्‍यौं । न्यायिक समितिमा साँध सिमाना, घर भाडा र नाबालक छोरा छोरी वा पतिपत्नीलाई इज्जत आमद/मानाचामल अनुसार खाना लाउन नदिएको विषयहरुमा बढी उजुरी आउने गरेका छन् । न्यायिक समिति गठन भई प्रक्रिया प्रारम्भ गरेपछि चालु आर्थिक वर्षसम्म १३२ वटा उजुरी दर्ता भएका छन् । ती उजुरीहरुमध्ये १३ वटा विवादको मेलमिलाप भएका छन् । २० वटा मेलमिलापको प्रक्रियामा छन् । विविध कारणबस यसअवधिमा १४ वटा तामेलीमा छन् । न्यायिक समितिबाट यस अवधिमा ४० वटा विवादको निरुपण गरिएको छ । ५९ वटा विवादहरु न्यायिक समितिको न्याय निरुपणको प्रक्रियामा छन् ।

महानगरमा परेका विवादको समाधान गर्न २९ वटा वडाका १६४ जना मेलमिलापकर्ताहरु सूचीकृत भएका छन् । न्यायिक समितिको सफलताको पछाडि महानगर प्रमुखको सकारात्मक र रचनात्मक सहयोग छ । न्यायिक समितिको सदस्यहरुको प्रतिबद्धता, कर्मचारीहरुको इमानदारी र मेलमिलापकर्ताहरुको निष्पक्षताका कारणले पोखरा महानगरको न्यायिक समिति सफल भएको महसुस गरेकी छु । त्यस्तै न्यायिक समितिको क्षेत्राधिकारका अतिरिक्त ठाडो उजुरीका रुपमा ७८० वटा विवादहरु कानुन शाखामा प्राप्त भई छलफल, परामर्श तथा सहजीकरण गरी समाधान गरिएको छ ।

पोखरा महानगरलाई महिलामैत्री बनाउन महिला सहायता कक्षको स्थापना गरेका छौं । लैगिंक हिंसामा परेका महिलाहरुका लागि निशुल्क परार्मश सेवाको व्यवस्था गरेका हौं । यसले गर्दा महानगरका महिलाहरुले राहत महशुस गरेका छन् । हाम्रो काम पूर्ण छ । त्यो दाबा गर्दैनौं तर हाम्रो कामको सुरुवात सकारात्मक तथा प्रगतिउन्मुख छ । पोखरा महानगरलाई सभ्य र सुसंस्कृत, सुशासनयुक्त बनाउन सबैको सकारात्मक र रचनात्मक भूमिकाको अपेक्षा गर्दछु ।

*समाधान दैनिक, १४ जेठ २०७८*

# ;3 / :yfgLo txsf sd{f/Lalr cGt/3hg cfjZos

पोखरा महानगर समृद्धिको दिशामा अघि बढेको छ। विकास निर्माणसँगसँगै नगरवासीको हितमा महानगर दत्तचित्त छ। साविकको पोखरा, लेखनाथ र केही गाविस जोडेर बनेको पोखरा महानगरपालिकामा जनप्रतिनिधि निर्वाचित भइसकेपछि यसले विशाल रुप लियो। सहरमात्रै नभई ग्रामीण भेग पनि महानगरमा गाभिन पुगेका छन्। महानगर बनिसकेपछि सबैभन्दा महत्वपूर्ष विषय भनेको तत्कालीन अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन पनि थिएन। त्यसबेला नेपाल सरकारले कार्य सञ्चालन कार्यविधि बनायो। त्यही अनुरुप सुरुआतका दिनमा स्थानीय निकायले काम पनि गरे। पछि ऐन आयो। यसबीचमा संस्थागत संरचना तयार पारेको भनेको वडा कार्यालय र महाशाखाहरु हुन्। वडामा आवश्यक संख्यामा जनशक्ति पुऱ्याउन नसके पनि न्यूनतम जनशक्ति आधारमा काम भएको छ। वडास्तरमा भएका स्वास्थ्य संस्थाहरुलाई हामीहरुले व्यवस्थापन गर्नुपर्ने छ। कुनै वडामा २/३ वडा स्वास्थ्य संस्था छन् भने कुनैमा छैनन्। त्यसलाई म्यापिङ गरेर वडाको हिसाबले व्यवस्थापन गर्नुपर्ने छ।

पोलिटिकल डिष्ट्रिक्ट र ननपोलिटिकल डिस्ट्रिक्ट एउटै हुनुपर्छ भन्ने छैन। मानिस आफू जहाँ पायक पर्छ त्यही जान्छ। कृषि तथा पशुसेवातर्फ पनि हामीहरुले म्यापिङ गर्न सकेका छैनौं। त्यसतर्फ ध्यान दिनुपर्ने छ। संस्थागत विकासमा ४ वर्षको अवधिमा महानगर अघि बढ्ने क्रममा छ। महानगर भवन बन्न सकेको छैन। कर्मचारीको व्यवस्थापन हुन सकेको छैन। स्थानीय कर्मचारी र संघबाट आएका कर्मचारीबीच आपसमा अन्तरघुलन अभाव छ। स्थानीय तहका कर्मचारीको माग पूरा हुन बाँकी छ। संघीय निजामती ऐन आउनुपर्ने मा अझसम्म आउन सकेको छैन। त्यसको आधारमा प्रदेश ऐनसँगै स्थानीय ऐन बन्ने हो। यी र यस्तै समस्या तथा चुनौतीबीच महानगर अघि बढेको छ। महानगरमा प्राविधिक जनशक्ति (इन्जिनियरिङतर्फ) पुगेको छ। त्यसबाहेक खाद्य तथा गुणस्तरतर्फ अनुगमन गर्ने दक्ष जनशक्ति छैन। नापीको लागि पनि समस्या छ। स्वास्थ्यकर्मीहरु पनि कुनै क्षेत्रमा पुगेको छ भने कुनै पनि पुगेको छैन। कृषि र पशु क्षेत्रमा प्राविधिक जनशक्ति अभावै छ। हाल अस्थायी व्यवस्थापनबाट चलेका छौं।

भोलिका दिनमा प्रदेशको स्पष्ट संरचना भएपछि यसले आकार लेला भन्ने अपेक्षा छ। कर्मचारीमा वृत्ति विकास जरुरी छ। स्थानीय तहका एउटै कार्यालयमा वर्षौ बिताउनुपर्दा समस्या सिर्जना गरेको पाइन्छ। यसैबीच, सरकारका ३ तहबीच आपसी समन्वय छ। कानुनले तर्जुमा गरेका प्रक्रियामा त्यसअनुसार नै छौं। बजेटको पाटोमा माथिबाट बजेट तथा कार्यक्रम आउने, हामीहरुले रिपोर्टिङ गर्ने विषयमा ऐन कानुनले स्पष्ट पारेको छ। त्यसअनुसार अगाडि बढेकै छौं। समस्या खासै छैन। प्रदेशतर्फ हेर्दा गण्डकी प्रदेशको राजधानी पोखरा नै भएकोले सघनखालको सम्बन्ध छ। दिनहुँजसो भेट हुँदा सहकार्य गरिरहेका छौं। संघ सरकारका कार्यालयहरुले पनि हामीहरुसँग समन्वय गरेर काम गरेका छन्। सडक डिभिजन लगायतका कार्यालयले सहकार्य गरेका छन्। समन्वयको पाटोमा खास ठूलो समस्या भने छैन।



**महेश बराल**
प्रमुख प्रशासकीय अधिकृत
पोखरा महानगरपालिका

**हामी आफैले क्षमता विकास र सुधार गर्नुपर्ने विषयमा कमीकमजोरी रहेको स्वीकार्नु पर्छ**

३ तहको सरकारबीच समन्वयमा खासै समस्या छैन, तैपनि हामी आफैंले गर्नुपर्ने क्षमता विकास र सुधारका विकासमा कमीकमजोरी रहेको स्वीकार्नु पर्छ । पोखरा र विदेशमा १२ अन्तर्राष्ट्रिय सहरबीच भगिनी सम्बन्ध स्थापना भएको छ । सबैसँग सुमधुर सम्बन्ध छ । स्थानीय तहको निर्वाचनपछि हालसम्म केही महत्वपूर्ण कार्य पनि भएका छन् । महानगर कार्यालयसहित ३३ वटै वडामा विद्युतीय हाजिरी लागु छ ।

महानगर र वडा कार्यालयको आन्तरिक व्यवस्थानमा सुधार गरी वडा कार्यालयबाट नै छिटोछरितो सेवाप्रवाहको लागि वडा कार्यालयको संगठन संरचना र भौतिक पूर्वाधारमा सुधार गरिएको छ । कर्मचारीको आचरण, व्यवहारमा सुधार ल्याई नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउन र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिई गैरकानुनी काम गर्ने जोकोहीलाई कारबाहीको दायरामा ल्याउने गरिएको छ । महानगरको लोगो बनाउने, जनप्रतिनिधिलाई तोकिएको पोसाकमा व्यवस्था गरी एकरुपता ल्याउने काम महानगरको प्रशासनिक क्षेत्रका कार्य हुन् । पोखरा महानगरले हाल महानगरभित्र सडक निर्माणमा अस्फाल्ट प्रविधि अपनाएको छ । यो ज्यादै रुचाइएको छ । साथै कनेक्टिङ रोड नै महत्वपूर्ण छ । उपमेयरसँग महिला कार्यक्रमले पनि उपलब्धिमूलक बनेको छ । स्वरोजगार सहित गरिबी निवारणमा पनि यसले सघाएको प्रतिक्रिया आएको छ । सहरी गरिबी न्यूनीकरण कार्यक्रम थियो । विगतमा कार्यक्रम भए पनि अहिले त्यसको गति मन्द छ । त्यसलाई अघि बढाउनुपर्ने छ । प्रवर्द्धनात्मक कार्यक्रमहरु भने नियमित भएका छन् । वडास्तरबाट पनि वृक्षरोपणका कार्यक्रम, चौतारो संरक्षण, तालिम, कौसीखेती हुने गरेका छन् । वडामा पनि पर्याप्त बजेट भएकोले वडास्तरबाटै पनि ती विविध कार्यक्रम भएका हुन् । महाशाखाहरु ठूलो स्केलको कार्यक्रममा केन्द्रित हुने गरेका छन् भने वडास्तरबाट हुने कार्यक्रम पनि सानातिनो भइरहेको पाइन्छ ।

वडालाई पनि बजेट खाता सञ्चालन गर्ने अधिकार दिएको हुँदा स्वायत्त बनेर खाता सञ्चालन गरेका छन् । भुक्तानी केन्द्रहरु वडावडासम्म पुगेको छ । कर दस्तुरका विषय अनलाइन पनि उपलब्ध छन् । व्यवसाय करमा आगामी दिनमा डिटिजल सुविधा दिँदै छौं । आगामी दिनमा इसेवा, खल्ती लगायतबाट पनि भुक्तानी गर्ने व्यवस्था मिलाउन पूर्वाधार परीक्षणको क्रममा छौं । पछिल्लो वर्ष भने विश्वभर महामारीको रुपमा फैलिएको कोरोनाले पोखरा पनि अछूतो रहन सकेन। यसको नियन्त्रणका लागि महानगर मेयर, प्रमुख जिल्ला अधिकारी र सामाजिक विकास मन्त्रालयका सचिव गरी ३ सदस्य गरी हाइ कमान्डमा काम गर्ने प्रयास जारी छ । प्रमुख जिल्ला अधिकारी संघ सरकारको प्रतिनिधि, सामाजिका विकास मन्त्रालय सचिव प्रदेश सरकारको प्रतिनिधि रहने हुँदा समन्वयात्मक हिसाबले काम भएको छ ।

विगतमा जस्तो बेड पाइएन भन्ने समस्या अहिले छैन। कोरोना संक्रमितको उपचारमा आवश्यक अक्सिजन पनि पोखरामा खासै समस्या हैन । कोभिड-१९ नियन्त्रणमा पनि प्रदेश सरकारले स्रोतसाधन प्रदान गरेको छ । प्रतिबद्धता अनुसार काम भइरहेको छ । पोखरा-२७ को वडा कार्यालय रहेको साविकको लेखनाथ नगरपालिकाको भवनमा लायन्सको सहकार्यमा करिब १ सय बेड क्षमताको अस्पताल निर्माण कार्य पनि युद्धस्तरमा भइरहेको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा कोभिडका बिरामी ओसार्न महानगरले गाडी उपलब्ध गराएको छ ।

अक्सिजन सिलिन्डर उद्योगमा लोड अनलोड गर्न उनीहरुको जनशक्तिले नपुगेकोले महानगरले स्वयंले केही समयका लागि ४/४ जना म्यान पावर व्यवस्थापन गरेका छौं । सुरुआतमा पनि नगर प्रहरी पनि पठाइयो । नेपाली सेना, नेपाल प्रहरीको समन्वयमा अहिले शव व्यवस्थापनमा विगतमा जस्तो समस्या छैन । अस्पतालबाट शव उठाउनदेखि अन्त्येष्टिसम्म गाडीको व्यवस्थासहित महानगरकै कर्मचारी पनि खटिने गरेका छन् । एम्बुलेन्सलाई पनि समन्वयात्मक हिसाबले अगाडि बढाएका छौं ।

पोखराको कृषि तालिम केन्द्रमा गत वर्षदेखि नै आइसोलेसन सञ्चालित छ । पिसिआर परीक्षणको दायरा विगतभन्दा अलि बढाएका छौं । जिल्ला प्रशासनले तथा स्थानीय प्रशासनले गरेका अनुरोधहरुलाई पनि हामीले हरतरहले सघाएका छौं । अहिलेको ज्वलन्त माग छ, कोरोना खोप । कोभिडविरुद्धको खोप केन्द्रीय सरकारले नै हस्तान्तरण गर्ने हुनाले महानगर आफैंले तत्काल खोप वितरण गर्ने सम्भावना कम छ । तैपनि ल्हासा तथा बेइजिङमा हाम्रा नेपाली दूतावास एवं कन्सुलर अफिसमा चिनोजानेका साथीभाइसँग कुरा गरेका छौं ।

पोखरा र चीनमा भगिनी सम्बन्ध स्थापित भएका पालिकामा मेयर सावको लेवलबाट चिठी लेखेर पठाएका छौं । अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन सिलिन्डर, भेन्टिलेटर लगायतका स्वास्थ्य सामग्री तत्काल उपलब्ध गराउन सक्ने आश्वासन भए पनि खोपको विषयमा भने केन्द्र सरकारको थप प्रयास आवश्यक देखिन्छ । आशा गरौं, त्यो पनि छिट्टै पूरा हुनेछ । (पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बरालसँग आदर्श समाज दैनिकका विजय नेपालले गरेको कुराकानीमा आधारित) स.

*आदर्श समाज दैनिक, १४, जेठ २०७८*

# कार्यपालिकाको निर्णय: आवश्यकता, प्राथमिकता र कार्यसम्पादन



धनबहादुर नेपाली

नेपालको संविधानको मर्म: अधिकार, विकास र समृद्धितर्फ उजाकृत छ । संविधानको उद्देश्यलाई पूर्ति गर्न संविधानको भावना बुझ्नु जरुरी छ । सोही अनुरुप कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको सोचसहित संविधानले नयाँ स्वरुपका ३ प्रकारका संघीय स्वरुपको सरकार संस्थागत अवस्थामा ल्याएको छ ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार विश्वव्यापी कोरोनाको संक्रमणमा नियन्त्रण र यसबाट सिर्जित भोकमरी टार्न राहत वितरणमा खटिएको तत्काल समस्या समाधानमा स्थानीय सरकारले खेलेको भूमिका निष्पक्ष हेर्ने हो भने जनताले प्रत्यक्ष सेवा पाउने सरकारको रुपमा स्थानीय सरकारलाई पाएका छन् । संघ, प्रदेश र स्थानीय सरकार सहकार्य, सहअस्तित्व र समन्वयबाट नेपाल र नेपालीको भाग्य परिर्वतन गर्न सम्भव बनाउनु नै संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढ गर्नु हो ।

स्थानीय सरकार सञ्चालन सक्रिय भएको ४ वर्ष नाघेको छ। हामीले समिक्षात्मक आँखाले हेर्दा विकासको पूर्वाधार निर्माण, कानुन ऐन, निर्देशिका कार्य विधि निर्माणका उपलब्धिलाई लिन सकिन्छ । कृषितर्फको अग्रसरता शिक्षा, खेलकुद सांस्कृतिक सम्पदा संरक्षण, प्रविधितर्फ युवा सहभागिता मूलत परिणाम दायी हुन । मानवीय संसाधन विकास अर्न्तगत महिला, जनजाति, उत्पिडित समुदाय, बालबालिका सशक्तीकरण, न्याय सम्पादनमा प्रतिफल देखिन्छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ अर्न्तगत सरकार चलाउने, जनप्रतिनिधि र कर्मचारीको साझा दायित्व हो । कर्मचारी अभाव, प्रविधिमा कमजोर प्रशासन उपयुक्त भवन कोठाको अभाव, काम गर्ने पुरानो शैली, जनतासँग जिम्मेवार जवाफदेही हुननपर्ने प्रशासनिक संरचना, जनप्रतिनिधिको अख्तियारी दुरुपयोग विकासको अर्को बाधक हो । नीतितगत रुपमा स्वरोजगार, उत्पादन, शुलभ शिक्षा, वस्तुको बिक्रीदर, वाध्यात्मक आयातको ठूलो रुप जसका कारण हामीहरु कमजोर भएका र बनाइएका छौं ।

झन्झटिलो प्रक्रिया, धेरै टेबल चाहार्नु पर्ने समस्याले सेवाग्राही अझै सन्तुष्ट हुन सकेको देखिँदैन एक/दुई घटना बाहेक स्थानीय सरकारलाई लामो समय सम्म हुन नसकेका काममा सफलता मिलेको पाइन्छ । कतिपय सवालमा संघीय सरकारको भूमिका आवश्यकन पर्ने गरी तत्काल सेवा पाएको घटनाले स्थानीय सरकार प्रति जनताको हेर्ने दृष्टिकोण सकारात्मक बनेको छ । यो सुखद् पक्ष हो ।

स्थानीय सरकारलाई व्यवस्थित बनाउन नगर कार्यपालिकाको बैठक नियमित गर्ने, निणर्य गर्दा धेरै भन्दा धेरै छलफल चलाउने, आवश्यक निर्णय लिनु पर्ने विषयको प्रयाप्त छलफल बहस र वैधानिकता खोज्ने काम जरुरी छ । सम्पन्न कामको अनुगमन गरिनु पर्दछ । योजना, योजनाको आवश्यकता, प्रतिफल हेरेर निर्णय गर्नु राम्रो पक्ष हो । योजनाको प्राथमिकतामा हामी चुक्यौं वा झुकियौं भने परिणम सोचे जस्तो प्राप्त नहुने मात्र होइन जनतामा नकारात्मक सन्देश जान सक्छ । निर्वाचन प्रतिस्पर्धा गर्दा पार्टी उम्मेदवारले अघि सारेका घोषणा पत्र, प्रतिवद्धताहरु पूरा गर्न आपतकालीन रुपमा लिन पर्ने कामका विषयमा राहत दिन सक्ने निर्णयहरु अघि सार्न जरुरी छ । भौतिक निर्माणका पाटो विकासका लागि जति महत्वपूर्ण छ, मानवीय विकासको सूचांकमा मानवीय संशाधनको विकास त्यत्तिकै महत्वपूर्ण छ । नागरिकलाई सेवा, सचेतना र समृद्धि तर्फ नपुऱ्याएसम्म सरकार बलियो हुन सक्दैन । बहुदलीय प्रतिस्पर्धामा दलहरु बलियो हुन सक्दैन तसर्थ बहुदलीय प्रतिस्पर्धामा दलहरु बलियो बन्ने आधार उनीहरुको कार्यक्रम, जिम्मेवारी बहन र योजनाको प्राथमिकता हो । निश्चित सभ्रान्त वर्गलाई हेरेर उनीहरुलाई स्वार्थ पूर्ति हुने दिर्घकालीन योजना परिणाम दायी हुदैंनन् । आम रुपमा निरीह, गरिबीमा रहेका आर्थिक स्थिति कमजोर भएमा नागरिक समुदायको सेवामा आधारित हुन सकिएन भने त्यसैले विकासमा फड्को मार्न सक्दैन । ठिक योजना, सहि प्राथमिकता र कार्यसम्पादनमा परिणाम ल्याउन सकियो भने मात्र सरकार विकास र समृद्धिको यात्रामा सफल पाइला बढाउन सक्दछ । हतारमा निर्णय गर्ने, निर्णयको कार्यान्वयनमा ध्यान नदिने, योजना सार्ने अलपत्र पार्ने तर कार्य सम्पादनमा बेवास्ता गर्ने परिस्थिती भयो भने त्यसबाट जनप्रतिनिधि, कर्मचारी, नागरिकमा निरासा छर्छ । अब अल्पकालीन, दिर्घकालीन योजना निर्माण गर्दै विकासमा फड्को मार्नु बाहेक विकल्प रहेन ।

*नेपाली महानगर प्रवक्ता तथा वडा नं ५ का अध्यक्ष हुनुहुन्छ*

# स्थानीय तह र प्राविधिक






लक्ष्मण तिमिल्सिना

**१. परिचय**

हिजो-आज नेपालमा प्राविधिक तथा व्यावसायिक तालिमको महत्व बढेको छ । प्राविधिक शिक्षाले व्यक्तिमा सिप विकास तथा क्षमता अभिवृद्धि मात्र गर्दैन, सिपआर्जन गरेका व्यक्तिहरुलाई सिर्जनशील बन्नमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । नेपालको संविधानले शिक्षा, रोजगारी तथा श्रम सम्बधी हकलाई मौलिक हक अन्तर्गत राखेको छ । संविधानको अनुसूची ८ मा अधिकारको सूचीमा शिक्षा सम्बन्धी स्थानीय तहको अधिकार राखेको छ । त्यसैगरी स्थानीय तहले आफ्ना अधिकार हरुको उपयोग संविधानमै व्यवस्था भएको धारा ५७ को उपधारा (४) मा अनुसूची ८ मा रहेका अधिकारको प्रयोगमा स्थानीय निकायले बनाएको कानुन बमोजिम हुने व्यवस्था, धारा २१४ को उपधारा (२) कार्यकारिणी अधिकारको व्यवस्था, धारा २२१ को उपधारा (२) मा अनुसूची अनुसार व्यवस्था भएका अधिकारको व्यवस्थापकीय अधिकार स्थानीय तहलाई हुने र धारा २२६ को उपधारा (१) बमोजिम विभिन्न अधिकार क्षेत्रमा आवश्यक कानुन बनाउने व्यवस्था गरिएको छ ।

**स्थानीय, राष्ट्रिय तथा अन्तर ाष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनु आजको शिक्षाको चुनौती छ**

यी हकहरूको सुनिश्चितताका लागि एकातिर व्यापक रूपमा रोजगारीको सिर्जना गर्नुपर्ने हुन्छ भने अर्कातिर आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्नुपर्ने हुन्छ। समाजवाद उन्मुख आर्थिक, सामाजिक रुपान्तरणका लागि प्रतिस्पर्धी, प्रविधिमैत्री रोजगारमूलक र उत्पादनमुखी शिक्षा अपरिहार्य हुन्छ, जसको आधार प्राविधिक र व्यावसायिक शिक्षा बन्न सक्छ। मुलुकमा बढ्दो बेरोजगारीका कारण विद्यार्थीहरुको आकर्षणसमेत प्राविधिक शिक्षा तर्फ नै बढेको पाइन्छ । प्राविधिक शिक्षालाई सिप विकासका अलावा रोजगारी प्रबर्द्धनको शिक्षाको रुपमा समेत समाजमा चित्रण गर्ने गरिएको छ ।

वर्तमानका युवा तथा वयस्कहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरी उत्पादनशील जनशक्तिमा रुपान्तरण गर्दै स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनु आजको शिक्षाको चुनौती छ । यसै सन्दर्भमा स्थानीय तहहरूलाई प्रदान गरिएको संवैधानिक जिम्मेवारी अनुरूप माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित गर्नुपर्ने दायित्व पोखरा

# शिक्षा



महानगरपालिकाको हो । सोही अधिकार र आफना जिम्मेवारीलाई आत्मासाथ गरी जनताप्रति उत्तरदायी भई यस महानगरले समुन्नत समाज, प्राविधिकमैत्री प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि विषेश कदम चालेको छ ।

खासगरी नेपालबाट वर्षेनी ठूलो संख्यामा युवाहरु विदेशिनुपरेको बाध्यता पोखरा महानगरपालिकाले समेत नभोगेको होइन, सिप तथा ज्ञानको अभावमा हजारौं युवाहरु विदेशी भूमिमा कम ज्यालामा निम्नस्तरका र जोखिमयुक्त काम गर्न बाध्य छन् । प्राविधिक सिप लिएका व्यक्तिहरु आफैले रोजगारी सिर्जना गर्न सक्ने, अन्य रोजगारीमा काम गर्दासमेत राम्रो आम्दानी गर्न सकिने तथा व्यक्तिलाई सिर्जनशील तथा मेहेनतीसमेत बनाउने भएकाले गर्दा प्राविधिक शिक्षाको महत्व आफैमा व्यापक छ । शिक्षा ज्ञान आर्जनका साथै जीवन निर्वाहको एक सारथिसमेत बन्नु पर्दछ ।

**हाल पोखरा मनपाभित्र ५ वटा प्राविधिक धारका साधारण विद्यालयहरू**

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | पढाइ हुने विषय |
|---|---|---|---|
| १ | जनप्रिय मावि सिलमचौर | ८ | सिभिल इन्जिनियरिङ |
| २ | महेन्द्र मावि भलाम | २० | कृषि |
| ३ | शुक्रराज मावि पुम्दी | २२ | पशुपालन |
| ४ | अम्बिका मावि, हेमजा | २५ | कम्प्युटर इन्जिनियरिङ |
| ५ | ब्रह्मरूपा मावि, राजाको चौतारा | ३२ | सिभिल र कम्प्युटर इन्जिनियरिङ |

*स्रोत : पोखरा महानगरपालिका, शिक्षा महाशाखा*

**तथा सिटिईभिटीबाट सम्बन्धन प्राप्त सामुदायिक विद्यालयहरु २ वटा**

| | | |
|---|---|---|
| आनन्दज्योति मावि | पोखरा ३१, बेगनास | वनस्पति विज्ञान |
| सरस्वती टीका मावि | पोखरा ३३,भरतपोखरी | सिभिल इन्जिनियरिङ |

*स्रोत - सिटिइभिटी गण्डकी प्रदेश कार्यालय*

**निजी क्षेत्रद्वारा सञ्चालित १० वटा प्राविधिक शिक्षालयहरु सञ्चालित छन् ।**

| | | | |
|---|---|---|---|
| कास्की | पोखरा इन्जिनियरिङ कलेज, पोखरा | सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ | ४८/४८ |
| कास्की | मणिपाल कलेज अफ नर्सिङ, पोखरा | नर्सिङ | ४० |
| कास्की | पोखरा टेक्निकल हेल्थ मल्टिपर्पोज इन्स्टिच्युट, पोखरा | नर्सिङ, सामान्य चिकित्सा | ४०/४० |
| कास्की | चरक एकेडेमी अफ हेल्थ साइन्स, पोखरा | नर्सिङ | ४० |
| कास्की | फिस्टेल नर्सिङ कलेज, पोखरा | नर्सिङ | ४० |
| कास्की | फेवासिटी नर्सिङ कलेज, पोखरा | नर्सिङ | ४० |
| कास्की | वेर्स्टन हेल्थ साइन्स एकेडेमी, पोखरा | फार्मेसी | ४० |
| कास्की | कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्सेस, पोखरा | फार्मेसी, डेन्टल साइन्स, रेडियोग्राफी, मेडिकल ल्याब टेक्नोलोजी | ४०/४०/३०/३० |
| कास्की | रिजनल कलेज अफ हेल्थ साइन्स, पोखरा | रेडियोग्राफी, मेडिकल ल्याब टेक्नोलोजी | ३०/३० |
| कास्की | पद्म नर्सिङ कलेज, पोखरा | नर्सिङ | ४० |

*स्रोत - सिटिइभिटी गण्डकी प्रदेश कार्यालय*

## २. पोखरा महानगरपालिकामा प्राविधिक शिक्षाको हालको अवस्था

नेपालमा विसं १९९९ मा प्राविधिक तालिम शिक्षालय (हालको इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक) को स्थापना सँगै प्राविधिक तथा व्यवसायिक शिक्षाको औपचारिक सुरुआत भएको थियो । यसपछि विभिन्न आरोह, अवरोह पार गर्दै अघि बढेको प्राविधक तथा व्यावसायिक शिक्षाले विसं २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापनासँग नयाँ गति एवं व्यापकता प्राप्त गऱ्यो । सिटिईभिटीबाट सम्बन्धन प्राप्त गरी सरकारी एवं निजी तवरबाट देशका विभिन्न ठाउँमा विभिन्न खाले प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालनमा आए । यसै क्रममा पोखरा क्षेत्रमा समेत प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालनमा आउन थाले । यसका अलावा विद्यालय शिक्षाको माध्यमिक तहको कक्षा ९–१२ मा समेत प्राविधिक विषयहरूको अध्यापन हुन थाल्यो ।

यसका अलावा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नेपालको आंगिक शिक्षालयको रुपमा पोखरा बहुप्राविधिक शिक्षालय सञ्चालित छ । पोखरा महानगरपालिका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नेपालबीच सम्झौता भई हाल गण्डकी बहुप्राविधिक शिक्षालय समेत सञ्चालनमा आएको छ । पोखरा क्षेत्रभित्र ३९ वटा निजी तालिम केन्द्र तथा सिप विकास केन्द्रहरु 'सञ्चालनमा छन् । गण्डकी प्रदेश सरकारको स्वामित्वमा रहने गरी एक सिप विकास केन्द्र सञ्चालनमा छ । पोखरा विश्वविद्यालय र सम्बन्धन प्राप्त कलेजहरु, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज, पूर्वाञ्चल विश्व विद्यालयबाट सम्बन्धन प्राप्त कलेज, खुला विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरु, लुम्बिनी विश्व विद्यालयबाट सम्बन्धन प्राप्त कलेजले समेत प्राविधिक धारमा स्नातक तथा स्नातकोत्तरसम्मको शिक्षा प्रदान गराउँदै आएका छन् ।

## ३. प्राविधिक शिक्षा विस्तारका प्रमुख समस्या

सुन्दा जति सहज र आवश्यक लागेता पनि प्राविधिक शिक्षा सञ्चालत तथा व्यवस्थापन सहज कामचाहिँ पक्कै पनि होइन । यसका लागि आवश्यक उपकरण औजार व्यवस्थापनको चुनौती त छँदै छ । यसका अलावा सञ्चालनका लागि आवश्यक जनशक्तिको सहज उपलब्धता अर्को चुनौती बन्नेछ । अन्य साधारण शिक्षाको तुलनामा प्राविधिक शिक्षा थोरै महँगो पर्न जाने हुँदा सो सम्बन्धमा समेत ख्याल राख्नु उतिकै महत्वपूर्ण बन्नेछ ।

मुलत स्थानीय तहले आफ्नै लगानी तथा व्यवस्थापनमा प्राविधिक शिक्षा सञ्चालन गर्न सम्बन्धन साझेदारीबाट नै अप्ठयारो अवस्थाको सामना गर्नु पर्ने देखिन्छ । आजको समयसम्म पनि प्राविधिक शिक्षा विशेष तथा लक्षित वर्गको पहुँचमा पुग्न नसक्नु दुखद हो । हिजो र आज हामीले निरन्तर रुपमाा प्राबिधिक शिक्षाको बारेमा वकालग गर्दै आएको भएता पनि प्राविधिक तथा जिवन उपयोगी शिक्षालाई मुलधारको शिक्षाको रुपमा विकास गर्न सकिरहेका छैनौं । प्राविधिक शिक्षा आत्मनिर्भर बनाउने शिक्षा भएता पनि शिक्षण सिकाई खर्चिलो हुँदा अर्थ व्यवस्थापनमा जटिल भई प्रयोगात्मक शिक्षा अगाडि बढाउन असहज बन्न सक्छ । बजारको माग अनुसारको जनशक्ति उत्पादन एवं उपलब्ध नहुनु, जागिरे सोच समाजमा हाबी भएकाले गर्दा प्राविधिक सिप र क्षमता आर्जन गरेर व्यवसायमा संगलग्न ब्यक्तिको सामाजिक सुरक्षाका लागि आवश्यक व्यवस्था नहुनु समेतले प्राविधिक शिक्षाको व्यापकतामा ठेस लाग्न पुगेको देख्न सकिन्छ । प्राविधिक क्षेत्रका मान्छेहरुलाई समाजले हेर्ने दृष्टिकोण परिवर्तन गर्न नसक्नु सामाजिक अवरोधका रुपमा देखा परेको छ । स्थानीय स्तरमै दक्ष जनशक्ति उत्पादन तथा परिचालनको यस अभियानलाई अगाडि बढाउनका लागि दृढ इच्छा शक्ति राख्ने हो यो कामले सहज रुपमा गति लिने विश्वास लिन सकिन्छ ।

## ४. स्थानीय तहमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका साझा उद्देश्यहरु

पोखरा महानगरपालिका लगायत स्थानीय तहहरुले आफनो कार्य क्षेत्रभित्र आफ्नै लगानी वा समन्वयमा प्राविधिक शिक्षा प्रदान गरी समृद्ध नेपाल, सुखी नेपालीको नारालाई सार्थक बनाउन नागरिकहरुलाई सस्तो तथा सुलभ शुल्कमा जीवन उपयोगी शिक्षा प्रदान गर्ने नीति लिनुपर्दछ । स्थानीय तहहरुले आफनो क्षेत्रलाई प्राविधिक शिक्षाको केन्द्र बनाउनुका साथै गाउ तथा नगर क्षेत्रका नागरिकको आर्थिक उन्नयनका लागि दीर्घकालीन लक्ष्य तय गर्नु जरुरी हुन्छ । स्थानीय तहमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका साझा उद्देश्यहरुमध्ये केही यस प्रकार हुन सक्नेछन् ।

क) स्थानीय तहभित्र सञ्चालन गर्न सकिने सम्भाव्य प्राविधिक कार्यक्रमहरू र त्यसका लागि आवश्यक भौतिक पूर्वाधारहरू, जनशक्तिको विश्लेषण गरी स्थानिय बजारका आवश्यक जनशक्ति स्थानीय स्तरमै उत्पादन गर्ने ।

ख) गुणस्तरीय तथा जीवन उपयोगी शिक्षा प्रदान गर्न अवलम्बन गर्नुपर्ने कार्यहरू, अनुगमन तथा मूल्यांकन पद्धति एवं सम्भाव्य चुनौतीहरूको विश्लेषण गरी प्राविधिक शिक्षाको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्ने सम्बन्धमा आवश्यक निति तयार गर्ने . यसका लागि आवश्यकता अनुसार संघ तथा प्रदेश सरकार, विश्वविद्ययालयहरु संघ साझेदारीका लागि आवश्यक कार्य नीति तयार गरी कार्यान्वयन गर्ने ।

ग) स्थानीय बजार र सम्बन्धित प्रतिष्ठानहरूको माग अनुसारका व्यावसायिक विषयहरूको अल्पकालीन एवं मध्यकालीन तालिमहरू सञ्चालन गर्नका लागि आवश्यक रणनीतिक योजना तयार गर्ने । यसका लागि नेपाल सरकारबाट पूर्व निर्धारित पाठ्यक्रम अनुसरण गर्ने साथै आवश्यकता अनुसार स्थानीय माग बमोजिमको पाठ्यक्रम निर्धारण गरी व्यावसायिक तालिम सञ्चालनको अवधारणा बनाउने ।

घ) स्थानीय माग र आवश्यकता अनुसारको विषयहरुलाई स्थानिय पाठ्यक्रममा समावेश गरी अध्ययन सुरुआत गर्ने, आदि

**अन्त्यमा ,**

नेपाल सरकारको अवधारणा अनुसार एक स्थानीय तह एक प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहहरु लाग्नुपर्ने देखिन्छ । प्राविधिक विषयहरु स्वास्थ्य क्षेत्र, कृषि, पशु, बाली विज्ञान, इन्जिनियरिङ लगायत डिप्लोमा तथा स्नातक तहका कार्यक्रम स्थानीय तहले सञ्चालन गर्न लाग्दा राज्यको ठूलो लगानी परेका सामुदायिक भवनहरुको सही सदुप्रयोग समेत गर्न सकिने र नागरिकहरुले सस्तो सुलभ शुल्कमा अध्ययनको अवसर प्राप्त गर्ने देखिन्छ । प्रत्येक वडाहरुमा नमुना विद्यालय निर्माण गरी सबै विद्यालयहरुलाई समयानुकूल प्रविधियुक्त शिक्षण सिकाई सञ्चालन गर्न जोड दिनुका साथै वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न युवा वैज्ञानिकहरू, अनुसन्धाता र प्राज्ञहरूका रचनात्मक कार्यहरूमा आवश्यक सहयोग पुऱ्याउन समेत यस कार्यले टेवा पुऱ्याउने विश्वास लिन सकिन्छ ।

आवश्यकता अनुसार स्थानीय तहभित्र प्राविधिक शिक्षालय कार्यक्रम लागु गर्न सामुदायिक विद्यालयहरूमा व्यावहारिक र प्राविधिक शिक्षा लागु गर्न आवश्यक पहल गर्नुका साथै विपन्न र सीमान्तकृत समुदायका बालबालिकालाई प्राविधिक शिक्षामा अभिप्रेरित गर्न **प्राविधिक शिक्षामा सबैको पहुच पुऱ्याउनका लागि निशुल्क प्राविधिक शिक्षा कार्यक्रम** लागु गरेर अध्ययन सकिएपछि तोकिएको अवधिसम्म अनिवार्य इर्न्टनका लागि आवश्यक व्यवस्था गर्ने हो भने यसले समाज रुपान्तरणका लागि समेत सहयोग कोसेढुंगाको काम गर्न सक्नेछ ।

# कृषि प्रोत्साहन गर्दै पोखरा महानगर

आर्वाका किसान टेकनाथ बरालले यस वर्ष ९ क्विन्टल जेठोबुढो फलाए । पोखरा महानगरपालिका कार्यालयसहित उनलाई विभिन्न कृषिसँग सम्बन्धित संघसंस्थाले जेठोबुढोको बिउ उत्पादनमा प्रोत्साहित गरेका छन् । ६२ वर्षीय बरालले १० रोपनी क्षेत्रफलमा जेठोबुढो रोपेको ९ क्विन्टल उत्पादन गरी लि-वर्डमार्फत प्रामाणित गरेर बिउको रुपमा अन्य किसानको खेतसम्म पुऱ्याएका छन् । यसरी स्रोत बिउ प्राप्त गरी उन्नत बिउ पोखरा महानगर र स्थानीय नमुना प्रांगारिक कृषि सहकारीको समन्वयमा आफूजस्तै किसानलाई बिक्री वितरण गर्न पाउँदा खुसी छन् उनी । 'सारा चिज पाइन्छ । असल जिउ र असल बिउ पाइँदैन, बालीनाली मास्नु त भएन,' बराल भन्छन्, 'हुलमुलमा जीउ जोगाउनू, अनिकालमा बिउ जोगाउनू ।' उनले धानसहित बोडी र घिउसिमीको बिउ पनि उत्पादन गर्छन् । बासनादार, नरम, स्वादिलो, पोखरेली जेठोबुढोका खास विशेष हुन् । पोखरामा पहिले पहिले धेरै उत्पादन हुने गरे पनि अचेल बिरेलै भेटिन्छ । पोखराकै चिनारी बोकेको जेठोबुढो यहाँको रैथाने जातको धानबाली हो । टाढा-टाढाबाट यहाँ घुम्न आउनेहरुले पनि खानामा पहिलो माग यसैको हुने गर्छ । कुनै-कुनै टारीतिर पोखरेली जेठो बूढो भेटिने गरे पनि अचेल फाँटमा यो धान कमै रोपिन्छ । तुलनात्मक रुपमा बासना कम आउने हाइब्रिड जातको जेठो बूढो देखिन्छ । वासना हराउँदै गएकोमा पोखरेलीको चिन्ता छ । पहिलेको जेठो बूढोको बिउ मासिँदै गएपछि संरक्षणको चिन्ता त हुने नै भयो । यत्तिकैमा गत वर्षदेखि पोखरा महानगरले यहाँको रैथाने बाली पोखरेली जेठोबुढो संरक्षण



र ब्रान्डिङ योजना ल्यायो । यहाँको उन्नत (सुधारिएको) जातको पोखरेली जेठो बूढो संरक्षणमा महानगर जुटेको हो । महानगरले गत वर्ष १ सय १५ केजी यसको बीउ १० विभिन्न कृषक समूह तथा कृषि सहकारीलाई बाँड्यो । जेठो बूढोको गुणस्तरीय बीउ उत्पादन गर्ने' कामका लागि ली-वर्डसँग मिलेर महानगरले कार्य गर्दै आएको जनाएको छ । महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरियाले पोखराको पहिचान बोकेकाले यसलाई ब्रान्डिङ गर्नुपर्छ भनी किसानलाई प्रोत्साहन गर्दै जेठोबुढो उत्पादनमा जोड दिइएको बताउँछन् । किसानले उत्पादन गरेको सो बिउ महानगरले प्याकेजिङमा प्रतिकिलो २ सय रुपैयाँमा खरिद गर्ने निश्चितता दिइएको छ । यस वर्षको वैशाख २५ सम्म मिति तोकेर जेठो बुढाको धान बिउ माग फाराम भनी महानगरले सूचना निकालेको थियो । सो बमोजिम आर्वा, लेखनाथ र ठूलाखेतको बिउ किसानलाई २ टन जति प्रतिकिलो ५० रुपैयाँ अनुदानमा वितरण गरियो । यसरी महानगरले केही किसानलाई बिउ उत्पादनमा जोड दिँदै बाँकीलाई उन्नत जातको बिउ वितरण गरी संरक्षण प्रयास थालेको हो । 'माग बढी थियो, समय परिस्थिति अनुसार सबैलाई सम्बोधन गर्न सकिएन,' कडरियाले भने, 'पोखरा महानगरले ब्रान्डिङ गर्दै न्यूनतम समर्थन मूल्य पनि तोकिदिएपछि किसानलाई फाइदा पुगेको छ । त्यसैले किसान जेठोबुढो उत्पादनमा आकर्षित हुन थालेका छन् ।' जेठोबुढो धानको प्रतिक्वीन्टल ९ हजार रुपैयाँ महानगरले मूल्य तोकेको थियो । मानिसको यसमा आकर्षण यति भयो कि एकछिनै धान सकिएको कडरियाले सुनाए। सरकारले २०६३ सालमा यो जात सूचिकृत गरेको थियो । पोखरा क्षेत्रमा ९ सयदेखि १२ सय मिटर उचाइसम्म जेठोबुढो खेती उपयुक्त हुने जनाएको थियो । पोखराको पामे, ठुलाखेत, लेखनाथ, आर्वा, बिरौटा, अर्मला, चाउथे फाँटमा यसको बढी खेती गरिन्छ । पोखरामा गत वर्ष धान ११ हजार २ सय हेक्टर क्षेत्रफलमा खेती भएकोमा यो वर्ष २ प्रतिशतले बढेर ११ हजार ४ सय २४ हेक्टरमा खेती गरिएको हो । कुल क्षेत्रफलमध्ये ४ हजार ७ सय हेक्टर (४१ प्रतिशत) मा जेठोबुढो रोपिन्छ । महानगरमा ३९ हजार टन धान उत्पादनमध्ये १५

हजार टन जेठोबुढोको हिस्सा छ । महानगरमा रुपान्तरण भइसकेपछि पोखरा महानगरले कृषिसँग सम्बन्धित विभिन्न कार्य गर्दै आएको छ । कृषि तथा पशुपालनमा पनि बजेट पर्याप्त छुट्टाउन थालिएको छ । चालू आर्थिक वर्षका लागि महानगरले छुट्टाएको तथा सशर्तबाट आएको गरी कृषि तथा पशुमा कुल ६ करोड बजेट विनियोजित थियो । थोपा सिँचाइ तथा साना सिँचाइ कार्यक्रम सञ्चालन, किसान वर्गीकरण, नीति नियम बनाउने, डिजिटल कृषि व्यवस्था, कस्टम हायरिङ सेन्टर, अनुदानमै हाते ट्याक्टर, बिउविजन, हेलनेट वितरण, सामुदायिक नर्सिङ, कोसी खेती प्रोत्साहन, किसानलाई आर्थिक सहयोग, प्लास्टिक घर निर्माण लगायत सम्भिनलायक कार्यक्रम हुन् । महानगरले नीतिगत हिसाबमा कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५, कृषि नीति २०७४, कृषि बजार व्यवस्थापन निदे ंशिका २०७७, महानगरको कृषि ऐन, २०७७ ल्याइसकेको छ । वास्तविक किसान प्रोत्साहित गर्दै महानगरले नेपालमै नमुना कार्यक्रम किसान वर्गीकरण थालेको छ । हालसम्म १ हजार ५ सय किसानले वर्गीकरणका लागि आवेदन दिएकोमा पशुपालन क्षेत्रमा आबद्ध ३ सय किसानलाई परिचयपत्र दिइसकिएको छ । बाँकीलाई आवश्यक मूल्यांकन गरी आगामी वर्षसम्म क्रमश: वितरण गने ं महानगरले जनाएको छ । महानगरले अनुदानका कार्यक्रममा सहभागी हुन किसान दर्ता हुनै पर्ने योजना पनि अघि सारेको छ । यसबाट गैरकिसान निरुत्साहित हुने विश्वास छ । स्मार्ट महानगरअन्तर्गत 'डिजिटल कृषि' व्यवस्था गरिएको छ । घरबाटै विभिन्न आवेदन दिन सकिने, विभिन्न सूचना हेर्न सकिने व्यवस्थाले महानगर र कृषक दुवैलाई फाइदा पुगेको पाइन्छ । किसानले भाडा लिन सक्ने गरी ट्याक्टर, थ्रेसिङ मेसिन, आलु लगाउने, ड्याङ बनाउने मेसिन व्यवस्था गरेको छ । गत वर्ष लेखनाथमा 'कस्टम हायरिङ सेन्टर' नाममा सञ्चालनमा आएपछि किसान लाभान्वित बनेका छन् । ठूलाखालका कृषियोग्य भूमिमा यो उपयोगी बनेको महानगरको दाबी छ । यस अलावा गाउँगाउँमा कान्ला उकाल्न गाह्रो हुने भएकोले हातेट्याक्टर वितरण गरिएको छ । हालसम्म महानगरले ५० प्रतिशत अनुदानमा ३ सय ५० हाराहारीमा त्यस्तो यान्त्रिक उपकरण वितरण गरेको जनाएको छ । पोखरामा ३३ वडामध्ये केही वडामा महानगरले सामुदायिक नर्सिङ कार्यक्रम सञ्चालित पनि छ । पोखराको वडा १४, १६, १८, २२, २९ लगायतमा सञ्चालित यो कार्यक्रमबाट किसानले अन्तभन्दा २५ प्रतिशत कम मूल्यमा बिरुवा लिन पाउने व्यवस्था छ । लेखनाथ उद्योग वाणिज्य संघको साझेदारीमा तालचोकमा बजार सञ्चालित छ भने विभिन्न ६ ठाउँमा किसान बजार पनि छन् । किसानले उत्पादन गरेका बस्तु सिधैं उपभोक्ताले खरिद गर्न सक्ने गरी किसान बजार सञ्चालनमा ल्याइएको हो । किसानलाई हौसला प्रदान गर्दै बिलौलियालाई निरुत्साहित गर्ने यो बजार धेरैले रुचाएका छन् । यद्यपि, पछिल्लो समय कोरोना महामारीले समस्या उत्पन्न भएको पाइन्छ । साथै, महानगरले २ वर्षदेखि हेलनेट (असिना छेक्ने जाली) किसानलाई दिँदै आएको छ । यसबाट व्यावसायिक कृषकको निम्ति असिना परेर बालीनालीमा हुने ठूलो क्षति रोकिन पुग्दा राहत मिलेको कृषक कृष्ण तिवारी बताउँछन् । २ वर्षयता ५० प्रतिशत अनुदानमै करिब २४ लाख बराबरको हेलनेट वितरण गरिएको कडरियाले बताए । बाँझो जमिन संरक्षण, वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, पौष्टिक आहार घरमै उत्पादन हुने गरी किसानको माग अनुरुप महानगरले फलफूल बिस्तार अभियान थाल्ने तयारी गरेको छ । सुन्तला, कागती, केरा, आँप, लिचि, मेवा, अम्बा लगायतमध्ये यहाँको भूगोल अनुसार सुन्तला र कागतीलाई प्राथमिकता दिइएको छ । पोखरा २१ कृस्ती, निर्मलपोखरी सुन्तलाको पकेट क्षेत्र हुन् । कागती भने धेरै ठाउँबाट माग भइआएको जनाइएको छ । बिरुवामा ५० प्रतिशत, खाडल खन्न प्रतिबोट २५ रुपैयाँ, प्रांगारिक मलमा ५० प्रतिशत अनुदान दिने कार्यक्रम छ । सहकारी संस्थामार्फत रसायनिक मल बिक्री वितरण नियमितजसो हुने कार्यक्रम छन् । मेयरमैत्री सुन्तला बोट व्यवस्थापन कार्यक्रमअन्तर्गत १ बोटका लागि १ सय रुपैयाँ अनुदान व्यवस्था छ । ३ वर्षदेखि सञ्चालित सो कार्यक्रममा हालसम्म ४५ लाख वितरण भैसकेको छ । प्रधानमन्त्री कृषि आधुनिक परियोजनाको कार्यक्रम पनि भइरहेको छ । माछाको पकेट तथा साझेदारी पोखरी निर्माण कार्यक्रम जारी छन् । शिशुवा, ढलेपीपपल, हेमजा र पामेमा प्राविधिक सेवा केन्द्र सञ्चालित छन् । यसबाट किसानलाई पर्ने समस्या प्राविधिक रुपमा हल गर्ने व्यवस्था मिलाइएको छ । कौसीखेती कार्यक्रमको लागि अनुदानमा कम्पोस्ट बिन वितरण पनि पोखरा महानगरले गदै ं आएको छ । आवश्यकता अनुसार बिउबिजन दिने गरेको छ । कौसीखेतीका लागि हालसम्म करिब ८ सय हाराहारीमा तालिम लिइसकेका छन् । अर्गानिक पकेटका कार्यक्रमसमेत ल्याइएको छ । यसले विषादी कम प्रयोग होस्, किसानको आयु पनि बढोस्, वातावरण पनि राम्रो हुने अपेक्षा छ । 'हप्तामा एक दिन, कृषक बारीमा एक छिन' कार्यक्रम भने त्यति प्रभावकारी बनेन । घोषित यी र यस्तै कार्यक्रम भने प्रभावकारी हुन नसक्नुमा पुँजी अभाव, सूचना अभाव, जनशक्ति अभाव लगायत हुन् । पोखरा महानगर अझै पनि आमकृषक भएको ठाउँमा पुग्न नसकेको, समूहभन्दा व्यक्तिकेन्द्रित कार्यक्रम बढी हुने गरेको गुनासो सुनिने गरिन्छ । प्राविधिक हिसाबमा पनि महानगरको कमजोरी छ । बजारमा क्षेत्रमा खासै समस्या नभए पनि गाउँस्तरका वडाहरुमा कम्तीमा १ जना प्राविधिक हुनु जरुरी छ । देशकै ठूलो क्षेत्रफलमा फैलिएको पोखरा महानगमा १ सय ९० दशमलब ५८ वर्ग किमी क्षेत्रफल कृषि योग्य जमिन छ ।

***विजय नेपाल/आदर्श समाज, १४, जेठ २०७८***

# महानगरमा पिसिआर परीक्षण



दीपेन्द्र सुनार

चीनको वुहान सहरमा सन् २०१९ को डिसेम्बरमा पहिलो पटक पहिचान गरिएको कोरोना भाइरस अहिले सारा संसार भर एक प्रमुख स्वास्थ्य चुनौतीको रूपमा खडा भएको छ ।


कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नेपालमा पहिलो पटक २०७६ माघ १० (जनवरी २४) मा पुष्टि भएको थियो । यसँगै नेपालमा चैत ११ गते बाट देशभरि पूर्ण रुपमा लकडाउन सूरुभएको थियो । त्यो हाम्रो लागि र सबैको लागि नौलो थियो । स्वास्थ्य मन्त्रालयले बनाएका योजनाहरु अनुभव र अनुसन्धानमा आधारित थिए । त्यसबेला उपचार यही भन्ने पनि थिएन । यो कसरी नेपालमा फैलिइरहेको छ र फैलिन सक्छ भन्ने पनि अनुमान थिएन रकोरोना संक्रमणदर पत्ता लगाउनको लागि नेपाल सरकारले पिसिआर/आरडि टेस्टलाई प्रथामिकता साथ सुरु गरेसँगै पोखरा महानगरपालिकाले आरडिटीकिटबाट कोरोना परीक्षण सुरु गऱ्यो । पहिलो पटक चैत्रको अन्तिम साताबाट पोखरा-१९ मा कोरोनाको परीक्षण सुरु गरिएको जाँच पछि गएर विभिन्न स्थान, स्वास्थ्यचौकी, वडा कार्यालयहरुमा गर्न थालियो पहिलो पटक जाचको क्रममा पोखराको १२ नं वडामा आरडिटीकिटबाट जाँच गर्दा कोरोना पोजेटिभ देखिएको थियो । केही समयसम्म सोही जाँच गरेपछि पिसिआर परीक्षण सुरु भयो । सुरु सुरमा महानगरपालिकासँग स्रोत साधन नहुँदा महाशाखाबाट स्वास्थ्यकर्मी स्वयम गएर घन्टौ लगाएर महानगरबासीलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान लगेर पिसिआर परीक्षण गराइन्थ्यो । पछि संक्रमितको चाप बढे सँगै महानगरपालिका स्वास्थ्य महाशाखाले पिसिआर परीक्षण सम्बन्धी तालिमको व्यवस्था गरी पिसिआर स्वाब संकलन सुरु गरियो । पहिलो पटक २०७७ वैशाख २५ गते महानगरपालिकाले आफ्नो स्रोत साधनबाट कृषि तालिम केन्द्र मालेपाटनको क्वारेन्टाइनमा पिसिआर परीक्षण सुरु गरिएको थियो । स्वास्थ्य महाशाखाले कोरोना परीक्षणसँग सँगै विभिन्न स्थान विद्यालयहरुमा क्वारेन्टाइनको व्यस्थापन, कोरोना रोकथामको लागि सचेतानात्मक क्रियाकलाप बढाउँदै लागेको थियो । विदेशबाट आएका व्यक्तिहरु, कोरोना पोजेटिभको कन्ट्याक्टमा आएकाहरु, कोरोनका लक्षण देखिएका व्यक्तिहरुलाई क्वारेन्टाइनमा राखिन्थ्यो । कोरोनाको कहर फैलिएसँगै पिसिआरको लागि स्वाब संकलनको ताप पनि बढदै गयो । स्वास्थ्य महाशाखाले स्थापना गरेको १२ वटा क्वारेन्टाइनहरुमा दैनिक स्वाब संकलन गरिन्थ्यो भने सो स्थान बाहेक सामान्य सर्भेको रुपमा व्यापारी, बैंकका कर्मचारी, प्रहरी कार्यालय,बाल कल्याण, वृद्धाआश्रम, उद्योग कलकारखाना जस्ता क्षेत्रहरुमा सोही स्थानमै गएर स्वाब संकलन गरियो । अन्य सर्वसाधारण नागरिकहरुको सुविधाको लागि निशुल्क रुपमा दैनिक २ देखि ४ ठाउँमा २ सय देखि ४ सय व्यक्तिहरुको स्वाब संकलन गरिन्थ्यो । स्वाब संकलन केन्द्रमा आउन नसक्ने अशक्त संक्रमित लागि उहाँहरु भएको स्थानमै गएर निशुल्क स्वाप सकंलन गरियो । गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयको आयोजना महानगरपालिका स्वास्थ्य महाशाखाको सहकार्यमा प्रदेश संसद भवन,विद्याललयहरु तथा संघसस्थाहरुमा समेत पिसिआर परिक्षण गरियो ।

कोरोना भाइरसको परीक्षण गर्ने क्रममा सुरुवाती दिनहरुमा संक्रमित परीक्षण गर्न नआए पनि पछि संक्रमण फैलिए लगत्तै, परीक्षणको दरमा पनि वृद्धि गर्दै जाने क्रममा धेरै भिडभाड भएको कारणले व्यवस्थापन गर्न कठिनाइ भएको थियो । संक्रमितहरु पिसिआर परीक्षण गर्न आउँदा धेरै समय सम्म कुर्नु पर्दा सेवाग्राहीहरुको गुनासोहरु आएको कारणले गर्दा त्यसलाई व्यवस्थित गर्न विभिन्न छलफल गरी स्वास्थ्य संस्थामा भएका स्वास्थ्यकर्मीहरुलाइ परिचालन गरेर सेवालाई छिटो छरितो र प्रभावकारी रुपमा प्रदान गर्ने प्रयास भयो । वर्षातको मौसम जस्तै असार, श्रावण भदौका झरीमा र दिनको चर्को घाममा भोक प्यास नभनी दिनरात स्वाब संकलन कार्यमा खटियो । बीचमा केही समय कोरोना संक्रमणको दर कम भएको हुँदा पिसिआर परीक्षणलाई दैनिकी बाट हटाई हप्तामा ३ दिन आइतबार, मंगलबार र बिहीबारमा सीमित गरियो भने आवश्यकता अनुसार सेडुल बाहेकका अन्य छेत्रमा पिसिआरको लागि स्वाब संकलन गर्ने गरिएको छ ।

कोरोना रोगको रोकथाममा दैनिक रुपमा फिल्डमा खटिदा हामी स्वास्थ्यकर्मीहरुलाई समाजले हेर्ने नकरात्मक दृष्टिकोण ,छुवाछुत मात्र नभइ अपराधी भएको जस्तो व्यवहारका साथै मनोबल गिराउनेकाम भए पनि भए । आफूलाई पनि काम गरेर घर फर्कदा घर परिवारका सदस्यलाई आफ्नै कामको कारणले संक्रमित भई गुमाउनु पर्छ कि भन्ने चिन्ता तथा मनमा त्रास हुँदाहुँदै पनि त्रासकै बीचमा संक्रमति व्यक्तिहरुको पिसिआर परीक्षण गर्दै जादा उहाँहरु कोरोना संक्रमण मुक्त भएको क्षणमा ज्यादै खुशी लाग्नुको साथै कोरोना सक्रमण

विरुद्धको अभियान र विपद्सँग जुध्ने साहस जुट्थ्यो ।

नेपालमा कोरोनाको दोस्रो लहरको चर्चा अहिले सर्वत्र छ किोरोनाको नयाँ भेरियन्टहरु देखिसँगै नेपाल सरकारले कोरोना परीक्षणलाई दुर्त गतिमा लागेको छ । पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाले सोही अनुसार आफ्नो पिसिआर परीक्षणको केन्द्रहरु बढाउने र आवश्यकता अनुरुप दैनिक ३, ४ ठाउँमा स्वाब सकंलन गरिएको छ । पोखरा महानगरपालिकाले पिसिआर परीक्षण सुरु गरे बाट असार ३१ गतेसम्ममा पिसिआर विधिबाट ३२ हजार ६ सय र एन्टिजेन विधिबाट २ हजार २ सय ६० जना गरी ३५ हजार ८ सयको कोभिड टेस्ट गरियो । पोखरा महानगरपालिकाबाट मात्र स्वाब लिँदा कति पोजेटिभ आए भन्ने तथ्यांक एकिन नभए पनि महानगरपालिका, लाइफ केयर डाइग्नोसिस, पोखरा विज्ञान प्रतिष्ठान लगायतले परीक्षण गरेकोमा पोखरा महानगरपालिकामा असारसम्ममा करिब १९ हजार व्यक्तिमा कोरोना पुष्टि भएको छ भने हालसम्म पोखरा महानगरपालिकाले कोरोनाबाट मृत्यु भएका ७ सय ५३ जना व्यक्तिको शव व्यवस्थापन गरेको छ ।



कोरोना भाइरसको संक्रमण हुन नदिन, भएपनि त्यसलाई फैलन नदिन नेपाल सरकारको जति भूमिका रहन्छ, त्यो भन्दा बढी हामी सबैको रहन्छ । कोरोना भाइरसले हाम्रो समाजका आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा विविध नकरात्मक प्रभाव पार्ने निश्चित छ । केही प्रभाव भइसकेका छन्। त्यसैले कोरोनाको रोकथाम र यसले हाम्रो सामाजिक, आर्थिक र सांस्कृतिक जीवनमा पार्ने प्रभावलाई न्यूनीकरण गर्न हाम्रा सबै सार्वजनिक संस्थाहरु, निजी क्षेत्र, तिनमा कार्यरत कर्मचारी र सबै सचेत नागरिकहरुले आ-आफ्नो सामाजिक उत्तरदायित्व गम्भीरतापूर्वक पालना गर्नुपर्ने देखिन्छ। हामीले सामाजिक उत्तरदायित्व जति कुशलतापूर्वक निर्वाह गर्नेछौं, त्यति सहजै हामीले कोरोना भाइरस संक्रमण तथा यसका संभावित सामाजिक, आर्थिक, सांस्कृतिक प्रभावहरु न्यूनीकरण गर्न सक्नेछौं । त्यस्तै सरकारले गरेका अनुरोधलाई स्वीकार्दै सबै घरमै बसिदिए, अनावश्यक हिँडडुल तथा भीडभाड नगर्ने,घरबाट बाहिर निस्किदा अनिवार्य मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, साबुन पानीले मिची मिची हात धुने यदि साबुन पनि नभएको खण्डमा सेनीटाइजरको प्रयोग गर्ने भने त्यो नै कोरोना भाइरसविरुद्ध लड्ने सबैभन्दा ठूलो हतियार हुनेछ ।

यसैगरी स्वाथ्यकर्मी, सेना, प्रहरी, सरकारी अधिकारी तथा अत्यावश्यक सेवा प्रदायक संस्थाहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले यो समयमा आफ्नो पेसागत धर्म (प्रोफेसनल इथिक्स) पूर्ण इमानदारीका साथ निर्वाह गर्नुपर्ने देखिन्छ । कोरोना महामारीलाई समयमै व्यवस्थापन गर्न स्थनीय सरकारको ठूलो भूमिका छ । पालिका सबैभन्दा नजिकको सरकार हो । हाम्रो पालिकामा जनप्रतिनिधिको यति राम्रो सञ्जाल छ कि केही स्थान बाहेक धेरै ठाउँमा कोही न कोही जनप्रतिनिधिलाई नजिकबाट नचिन्ने मान्छे हुँदैन । नगरपालिकाको मेयर, उपमयेर मात्र हैन, वडाअध्यक्ष वडा सदस्य र कार्यपालिका सदस्य समेत हरेक टोलमा जनप्रतिनिधि हुनुहुन्छ। उहाहरुको परिचालनबाट पालिकाहरुले यो अप्ठ्यारो परिस्थितिलाई पार लगाउन सक्छ । तर गर्छु भन्ने प्रण जनप्रतिनिधिहरुको आत्माबाटै आउनुपर्छ । स्थानीय सरकार (पालिका) सबैभन्दा नजिकको सरकार भएकोले स्थानीय सरकारले व्यक्तिलाई व्यक्तिबाट अलग्याउनेदेखि संक्रमणको शंका लागेमा परीक्षण, एकान्तबास, सचेतनामूलक कार्यक्रम गर्ने, स्वास्थ्य जाँच गर्ने र कोरोनाको सक्रमण भएका मानिसको खोजी र उपचारका लागि समन्वय गर्न प्रभावकारी भूमिका खेल्न सक्छ । सरकार र जनप्रतिनिधिहरुले आफ्नो कौशल र क्षमता देखाउने मौका यहि हो । नागरिकको मन जित्ने र नेपालमा भर्खरैं कार्यान्वयनमा आएको संघीयताको महत्व दर्शाउने बेला पनि यहि हो । तिनै,तहका सरकारहरू र जनप्रतिनिधिहरुका लागि कोरोना भाइरसको महामारीले जनपक्षिय काम गरेर देखाउने अवसर सिर्जना गरेको छ ।

कोरोना रोकथाम पिसिआर परिक्षणकार्यमा, सधैंदिनरात घामपानी हावाहुरी नभनि खटिने मेरो समुहका सहकर्मी साथीहरु ज.स्वा.नि राजेन्द्र रेग्मी, ल्या.असरिता सुबेदी, उषा शर्मा, नितु शर्मा पौडेल, प्रतिक्षा पौडेल, मधु माया सिग्देल, राम सुनार, कल्पना, हे.अ सुजन पौडेल, बिशाल पौडेल, सवारी चालक गंगा प्रसाद आचार्य तथा स्वास्थ्य महाशाखाकासम्पूर्ण सर मेडम, स्वास्थ्य चौकी अस्पतालका सम्पूर्ण स्वास्थ्यकर्मीहरुप्रति उच्च सम्मान व्यक्ति गर्न चाहान्छु विशेषगरी स्वास्थ्य महाशाखा प्रमुख श्री हेमन्त शर्मा पौडेल सरलाईसम्मान प्रकट गर्दै उहाले दिएको निर्देशन, परामर्श, हौसलालेगर्दा हामी स्वास्थ्य कर्मीहरुलाईकोरोना कहरसंग लड्नसहासजुटेको छ ।

***सुनार पोखरा महानगरपालिका स्वास्थ्य महाशाखामा कार्यरत जनस्वास्थ्य निरीक्षक हुनुहुन्छ।***

# सहकारी गतिविधि




देशभर सहकारी संस्थाहरुको संख्या २९,८८६ छ भने यसमा आबद्ध सदस्यहरुको संख्या ७३,०७,४६२ रहेको छ । देशभर छरिएर रहेका सहकारी संस्थाहरु आफ्ना कार्यक्षेत्रका आधारमा संघ, प्रदेश र स्थानीय सरकार अन्तर्गत वर्गिकृत छन् । सहकारी संस्था प्रत्यक्ष रुपमा आर्थिक कारोबारसँग सम्बन्धित छ । देशभर रहेका सहकारी संस्थाको कूल सेयर पूँजी ९४,१०,५०,१५,८०३ रहेको छ भने कूल बचत संकलन रु. ४७,७९,६१,१४,६४७ तथा रु ४,२६,२६,२३,११,३८१ ऋण प्रवाह भएको छ। देशभर सहकारी संस्थाले उपलब्ध गराएको प्रत्यक्ष रोजगारी संख्या ८८,३०९ रहेको छ । कार्यक्षेत्रको आधारमा पोखरा महानगरपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुको संख्या ३५७ ओटा रहेको छ भने यसमा आबद्ध सदस्यहरुको संख्या १,३१,३९५ रहेको छ। महानगरपालिका अन्तर्गतका सहकारी संस्थाहरुको कूल सेयर पूँजी जम्मा रु. ४,७६,४५,१९,३५८ कूल निक्षेप रु. १३,७२,४७,६५,९१६ तथा ऋण प्रवाह कूल रु. १३,९०,३२,१५,८४९ रहेको छ।

संघिय सहकारी ऐन २०७४ तथा नियमावली २०७५ अनुसार स्थानीय तहमा एक वडा बराबर ५००० जनसंख्याको अनुपातमा एक सहकारी संस्थाको व्यवस्था गरिएको छ । तर सहकारी संस्थाहरुको संख्या यो अनुपात भन्दा बढी रहेकोले अनुगमन तथा नियमन गर्ने कार्यका लागि संघिय स्तरमा सहकारी विभाग, प्रदेश स्तरमा मन्त्रालय र स्थानीय निकायमा सहकारी शाखा/महाशाखामा कार्यरत जनशक्ति अपुग रहेको अवस्था छ । हालसालै केही संघ अन्तर्गतका सहकारी संस्थाहरुमा भएको अपचलनबारे गरिएको अध्ययनले सहकारी संस्थाहरुलाई निरन्तर अनुगमनको कमी पनि सहकारीमा हुने मनोमानीको एक कारण रहेको भन्ने निर्क्यौल भएबाट पनि जनशक्तिको अभावलाई पुष्टि गर्दछ ।

निरन्तर अनुगमनको यसै अभावलाई मनन गर्दै पोखरा महानगरपालिकाले सहकारी संस्थाहरुको अनुगमनकार्यलाई निरन्तर रुपले अघि बढाएको छ। नियमन, प्रबर्द्धन र प्रशिक्षण सहकारीका तीन आयाम हुन् । पोखरा महानगरपालिकाले यी तीन आयाम मध्येको एक आयाम, नियमनलाई निरन्तर अगाडि बढाएको छ। पोखरा महानगरपालिकाले यस आर्थिक वर्षमा १०० ओटा सहकारी संस्थाहरुको अनुगमन तथा नियमन गरको छ। अनुगमन तथा नियमन अन्तर्गत पोखरा महानगरपालिकाले कार्य सञ्चालनमा समस्या देखिएका केही सहकारी संस्थाहरुलाई दिशानिर्देश गर्ने, सूचीकरण नभएको सहकारी संस्थाहरुलाई पोखरा महानगरपालिका अन्तर्गत व्यवसाय दर्ता गराई नियमन गर्ने तथा केही सहकारी संस्थाहरुलाई नियमबमोजिम दण्ड जरिवाना समेत गरेको अवस्था छ ।

त्यस्तै प्रशिक्षणका कार्यक्रम मार्फत पोखरा महानगरपालिकाले सहकारी संस्थाहरुको क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । कोभिडको विश्वव्यापी महामारीका कारण प्रशिक्षण कार्यक्रममा केही असहजता भएतापनि कुनै पनि सहकारी संस्थाको प्रतिनिधित्व नछुटोस भन्ने ध्येय सहित एक सहकारी एक सहभागिता भन्ने अभियान अन्तर्गत यस आ.व.मा सरदर १२५ ओटा सहकारी संस्थाहरुले क्षमता विकास कार्यक्रममा आबद्ध भई लाभ लिएका छन् । प्रशिक्षण तथा क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरुलाई पोखरा महानगरपालिकाले आउँदा वर्षहरुमा पनि निरन्तरता दिएको छ ।

पोखरा महानगरपालिकाले सहकारी शाखा अन्तर्गत सहकारी संस्थाहरुको दर्ता प्रकृया, दुई वा दुई भन्दा बढी सहकारी संस्थाहरुको एकिकरण, विभाजन, कार्यक्षेत्र विस्तार, पूँजी वृद्धी, विनयम स्वीकृती तथा संशोधन लगायत नियमन तथा सहकारी संस्थाको विघटनसम्मका सेवा प्रवाह गर्दै आइरहेको छ ।

पोखरा महानगरपालिकाले मिति २०७८।०३।०४ मा पोखरा महानगरपालिका सहकारी ऐन २०७५ तथा नियमावली २०७६ अन्तर्गत पोखरा महानगरपालिका सहकारी संघ लिमिटेड दर्ता गरेको छ ।

***अनिल कार्की*** (सहकारी दर्ता अधिकारी)




# स्तरोन्नति हुँदै शिशुवा अस्पताल

तीसको दशक अघि कास्कीको विजयपुर खोला पारीका बासिन्दा सामान्य स्वास्थ्य उपचारका लागि पनि पोखरा नै धाउनु पर्थ्यो । अहिलेको जस्तो उच्च प्रविधि र गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार र पहुच नहुँदा स्थानीयस्तरमा बिरामीको जीवन बचाउन मुश्किल हुन्थ्यो । जब तीसको दशकमा कास्कीको शिशुवामा जिल्लाकै पहिलो हेल्थपोस्टको स्थापना भयो, त्यसपछि भने साविक शिशुवा, लेखनाथ, बेगनास, कालिकासहित पूर्वी भेग थुम्कीदेखि मादीपारी सम्मका बासिन्दाले स्वास्थ्य सेवा लिन पाए ।

२०३० सालमा स्थानीय एक घरभाडामा लिएर प्रारम्भिक सेवा सुरु भएपनि यसले मूर्तरुप भने २०३४ साल पछि पाएको हो । झण्डै चार वर्ष भाडामा बसेपछि चारकोठे टिनको आफ्नै भवनबाट सेवा शुरु गरेको हेल्थपोस्टले अहिले भने प्रसस्त जग्गा सहितको सुविधा सम्पन्न भवन समेत पाएको छ ।

महानगरको स्वामित्वमा आउनुभन्दा अघि ओपिडीसहित विभिन्न सेवा दिँदै आएको हेल्थपोस्ट २०५५ सालमा शिशुवा प्राथमिक स्वास्थ्य केन्द्रका रुपमा स्तरोन्नति भएको हो । २०५५ साल देखि झण्डै डेढदशकसम्म स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको अध्यक्ष रहेका तत्कालिन लेखनाथ नगरपालिका वडा नं ८ का वडाध्यक्ष समेत रहेका हर्कबहादुर श्रेष्ठले शुरुवाती दिन कठिनपूर्वक पार गर्दै, अस्पताल अहिलेको स्वरुपमा आइपुगेको बताउनुभयो । अहिलेको जस्तो यातायातको र स्वास्थ्य सेवाको सुविधा नभएको त्यो समयमा हेल्थपोस्टले धेरैको ज्यान बचाएको श्रेष्ठ स्मरण गर्नहुन्छ ।

उसो त हेल्थपोस्ट स्थापनाको प्रसंग पनि रोचक नै छ । मुलुकमा तत्कालीन अवस्थामा चौथों पञ्चवर्षीय योजना चलिरहँदा त्यसले लिएका लक्ष्य अन्तर्गत जनतामा आधारभूत स्वास्थ्य पहुँच पुऱ्याउन देशभर दुई सय हेल्थपोस्ट स्थापना गर्ने योजना रहेको थियो । पञ्च वर्षीइ योजनाको आधा समय घर्किदा पनि कास्कीमा हेल्थपोस्ट स्थापना गर्ने कार्य अगाडि नबढ्दा शिशुवा, भण्डारढिक, सैनिकबस्ती हितका सयौं युवाहरु तत्कालीन जिल्ला पञ्चायत घेर्न पुगेका थिए । उनीहरुको माग सम्बोधन हुने भएपनि स्थान तोक्न भने तत्कालीन जिल्ला सभापतिलाई समस्या नै परेको थियो र पछि पायक पर्ने गरी शिशुवामा हेल्थपोस्ट स्थापना गर्ने निणर्य भयो ।

स्थानीयले केही जग्गादान र केही खरिद गरेर स्थापना गरेको हेल्थपोस्ट अहिले भने आफ्नै पक्की भवनसहित अस्पतालमा रुपमान्तरण भएको छ । शिशुवाबाट सेवा विस्तार भएर अहिले साविक लेखनाथ नगरपालिकाको पक्की भवन सहित झण्डै ३६ रोपनी जग्गामा अस्पतालले कोभिड १९ बाट संक्रमित भएकाहरुका लागि हाइफ्लो अक्सिजन सहित ५५ शैय्याको उपचार केन्द्र शुरु गरेको छ । २०७३ सालमा शिशुवा अस्पतालका रुपमा विकास भएपछि ओपिडि, फार्मेसी, ल्याब परीक्षण, एक्सरे, इसिजी, प्रसूति सेवा, स्वास्थ्य बिमा सहित एम्बुलेन्स सेवा सञ्चालन हुँदा यसक्षेत्रका नागरिकले सहज महसुस गरेका छन् ।

हेल्थपोष्ट देखि प्राथमिक स्वास्थ्य केन्द्र हुँदा तत्कालीन समयमा क्षयरोगका बिरामीका लागि भरपर्दो सेवा दिनेमा अग्रणी संस्थाको रुपमा पहिचान बनाएको थियो ।

१५ शैय्याको शिशुवा अस्पतालमा गत वर्ष देखि प्रसूसतका लागि शल्यक्रिया सेवा समेत संचालनमा आएको छ । शल्यक्रियाबाट आठ वटा बच्चाको जन्म भएको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट प्रतिभा कोइरालाले जानकारी दिनुभयो । अस्पतालमा अहिले स्त्री तथा प्रसुतीरोग विशेषज्ञ सहित ४६ जना कार्यरत रहेका छन् । फार्मेसी र प्रयोगशाला समेत भएकाले स्वास्थ्य बिमा गरेका र ज्येष्ठ नागरिक दैनिक सेवा लिन अस्पतालसम्म पुग्ने गरेका छन् ।

*नवराज सापकोटा/पोखरा दर्पण*

# पोखरा महानगरपालिकाबाट कोरोना (कोभिड १९) महामारीको रोकथाम र नियन्त्रणमा भएका प्रयासहरू

» कोरोना भाइरसले विश्व नै आक्रान्त बनेको छ । नेपालमा दोस्रो लहरको कोरोना भाइरसले जनजीवन निकै प्रभावित छ । कोरोनाको चेनलाई ब्रेक गर्न देशका अधिकाशं जिल्लामा लकडाउन भएको अवस्था छ । भाइरसको कारणले ज्यान गुमाउने नेपाली नागरिकसहित सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमित भई उपचाररत नगरवासी, सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनी लगायत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

» कोरोना भाइरसबाट पोखरा महानगरलाई सुरक्षित राख्न महानगरले बलबुताले भ्याएसम्म प्रयास गरिरहेको छ । महानगरवासीले पनि नगरलाई सुरक्षित राख्न आफ्नो तर्फबाट भूमिका निर्वाह गर्न आव्हान गर्दछु । साथै कोरोना रोकथाम, उपचार र नियन्त्रणमा महानगरलाई साथ दिनुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दछु । अग्रपंक्तीमा रहेर स्वास्थ्य सेवा प्रवाह गर्ने सम्पूर्ण स्वास्थ्यकर्मीप्रति सम्मान व्यक्त गर्दछु ।

» कोरोना संक्रमण फैलिएपछि नेपाल सरकारले मिति २०७६।१२।११ गते नेपाल सरकारले लकडाउन घोषणा गरे पछि पोखरा महानगरपालिकाले तत्काल कोभिड १९ नियन्त्रण तथा रोकथाम मुल समिति उपप्रमुख श्री मञ्जुदेवी गुरुङ ज्यूको अध्यक्षतामा गठन भई सो समितिको निर्णय बमोजिम कार्य भइरहेका छ । पहिलो चरणमा कोरोनाको रोकथाम, नियन्त्रण र उपचारमा महानगरले गरेका कामहरु बुँदागत रुपमा राख्न चाहान्छु ।

**प्रथम चरणमा गरिएका प्रमुख कोरोना संक्रमण प्रतिकार्यहरु**

» कोरोना कोभिड १९ को बारेमा जनचेतनाको लागि माइकिङ गर्ने, पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने, रेडियो एफएममा जनचेतनामूलक सामग्री प्रशारण गरेको ।

» लकडाउनको कारण रोजगार गुमाएका दैनिक मजदुरी गर्ने मानिस लगायत करिब ३२ हजार घर परिवारलाई राहत वितरण गरेको

» राहत वितरण गर्नका लागि महानगरले २ करोडको राहत कोष स्थापना गरेको

» सुत्केरी महिलाहरुलाई पोषण सामग्री वितरण गरेको ।

» मृगौंलाका रोगी, गर्भवती महिला, र कोरोना संकास्पद मानिसहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको । ती सवारी साधनलाई पूर्णतया क्बलष्तष्कभ गरी सञ्चालन गरिएको ।

» कास्की जिल्ला तथा पोखरा महानगरपालिका प्रवेश विन्दुमा ँभखभच ऋज्ष्लिष्अ संचालन गरिएको ।

» सम्भावित जोखिमको अनुमान गरी बाहिरबाट आउने मानिसहरुलाई विभिन्न वडामा रहेका १२ वटा क्वारेन्टाइनमा राख्ने व्यवस्था गरिएको र यसरी क्वारेन्टाइनमा बसेका मानिसहरुलाई पिसिआर परीक्षण पश्चात मात्र घर तथा समाजमा जान दिइएको ।

» लकडाउनको समयमा संचालित विकास निर्माणका कार्यहरु स्वास्थ्य प्रोटोकल अनुसार अवलम्बन गरी गरिएको ।

» संक्रमितहरुको लागि छुट्टै आइसोलेसन केन्द्र स्थापना गरी सेवा प्रदान गरेको ।

**दोश्रो चरणमा गरिएका प्रयासहरु**

» कोरोना विरुद्ध एकीकृत अभियान आवश्यक भएकाले यसको लागि स्थानीय प्रशासन, सुरक्षा निकाय, सरकारी अस्पताल, निजी अस्पताल सञ्चालकहरु, राजनीतिक दलहरु, स्वास्थ्य विज्ञहरु सबैको परामर्शमा कोभिड संक्रमितहरुको उपचार

प्रभावकारी, सुलभ र सुपथ बनाउन विभिन्न प्रयास गरिएको

- नियमित रुपमा पिसिआर परीक्षण कार्य गरिएको, परीक्षणबाट संक्रमित देखिएका बिरामीहरुलाई स्वास्थ्य परामर्श सेवा सञ्चालन गरिएको ।
- सक्रमितको उपचारमा खटिने जनशक्ति अभाव भएको भनी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र संक्रामक तथा सरुवा रोग अस्पताललाई थप जनशक्ति उपलब्ध गराएको ।
- पश्चिमान्चल क्षेत्रीय अस्पतालामा कोरोना उपचार वार्डमा अक्सिजन लाइनको व्यवस्था गर्न आर्थिक सहयोग उपलब्ध गराएको ।
- वडा नं. १६ मा रहेका मातृशिशु मितेरी कोमागाने अस्पतालमा कोरोना संक्रमितको उपचार गर्न आवश्यक व्यवस्था मिलाइएको ।
- नेपाल सरकारबाट प्राप्त खोप वडाहरुमा नै लगाउने व्यवस्था मिलाइएको ।
- कोरोना संक्रमितको उपचार गर्न महानगरपालिकाले वडा नं. २७ मा १०० बेडको कोरोना कोरोना उपचार अस्पताल सञ्चालन गरिएको छ ।
- कोभिड संक्रमणको कारण मृत्यु भएका मानिसको शव छुट्टै स्थानमा महानगरपालिकाको साधन, स्रोत, जनशक्ति र नेपाली सेनाको सहयोगमा व्यवस्थापन गरिँदै आएको ।
- लकडाउनको समयमा संचालित विकास निर्माणका कार्यहरु स्वास्थ्य प्रोटोकल अनुसार अगाडि बढाइएको छ ।
- कोरोना संक्रमितहरुलाई उपचार गर्न अस्पतालमा भर्ना लिन बेड/अक्सिजन/क्षऋग्ख्भलतर्षबितभच भए नभएको विषयमा सर्वसाधारणलाई जानकारी गराउन दिन महानगरपालिकाबाट मोबाइल सूचना प्रणाली संचालन गरिएको ।
- पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा ६ करोड १७ लाख ६८ हजार २ सय र चालु आर्थिक वर्षमा २ करोड २६ लाख ८ सय खर्च गरी अहिले सम्म ८ करोड ४४ लाख ५२ हजार खर्च गरेको छ ।

**चुनौतीहरु**

- मानिसहरु बिना काम घरबाहिर निस्कने हिँडडुल गर्ने प्रवृत्तिले कोरोना फैलन मद्दत पुर्‍याएको छ ।
- पिसिआर परिक्षणको लागि स्वाब दिइसकेपछि नतिजा आउन भन्दा अगाडी हिँडडुल गर्ने, साथीभाइ, आफन्त कहाँ जाने प्रवृत्तिले कोरोना रोकथामा असर गरेको
- चाडपर्व, विवाह, व्रतबन्ध, पास्नी, भ्रमण जस्ता सामाजिक कार्यमा मानिसको भेला हुने  कार्य नरोकिनाले कोरोनाको संक्रमण बढेको ।
- लकडाउनको समयमा सहरका मुख्य सडक बाहिरको भित्री स्थानमा मानिसहरु जम्मा हुने, मास्क नलगाउने, कोरोना संक्रमणलाई सामान्य ठान्ने र रोगी र वृद्धलाई मात्र जोखिम भन्ने सोचाइ आम मानिसमा रहेको ।
- पोखरा गण्डकी प्रदेशको केन्द्र भएको यस प्रदेशका सबै जिल्लाका कोरोना संक्रमितको उपचार गर्न पोखराका अस्पतालमा आउने र उपचारको क्रममा मृत्यु हुने संख्या ठूलो भएकोले यसरी मृत्यु हुनेको शव व्यवस्थापन गर्न आवश्यक स्थानको अभाव भएको,

**समन्वय र सकरात्मक प्रयासहरु**

- सरकारी निकाय, अन्य संस्थाहरु र साझेदार निकाय बीचकोरोना रोकथाम तथा नियन्त्रमा अत्यन्त सौहार्द र समन्वय रहेको
- सरकारी निकाय जिल्ला प्रशासन कार्यालय, नेपाली सेना नेपाल, प्रहरी र शशस्त्र प्रहरी सँगको समन्वय र सहकार्यमा कोभिड सम्बन्धी जनचेतना जगाउने कार्य, लकडाउनलाई प्रभावकारी बनाउने, संक्रमितहरुलाई एम्बुलेन्स सेवा मार्फत अस्पताल पुर्‍याउने, अस्पतालमा आवश्यक सुरक्षा व्यवस्था संक्रमित रोगीहरुको शव व्यवस्थापन लगायतका कार्यमा समन्वयात्मक तवरले काम भइरहेको ।
- सरकारी अस्पताल, निजी अस्पतालहरु सँग संक्रमितहरुको तथ्यांक, संक्रमणको दर, उपचारको अवस्था, औषधीको उपलब्धता लगायतका विषयमा समय समयमा छलफल भई साझा दायित्व बोध गरी संक्रमण रोकथामको प्रयास भइरहेको ।
- परोपकारी संस्थाहरु, नेपाल रेडक्रस, विभिन्न क्लबहरु, स्वास्थ्य सम्बद्व संस्थाहरु बीच सूचना आदान प्रदान, एम्बुलेन्स सञ्चालन, स्वास्थ्य सामग्रीहरुको सरसहयोग कार्य जारी रहेको ।